
असार - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ५ | २०७५, असार १-१५ | पूर्णाङ्क ६२३



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | २ |
| संयुक्त इजलास | ८ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | २४ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | २८ |
| इजलास नं. ६ | १५ |
| इजलास नं. ७ | २ |
| जम्मा | ९७ |

| | |
|---|---|
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | १४ |
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| जम्मा | २३ |

**कूल जम्मा ९७ + २३ = १२०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, असार – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - ४** |
| **१.** | अख्तियार दुरूपयोग गरी भ्रष्टाचार | प्रल्हाद राय गुप्तासमेत वि. नेपाल सरकार | |
| **२.** | विदेशी विनियमको प्रयोग सर्तअनुसार नगरेको | भिमेन्द्रकुमार गोयलसमेत वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **४ - ९** |
| **३.** | उत्प्रेषण / परमादेश | इरिका श्रेष्ठ (राजभण्डारी) वि. नारायणी नेसनल फाइनान्स लिमिटेड, के.का. काठमाडौंसमेत | |
| **४.** | जिउ मास्ने बेच्ने | नेपाल सरकार वि. निरा घिमिरेसमेत | |
| **५.** | अपहरण उद्योग | नेपाल सरकार वि. सुशिल मण्डलसमेत | |
| **६.** | उत्प्रेषण / परमादेश | रतनकुमार श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | |
| **७.** | उत्प्रेषण / परमादेश | दीपककुमार श्रेष्ठ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालसमेत | |
| **८.** | मोही लगत कट्टा | राजेन्द्र सहनी गोठी वि. रामप्रवेश ठाकुर लोहार | |
| **९.** | उत्प्रेषण / परमादेश | जया सत्याल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत | |
| **इजलास नं. १** | | | **९ - १४** |
| **१०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. दाङ्मिा शेर्पा | |
| **११.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. मानबहादुर राई | |
| **१२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. अमृतबहादुर कार्की | |
| **१३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. मुनबहादुर रावत | |
| **१४.** | कर्तव्य ज्यान / अङ्गभङ्ग | मानबहादुर चौधरीसमेत वि. नेपाल सरकार | |
| **१५.** | उत्प्रेषण / परमादेश | कन्हैयालाल अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी | |
| **१६.** | निषेधाज्ञा | राजेशकुमार गुप्ता वि. कमलप्रसाद कुर्मीसमेत | |
| **१७.** | निषेधाज्ञा / परमादेश | शिवप्रसाद मल्लाह वि. हरिशचन्द्र मुराउसमेत | |
| **इजलास नं. २** | | | **१४ - १८** |
| **१८.** | उत्प्रेषण | प्रेमबहादुर खड्गी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| **१९.** | उत्प्रेषण / परमादेश | वेदमणी पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| **२०.** | उत्प्रेषण / परमादेश | मुरारी विक्रम शाह वि. काठमाडौं महानगरपालिका, बागदरबारसमेत | |
| **२१.** | छुट जग्गा दर्ता | सुरेन्द्रबहादुर बस्नेत वि. मालपोत कार्यालय, बेलवारी मोरङ | |
| **२२.** | उत्प्रेषण / परमादेश | राजु शमशेर ज.ब.रा. समेत वि. पुनरावेदन अदालत पाटनसमेत | |
| **२३.** | परमादेश | ललित जंग शाही वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| **२४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. नवराज कुँवरसमेत | |
| **इजलास नं. ३** | | | **१८ - २९** |
| **२५.** | लागु औषध | दिपेन्द्र कार्की वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २६. | अंशचलन | पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे |
| २७. | निर्वाचन बदर गरिपाऊँ | बालकृष्ण श्रेष्ठ वि. नेपाल एस.वि.आइ. बैंक लि. के.का. हात्तीसारसमेत |
| २८. | अवधै वन पैदावर चोरी कटानी गरेको | नेपाल सरकार वि. कर्णबहादुर जि.सी.समेत |
| २९. | अपुताली हक कायम दर्ता चलन | नन्दलालप्रसाद यादव वि. ओमप्रकाश राय यादवसमेत |
| ३०. | लिखत बदर | सिरसुभा गुरूङस्यानीसमेत वि. विष्णुमाया श्रेष्ठ |
| ३१. | बैंकिङ कसुर | नेपाल सरकार वि. भोलानाथ साह |
| ३२. | उत्प्रेषण | मिनाकुमारी मर्सानीसमेत वि. इन्दिरादेवी मर्सानी श्रेष्ठसमेत |
| ३३. | हालैको लिखत बदरसमेत | मिनाकुमारी मर्सानीसमेत वि. इन्दिरादेवी मर्सानी श्रेष्ठसमेत |
| ३४. | घर उठाई खिचोला मेटाई चलन चलाई पाउँ | छुतहर्निया देवी मलाह वि. सुनितादेवी मुखियासमेत |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रविन मुस्याख्वसमेत |
| ३६. | बन्दी प्रत्यक्षीकरण | टंकबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, चौतारासमेत |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रमोद साह कलवार |
| ३८. | परमादेश / निषेधाज्ञा | गोरीमाया तामाङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३९. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. पुष्पबहादुर ओलीसमेत |
| ४०. | खुन डाँका | नेपाल सरकार वि. राजाराम कामतसमेत |
| ४१. | वैदेशिक रोजगार सम्बन्धी कसुर | ज्ञानेन्द्र सुनारसमेत वि. नेपाल सरकार |
| ४२. | बन्दी प्रत्यक्षीकरण | पुकार शर्मा वि. जिल्ला अदालत, काठमाडौंसमेत |
| **इजलास नं. ४** | | **२९** |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयलक्ष्मी राई |
| **इजलास नं. ५** | | **२९ - ४६** |
| ४४. | डाँका | नेपाल सरकार वि. शम्भु मुडभरीसमेत |
| ४५. | अंश दर्ता चलन | दुर्गाकुमारी पोखरेल वि. चण्डीका कुमारी बस्नेत (पोखरेल) समेत |
| ४६. | दोहोरो करार बदर गरी पहिलो करारबमोजिम गरिपाऊँ | उद्धवबहादुर सुवेदीसमेत वि. अम्बरबहादुर श्रेष्ठ |
| ४७. | कुलो कायम | हेमबहादुर थापा वि. विष्णुकुमारी गुरूङ |
| ४८. | अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान | मेरिना शाक्यसमेत वि. नेपाल सरकार |
| ४९. | परमादेश | देवचन्द्र यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ५०. | अंशचलन | मिठू खत्री वि. रामबहादुर खत्रीसमेत |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनोज तामाङ |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्ष्मी परियार |

| | | |
|---|---|---|
| **५३.** | उत्प्रेषण / परमादेश | सावित्री गिरी वि. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जनकपुरधामसमेत |
| **५४.** | उत्प्रेषण / परमादेश | दिप्ती गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदारबारसमेत |
| **५५.** | उत्प्रेषण | धर्मप्रसाद दाहाल वि. कान्छाराम पोखरेलसमेत |
| **५६.** | उत्प्रेषण / परमादेश | बसन्तबहादुर श्रेष्ठ वि. मञ्जु मिश्रसमेत |
| **५७.** | उत्प्रेषण / परमादेश | नसिम अख्तरसमेत वि. सतिशचन्द्रलाल कायस्थसमेत |
| **५८.** | कर्तव्य ज्यान | अणप्रसाद पौडेल वि. नेपाल सरकार |
| **५९.** | उत्प्रेषण / परमादेश | उदिमबहादुर राई वि. श्यामु राईसमेत |
| **६०.** | निषेधाज्ञा | दिपबहादुर भण्डारी क्षेत्री वि. बिमल कुँवरसमेत |
| **६१.** | जग्गा खिचोला चलन रोक्का जग्गा फुकुवा गरिपाऊँ | गोपालसिंह नेपाली वि. गंगाप्रसाद मुक्तानसमेत |
| **६२.** | अदालतको अवहेलना | टोपबहादुर कार्की वि. काठमाडौं महानगरपालिका वडा नं.१३ ताहचलसमेत |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. उत्तरसिं राई |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. छिरिङ्गप्रसाद राई |
| **६५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुश्मी खातुन |
| **६६.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामलाल ब्लोन |
| **६७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. हबिना खातुनसमेत |
| **इजलास नं. ६** | | **४६ - ५२** |
| **६८.** | बहुविवाह | नेपाल सरकार वि. शारद खड्का |
| **६९.** | उत्प्रेषण | हरिबहादुर डाँगी वि. रविकुमारी गुरूङसमेत |
| **७०.** | आयकर | सुरेश प्रधान वि. द नेपाल डिष्टिलरी प्रा.लि. |
| **७१.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. जीवनकुमार लिम्बुसमेत |
| **७२.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिपक चन्द |
| **७३.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सन्तोष खत्री |
| **७४.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. गंगा राना |
| **७५.** | वैदेशिक रोजगार | नेपाल सरकार वि. शिवम भिरामुथुसमेत |
| **७६.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. अजयकुमार यादवसमेत |
| **७७.** | परमादेश | धनराज भर वि. श्रवणकुमार लोनियासमेत |
| **७८.** | निषेधाज्ञा | आनन्दबहादुर श्रेष्ठ वि. कैलाश बद्रीनाथ प्रभृती सदवर्त निजी गुठीसमेत |
| **७९.** | उत्प्रेषण / परमादेश | रविकुमार केशरी वि. गौर नगरपालिकाको कार्यालय, गौरसमेत |
| **८०.** | परमादेश | रामनारायण सुतिहार शर्मा समेत वि. महेशकुमार दास |
| **८१.** | उत्प्रेषण / परमादेश | विदुर कार्की वि. उद्योग विभाग, त्रिपुरेश्वरसमेत |
| **इजलास नं. ७** | | **५२ - ५३** |
| **८२.** | उत्प्रेषण / परमादेश | डा.शोभाराज सुवेदी वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |

| | | |
|---|---|---|
| इजलास नं. ८ | | ५३ - ५४ |
| ८३. | जबरजस्ती करणी | नेपाल सरकार वि. बलबहादुर सुनारसमेत |
| ८४. | आगो लगाई ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. लालबहादुर वि.क.समेत |
| इजलास नं. ९ | | ५४ - ६४ |
| ८५. | छुट जग्गा | मराछिदेवी गोसाई वि. कलमा खातुन |
| ८६. | अंशसहित सम्बन्ध विच्छेद | आशा थापा वि. बसन्तबहादुर थापा |
| ८७. | सवारी ज्यान | नेपाल सरकार वि. विश्वास भन्ने धनबहादुर थापा |
| ८८. | लागु औषध खैरो हेरोइन | सागर राई वि. नेपाल सरकार |
| ८९. | अपुताली हक कायम दर्ता | गजेन्द्र चौधरीसमेत वि. ललनीय थरूनी |
| ९०. | निषेधाज्ञा / परमादेश | सुरेन्द्रमान विजुच्छे वि. भक्तपुर जिल्ला अदालतसमेत |
| ९१. | छुट जग्गा दर्ता नामसारी | उषा विष्ट (राणा) वि. शङ्कर भट्टराईसमेत |
| ९२. | मानव बेचबिखन तथा ओसारपसार | शाहजहाँ मुसलमान वि. नेपाल सरकार |
| ९३. | उत्प्रेषण / परमादेश | बलबहादुर बिष्ट वि. भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत |
| ९४. | उत्प्रेषण / परमादेश | जनक बस्नेत वि. हरिकुमार श्रेष्ठसमेत |
| ९५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दण्डमान श्रेष्ठसमेत |
| ९६. | उत्प्रेषण | जनकसिं खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ९७. | किर्ते जालसाजी | भगवती कायस्थ श्रीवास्तव वि. बुद्धु मल्लाहसमेत |
| इजलास नं. १० | | ६४ - ६६ |
| ९८. | हातहतियार खरखजाना | नेपाल सरकार वि. मोहमद इनुस अलिसमेत |
| ९९. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. अकबर मियासमेत |
| १००. | हक कायम | कृष्ण गोविन्द जोन्छे वि. प्रज्वल जोन्छे |
| इजलास नं. ११ | | ६६ - ६७ |
| १०१. | घर बहाल दिलाई घर खाली गरिपाऊँ | पारोदेवी दनुवार वि. सत्यदेव झा |
| १०२. | आयकर | प्रमुख कर प्रशासक शिशिरकुमार ढुङ्गाना वि. नेपाल लाइफ एन्स्योरेन्स क.लि. |
| इजलास नं. १२ | | ६७ - ६८ |
| १०३. | उत्प्रेषण / परमादेश | असलम अलि वि. भूमिसुधार कार्यालय, पर्सा वीरगञ्जसमेत |
| १०४. | उत्प्रेषण / परमादेश | डा.खगेन्द्रराज देवकोटा वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |

## पूर्ण इजलास

१

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००१४, ०७१-CF-००१५ र ०७१-CF-००१६, अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार गरेको, प्रल्हाद राय गुप्ता वि. नेपाल सरकार, रामभक्त देवकोटा वि. नेपाल सरकार, बालकृष्ण अधिकारी वि. नेपाल सरकार

जुन कागजातलाई जालसाज ठहर गरिपाउँ भनी पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताले जालसाजी मुद्दा दायर गरेका थिए सो कागजातको आधारमा पुनरावेदक प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने भनी फैसला भई उक्त जालसाजी मुद्दामा उठाइएको प्रश्नको निरूपण भइसकेको देखिँदा जालसाजी मुद्दा खारेज भएको र सोउपर पुनरावेदकले पुनरावेदन नगरेको भन्ने मात्र आधारमा सो कागजातलाई पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताका विरूद्धमा प्रमाणमा लाग्ने कागजात रहेको भनी अर्थ गर्न मिल्ने नदेखिने।

एल.सी.सँग सम्बन्धित कुनै पनि कागजातहरू इजलाससमक्ष पेस हुन नसकेको अवस्थामा सोही जरियाबाट उठेको प्रस्तुत भ्रष्टाचार मुद्दामा पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताले स्काइ ट्रेड कम्पनीको तर्फबाट खोलिएको विवादित एल.सी.नं. ३०/२२६२ मा रोयल अप्टिकलको चल्ती खाता नं. १२६४० उल्लेख गरी ग्यारेण्टी बसी उक्त एल.सी.मा बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता हुन बाँकी रहेको भनी रा.वा. बैंकबाट लेखी आएको भन्ने मात्र आधारमा पुनरावेदक प्रतिवादीलाई दोषी ठहर गर्न मिल्ने नदेखिने।

एल.सी.कारोबार गरी विदेशी विनिमय अपचलन गरेको भनी परेको मुद्दामा सफाइ पाएका व्यक्तिलाई सोही जरियाबाट उठेको भ्रष्टाचार मुद्दामा कसुरदार ठहर प्रमाणित गर्ने ठोस प्रमाणको आवश्यकता पर्दछ । तर पुनरावेदक प्रतिवादीले ग्यारेन्टर बसेको भनिएको एल.सी. सम्बन्धी कुनै कागजात वादी पक्षबाट पेस हुन नसकेको एवम् स्काई ट्रेड कन्सर्नका नाममा खोलिएका विवादित एल.सी.नं.३०/२२६१ र ३०/२२६२ अनुसारका सामानहरू आयात गर्ने, सो सामानहरू हराएको भनी इन्सोरेन्सको दाबी गर्नेलगायतका सम्पूर्ण कारोबारमा एक झलक ट्रेड कम्पनीको तर्फबाट मुख्य भई कारोबार गर्ने भिमेन्द्रकुमार गोयलको मात्र संलग्नता देखिन आयो । तसर्थ पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९(२) बमोजिम रू.५०००।- जरिवाना हुने भनी भएको विशेष अदालतको मिति २०६४।३।१२ को फैसला मिलेको नदेखिँदा पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताको हकमा उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताले सफाइ पाउने।

प्रतितपत्र कारोबार सम्बन्धमा नेपाल राष्ट्र बैंकसमेतबाट भएका परिपत्र एवम् निर्देशनअनुरूप कार्य गर्नु पुनरावेदक प्रतिवादीको दायित्वभित्र पर्ने विषय हो । प्रतितपत्र कागजी कारोबारमा आधारित रहेको र सोको आधारमा विदेशी मुद्रा भुक्तानी दिनु पर्ने हुँदा प्रतितपत्र खोल्दा प्रतितपत्र खोल्ने फर्मको व्यापारिक हैसियत, ख्याति र विश्वसनीयतामा ध्यान दिनु पर्ने कानूनी व्यवस्था नभएको भनी सो सम्बन्धमा बेवास्ता गर्न नमिल्ने।

विवादित एल.सी.नं. ३०/२२६१ र ३०/२२६२ बमोजिमको आयात गरिएको सामान कलकत्तादेखि नेपाल भन्सारसम्म ल्याउँदा हराएको भनी आयातकर्ताले बैंकलाई जानकारी गराई स्काई ट्रेड कन्सर्नका प्रो. भिमेन्द्रकुमार गोयलले इन्सोरेन्ससमेत दाबी गरेको भन्ने सहप्रतिवादी भिमेन्द्रकुमार गोयलको विशेष अदालतसमक्षको बयानसमेतबाट खुल्न आएको अवस्थामा वि. वि.नि. फा.नं. ४ जारी नै नगरी पार्टीलाई भुक्तानी दिएको भन्ने देखिन्छ। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादी रामभक्त देवकोटाले एल.सी. कारोबार गर्दा नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकले जारी गरेका नीति, निर्देशन एवम् ऐन कानूनको अधीनमा रही बैंकको हित चिताई काम गरेका रहेछन् भन्न मिल्ने नदेखिँदा विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतितपत्र कागजी कारोबारमा आधारित रहेको र सोको आधारमा विदेशी मुद्रा भुक्तानी दिनुपर्ने हुँदा प्रतितपत्र खोल्दा प्रतितपत्र खोल्ने फर्मको व्यापारिक हैसियत, ख्याति र विश्वसनीयतामा ध्यान दिनु पर्ने दायित्व पुनरावेदक प्रतिवादी बालकृष्ण अधिकारीले निर्वाह गर्नु पर्ने

नै हुन्छ। तर विवादित एल.सी. खोल्दा स्काई ट्रेड कम्पनीको आयकर प्रमाणपत्र २०५१।३।२२ मा लिएको भन्ने देखिए पनि उक्त कम्पनी मिति २०५१।५।२० मा मात्र कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई प्रमाणपत्र लिएको भन्ने देखिँदा कम्पनी दर्ता गर्ने कार्य नेपाल सरकारको भएको भनी दर्ता नै नभएको कम्पनीलाई प्रतितपत्रको कारोबार गर्न अनुमति दिनका लागि एल.सी. खोलेको कार्यलाई वैध कार्य मान्न नमिल्ने।

पुनरावेदक प्रतिवादी बालकृष्ण अधिकारीले कानूनबमोजिमको दायित्व पूरा गरी एल.सी.खोल्दा त्यस्तो कम्पनी वा फर्मको विश्वसनीयता, ख्याति र हैसियतको बारेमा विशेष ध्यान दिई सतर्कता अपनाएको भन्नेसमेत देखिएन । आफू कार्यरत रहेको अवस्थामा आफ्ना मातहतका कर्मचारीले गरेको कार्यको अन्तिम जिम्मेवारी कार्यालय प्रमुखमा नै रहेको हुन्छ। पुनरावेदक प्रतिवादी बालकृष्ण अधिकारी विवादित एल.सी. नं. ३०/२२६२ को कारोबारको समयमा रा.वा.बैंक विशालबजार शाखाका प्रबन्धक रहेको भन्ने देखिँदा सो एल.सी.नं. ३०/२२६२ का कुनै पनि कागजमा आफ्नो दस्तखत नरहेको भनी आफ्नो जिम्मेवारी पन्छाउने कार्य गर्न मिल्ने नदेखिने।

एल. सी. अनुसारका सामानहरू भारतबाट नेपालमा आयात हुँदा बाटोबाटै हराई नेपालमा आयात हुन नसकेको भनी कारोबार गर्ने फर्मले बैंकलाई जानकारीसमेत गराई इन्सोरेन्सको लागि दाबीसमेत लिएको भनी स्काई ट्रेड कन्सर्नका प्रो.भिमेन्द्रकुमार गोयलले अधिकारप्राप्त अधिकारी एवम् विशेष अदालतको बयानमा खुलाएका र पुनरावेदक प्रतिवादी बालकृष्ण अधिकारीले विवादित एल.सी. नं. ३०/२२६१ र ३०/२२६२अनुसारका सामान नेपालमा आयात भएको भन्न नसकेको एवम् वि. वि.नि. फा.नं. ४ जारी नै नभएको अवस्थामा सामान आयात गरी भन्सार कार्यालयबाट वि. वि.नि.फा.नं. ४ बैंकमा प्राप्त हुन आएपछि सो वि. वि.नि.फा.नं.मा भएको छाप र दस्तखत भन्सार अधिकृतको हो होइन भनी यकिन गरेपछि मात्र सोअनुसारको रकम फिर्ता दिनु पर्ने भनी राष्ट्र बैंकले २०४९ सालदेखि पटकपटक परिपत्र गरेको देखिँदा भन्सार अधिकृतको दस्तखत नमुना नभएको भनी वि. वि.नि.फा.नं. जारी नै नभएको अवस्थामा समेत रकम फिर्ता दिने कार्य गरेको भन्ने पुष्टि हुन आएकाले नेपाल राष्ट्र बैंकले समय समयमा दिएको निर्देशन, परिपत्र एवम् बैंकसम्बन्धी ऐन, कानूनअनुसार नै बैंकको हितलाई ध्यानमा राखेर एल.सी. कारोबारको लागि अनुमति दिनेलगायतका कार्यहरू सम्पन्न गरेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सामानको सम्बन्धमा बैंकको कुनै सरोकार नरहने भनी सामान आयात नभएको भन्ने जानकारी हुँदाहुँदै सामान आयात गरेपछि जारी हुने वि. वि.नि.फा.नं. ४ जारी नै नभएको अवस्थामा समेत सोअनुसारको रकम फिर्ता गरेको कार्यलाई कानूनबमोजिम गरिएको कार्य भन्न नमिल्ने हुँदा पुनरावेदक प्रतिवादी बालकृष्ण अधिकारीलाई कसुरदार ठहर गरी भएको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ विवेचित तथ्य एवम् प्रमाणसमेतका आधारमा पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्तालाई तत्कालको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसुर गरेको ठहर गरी ऐ दफा ८ र २९(२) बमोजिम रू. ५०००। जरिवाना गरेको विशेष अदालत काठमाडौंको फैसला निज प्रतिवादी प्रल्हाद राय गुप्ताको हकमासम्म उल्टी भई पुनरावेदक प्रतिवादी प्रल्हाद राय गुप्ताले सफाइ पाउने ठहर्छ। प्रतिवादीहरू रामभक्त देवकोटा र बालकृष्ण अधिकारीलाई तत्कालको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुरमा ऐ. दफा ७(२) र २९(२) बमोजिम जनही रू.५०००।- जरिवाना हुने ठहर गरी भएको विशेष अदालत काठमाडौंको मिति २०६४।३।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिष्ट्रारः इन्दिरा शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७४ वैशाख २८ रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CF-००१७ र ००१८, विदेशी विनियमको प्रयोग सर्तअनुसार नगरेको, भिमेन्द्रकुमार गोयल वि. नेपाल सरकार, नेपाल सरका वि. शिबनारायण श्रेष्ठसमेत

विवादित एल.सी.नं.३०/२२६१ र ३०/२२६२ को स्काई ट्रेड कम्पनीको नाममा खोलिएको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको पाइन्छ ।

पुनरावेदक प्रतिवादी भिमेन्द्रकुमार गोयलले एक झलक ट्रेड कम्पनीको तर्फबाट मुख्य भई कारोबार गरेको भन्ने अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतको बयानमा समेत स्वीकार गरेको देखिन्छ । उल्लिखित दुवै एल.सी. स्काई ट्रेड कम्पनीको नाममा खोलिएकोमध्ये एल.सी. नं.३०/२२६१ एक झलक ट्रेड कम्पनीको जमानतमा खुलेको पाइन्छ । एक झलक ट्रेड कम्पनीबाट मुख्य भई काम गर्ने अख्तियारी पाएको व्यक्ति म होइन भनी पुनरावेदक प्रतिवादी भिमेन्द्र गोयलले जिकिर लिन सकेको समेत देखिएन । कम्पनीको तर्फबाट एल.सी. खोल्ने र सो एल.सी. अनुसारका सामानहरू नेपालमा आयात गर्ने गरी कम्पनीको तर्फबाट जिम्मेवारी पाएका व्यक्तिले एल.सी. खोल्ने, सो एल.सी.सँग सम्बन्धित सामानहरू हराएकोमा प्रहरीमा जाहेरी दिने, सोअनुसारको इन्सोरेन्स दाबी गर्नेलगायतका कार्य पुनरावेदक प्रतिवादीबाटै भएको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको पाइयो । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकले उक्त एल.सी. सँग सम्बन्धित ओरिजिनल डकुमेन्ट यिनै पुनरावेदक प्रतिवादीलाई उपलब्ध गराएको भन्नेसमेत देखिन आएको पाइन्छ । पुनरावेदक प्रतिवादीले एल.सी.नं. ३०/२२६२ को सामान रोयल अप्टिकलमार्फत र ३०/२२६१ को सामान आफूमार्फत झिकाइएको भनी बयान गरेको देखिन्छ । उक्त कम्पनीको तर्फबाट मुख्य भई एल.सी. खोल्ने, सोअनुसारका सामानहरू झिकाउने, उक्त सामान बाटोबाटै हराएको भनी प्रहरीसमक्ष दाबी गर्ने र सो सामानको इन्सोरेन्ससमेत दाबी गर्ने अधिकारप्राप्त व्यक्तिको हैसियत उक्त कम्पनीमा केवल कामदारको मात्र रहेको भनी अनुमान गर्न मिल्ने नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

बीमा क्षतिपूर्तिसमेत पुनरावेदक प्रतिवादी भिमेन्द्रकुमार गोयलले नै दाबी गरेको, बैंकबाट उक्त विवादित एल.सी.सम्बन्धी सक्कल कागजात (Original document) पुनरावेदक प्रतिवादी भिमेन्द्रकुमार गोयललाई नै उपलब्ध गराएको, उक्त एल.सी. खोल्ने तथा सोअनुसारको सम्पूर्ण कारोबार गर्न कम्पनीको तर्फबाट मुख्य व्यक्तिको अख्तियारी पुनरावेदक प्रतिवादीलाई प्राप्त भएको भन्नेसमेतका मिसिल संलग्न कागजातबाट उक्त एल.सी. खोल्दाका सक्कल कागजातहरू नभेटिएको भन्ने मात्र आधारमा पुनरावेदक प्रतिवादी भिमेन्द्रकुमार गोयल निर्दोष रहेछन् भन्न मिल्ने नदेखिँदा निज पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

कुनै कम्पनी दर्ता गर्नु र विदेशी विनिमय अपचलन गर्नु नितान्त फरक कुरा हुन् । अभियोजन पक्षले प्रतिवादी कृष्णप्रसाद ढकालको विदेशी विनिमय अपचलन गर्ने कार्यमा यो यस किसिमले संलग्नता रहेको भन्न नसकी एल.सी. कारोबार गर्ने कम्पनी दर्ता गर्ने कार्य गरेको भनी दाबी लिएबाट पनि उक्त विवादित एल.सी. खोल्ने एवम् कारोबार गर्ने र विदेशी विनिमयको प्रयोग गर्दा सर्त उलङ्घन गरेको भन्ने नदेखिई प्रतिवादी कृष्णप्रसाद ढकालको विदेशी विनिमय अपचलन कार्यमा संलग्नता पुष्टि हुन आएको नपाइने ।

प्रतिवादीहरू शिवनारायण श्रेष्ठ र पाण्डव भुजेलका नाउँमा मिति २०५१।३।२२ मा कर कार्यालय जनकपुरबाट आयकर दर्ता प्रमाणपत्र तयार भएको र उक्त आयकर प्रमाणपत्रमा टाँस भएको फोटोहरू निजहरूको नागरिकताको प्रमाणपत्रमा टाँस भएको फोटोहरू नै राखिएको भन्ने उक्त फोटोमा निज प्रतिवादीहरूको पहिलेको दस्तखत देखिएबाट प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको एवम् अदालतको बयानलाई पुष्टि गरेको पाइयो । अभियोजन पक्षले उक्त विवादित एल.सी. अनुसारका सामानहरू प्रतिवादीहरू पाण्डव भुजेल र शिवनारायण श्रेष्ठले झिकाएको वा झिकाउने कार्यमा यो यस किसिमले संलग्नता रहेको भनी खुलाउन सकेको समेत पाइएन । प्रतिवादी भिमेन्द्रकुमार गोयलले अदालतमा बयान गर्दा उक्त एल.सी. खोल्ने र कारोबार गर्नेसमेतका कम्पनीको तर्फबाट सम्पूर्ण कारोबारको जिम्मा आफूले पाएको भनी स्वीकार गरेकोसमेतबाट विदेशी मुद्रा अपचलन गर्ने कार्यमा प्रतिवादीहरू शिवनारायण श्रेष्ठ र पाण्डव भुजेलको समेत संलग्नता रहेको थियो भनी अनुमानको आधारमा दोषी ठहर गर्न मिल्ने नदेखिने ।

अनिता गुप्ताका नाममा दर्ता रहेको रोयल अप्टिकल कन्सर्नको तर्फबाट सम्पूर्ण कारोबार गर्ने अधिकार प्रतिवादी प्रल्हाद राय गुप्तालाई दिएको भन्ने प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्षको बयानबाट खुलिरहेको र अभियोजन पक्षले प्रतिवादी अनिता गुप्ताको विदेशी विनिमय अपचलन गर्ने कार्यमा संलग्नता रहेको

भनी पुष्टि गर्ने ठोस प्रमाणसमेत गुजार्न सकेको नदेखिँदा केवल रोयल अप्टिकल कन्सर्न प्रतिवादी अनिता गुप्ताको नाममा दर्ता रहेको मात्र कारणले प्रतिवादी अनिता गुप्तालाई कसुरदार ठहर गर्न मिल्ने देखिएन । कसुरदार ठहर गर्न त्यस्तो कसुर प्रमाणित गर्ने ठोस र आधारयुक्त प्रमाण पेस भएको हुनुपर्छ । अभियोग दाबी आफैँमा कसुर पुष्टि गर्ने ठोस प्रमाण होइन । अभियोग दाबीकै आधारमा मात्र कसुरदार प्रमाणित गर्दै जाने हो भने फौजदारी न्यायको मर्म नै समाप्त हुन जाने हुन्छ । अभियोग दाबीलाई पुष्टि गर्ने अन्य प्रमाण पेस नै हुन नसकेको अवस्थामा कुनै कम्पनीमा कसैको संलग्नता हुनुलाई मात्रै अपराध मान्न नमिल्ने हुँदा प्रतिवादी अनिता गुप्तालाई कसुरदार मान्न नमिल्ने ।

प्रल्हाद राय गुप्ताले रोयल अप्टिकल कन्सर्नको तर्फबाट राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालयलाई सन् १९९५।५।२५ मा एल.सी.नं. ३०/२२६१ सँग सम्बन्धित डकुमेन्टहरू फरवार्डका लागि लेखेको भनिएको पत्रमा भएको दस्तखतसँग प्रल्हाद राय गुप्ताको नमुना दस्तखत मिल्न भिड्न सक्छ भन्नेसम्म उल्लेख भई अधिकारप्राप्त अधिकारीले गराएको दस्तखत नमुना परीक्षणबाट खुल्न आएको पाइयो । नमुना परीक्षणसँग दस्तखत मिलेको अवस्था भएमा परीक्षण गर्ने अधिकारीले मिल्न सक्नेसम्म नभनी यकिन रूपमा मिल्छ भन्ने खुलाउनु पर्ने हो । तर उक्त प्रतिवेदनमा नमुना दस्तखत हुबहु मिलेको नभनी मिल्न भिड्न सक्छ भनी अनुमानसम्म गरेको देखिँदा दस्तखत उस्तै उस्तै देखिई मिल्न सक्ने हुनु र मिल्नु नितान्त फरक कुरा भएकाले सो परीक्षण प्रतिवेदनकै आधारमा मात्र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभई कसुरदार ठहर गर्न मिल्ने नदेखिने ।

प्रतिवादी भिमेन्द्रकुमार गोयलले एल.सी. नं. ३०/२२६२ मा रोयल अप्टिकलको तर्फबाट प्रल्हाद राय गुप्ताले जमानत बसेको भनी बयानको क्रममा खुलाएको भए पनि स्काई ट्रेड कम्पनीको कारोबारमा प्रल्हाद राय गुप्तासमेतको संलग्नता रहेको थियो भनी पोल गर्न नसकी सो कम्पनीको तर्फबाट मुख्य भई कार्य गर्ने जिम्मेवारी कम्पनीले आफूलाई दिएको भनी बयानको क्रममा खुलाएको पाइन्छ । उक्त विवादित एल.सी. नं. ३०/२२६२ सँग सम्बन्धित कागजातहरू अदालतसमक्ष पेस गर्न यस सर्वोच्च अदालतसमेतबाट वाणिज्य बैंकलाई पटकपटक पत्राचार गर्दासमेत सोसँग सम्बन्धित कुनै पनि कागजात पेस गरी उक्त एल.सी.मा प्रल्हाद राय गुप्ताले जमानत बसेको कुरा प्रमाणित गर्नसकेको समेत देखिएन । साथै उक्त एल.सी. अनुसारका सामान आयात गर्ने, उक्त सामानको क्षतिपूर्ति वा विमा रकम दाबी गर्नेलगायतको कुनै कार्यमा प्रल्हाद राय गुप्ताको संलग्नता रहेको पुष्टि हुन नसकेको अवस्थामा केवल उक्त एल.सी. नं. ३०/२२६२ मा रोयल अप्टिकलको तर्फबाट प्रल्हाद राय गुप्ताले जमानत बसेको भनी लिएको अभियोगको आधारमा मात्र निजलाई दोषी ठहर गर्न मिल्ने नदेखिने ।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादी भिमेन्द्रकुमार गोयलले विदेशी मुद्रा विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४ को उपदफा (३) र (४) को कसुर गरेको ठहर गरी निजलाई तत्काल बहाल रहेको उक्त ऐनको दफा १७(१) बमोजिम १ (एक) वर्ष कैद हुने र अपचलन गरेको बिगो रू. १,१७,४२,९३६।५८ (रूपैयाँ एक करोड सत्र लाख बयालीस हजार नौ सय छत्तीस पैसा अन्ठाउन्न) जफत हुनेमा जफत बिगो निज भिमेन्द्रकुमार गोयल जिम्मा नहुँदा बिगो भिमेन्द्रकुमार गोयलबाट भराई लिन लगत राखी अन्य प्रतिवादीहरू शिवनारायण श्रेष्ठ, पाण्डव भुजेल, कृष्णप्रसाद ढकाल, प्रल्हाद राय गुप्ता र अनिता गुप्तालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।२८ को फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६२।९।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-WO-००६१, उत्प्रेषण / परमादेश, इरिका श्रेष्ठ (राजभण्डारी) वि. नारायणी नेसनल फाइनान्स लिमिटेड, के.का. काठमाडौंसमेत

निवेदिका साबिकको नेसनल फाइनान्स कम्पनी

लिमिटेडमा सहायक पदमा मिति २०४९/७/५ मा नियुक्ति पाई सुरू सेवा प्रवेश गरेकोमा २०६५ सालमा नेसनल फाइनान्स लिमिटेड र नारायणी फाइनान्स लिमिटेड एक आपसमा गाभिएपछि पनि २०६६/१०/८ मा चिफ मेनेजर पदमा रही कार्यरत रही आएको देखिन्छ । बीस वर्ष सेवा अवधि पुगेका कर्मचारीहरूलाई यथावत् सेवामै राखी निवेदकलाई मात्र सेवाबाट अवकाश दिएको भन्ने निवेदिकाको भनाई रहेको देखिन्छ । समान सेवा अवधि पूरा गरेका सबै कर्मचारीलाई समान रूपमा अवकाश दिएको भन्ने कुरा उल्लेख भएको देखिँदैन भने नारायणी फाइनान्स लिमिटेडको कर्मचारी सेवा सर्त विनियमावली २०६७ को विनियम ७१ मा भएको व्यवस्थालाई हेर्दा कुनै पनि कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब भत्ता, उपदान र अन्य सुविधा तथा सेवाका सर्तहरूका सम्बन्धमा निजको स्वीकृतिबेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन भनी कर्मचारीहरूको सेवा सर्तको सुरक्षा गरेको देखिन्छ । अर्कोतर्फ नारायणी नेसनल फाइनान्स लि.को मिति २०७०/१/२७ को सञ्चालक समितिको निर्णयबमोजिम भनी मिति २०७०/२/१ देखि लागू हुने गरी विनियम ६३(४)(ख) बमोजिम अवकाश दिइएको भन्ने च.नं. ८७८ मिति २०७१/१/२९ को पत्र निवेदकलाई मिति २०७०/३/१६ मा मात्र बुझाइएको देखिँदा निवेदकलाई सेवाबाट अवकाश दिने गरी भएको सञ्चालक समितिको मिति २०७०/१/२७ को आदेशलाई सदायसयपूर्ण तरिकाले नै भएको रहेछ भनी मान्न मिल्ने नदेखिने ।

नेशनल फाइनान्स लिमिटेड नारायणी फाइनान्स लिमिटेडसँग गाभिइसकेपछि पनि धेरै पछिसम्म यी रिट निवेदिकाले कामकाज गरी आएको देखिन्छ । समान अवस्थाका नागरिकहरूबीच समान व्यवहारको सिद्धान्त अवलम्बन गर्नु नै समानताको हकको मर्म र भावना हो, अन्य कर्मचारीलाई सेवाबाट अवकाश नदिने केवल यी रिट निवेदकलाई मात्र Pick and Choose को आधारमा सेवाबाट अवकाश दिएको देखिन्छ भने अर्कोतर्फ कर्मचारीलाई त्यसरी सेवाबाट अवकाश दिँदा विशेष सुविधाको Package दिलाएर अवकाश दिएको समेत नदेखिँदा संगठनमा कार्यरत कर्मचारीलाई स्वेच्छाचारी ढंगले Doctrine of Pleasure को सिद्धान्तसमेतको विपरीत अवकाश दिएको देखिन आउने ।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट यी रिट निवेदिकालाई बदनियतपूर्ण तवरले सेवाबाट अवकाश दिएको देखिन आएकोले भेदभावपूर्ण तवरबाट अवकाश दिने गरेको विपक्षी सञ्चालक समितिको मिति २०७०।१।२७ को निर्णय एवम् सोको आधारमा लेखिएको प.सं. ८७८ मिति २०७०।१।२९ को पत्रलगायतको सम्पूर्ण काम कार्यवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब, निवेदकलाई पूर्ववत् सेवामा कार्यरत राखी अवकाश दिइएको बीच अवधिको सम्पूर्ण तलबभत्तासमेत दिनु भनी विपक्षीका नाउँमा परमादेश आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०३३३, जिउ मास्ने बेच्ने, नेपाल सरकार वि. निरा घिमिरेसमेत

मुद्दाको कसुरदार पटके भएकाले यसमा यो वा यति खत खापी पाउँ भन्ने दाबी वादीले लिनसकेको नदेखिनुका साथै वादीले विपक्षी/प्रतिवादी किपा तामाङउपर जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४(क) को कसुरमा ऐ. ऐनको दफा ८(१) बमोजिम तथा विपक्षी / प्रतिवादी निरा घिमिरेउपर ऐ. ऐनको दफा ३ र ४(घ) को कसुरमा ऐ. ऐनको दफा ८(४) बमोजिम हदैसम्मको सजाय माग गरिएकोमा सो ऐन तथा ती दफाहरूमा समेत प्रस्तुत ऐन तथा दफाअन्तर्गतको कसुरमा खत खापिन्छ भनी कही कतै उल्लेख भएको नदेखिएकाले प्रस्तुत मुद्दा पटक वा खत नखापिने कसुरअन्तर्गत पर्ने देखिने ।

कसुरका सम्बन्धमा जिउ मास्ने बेच्ने (नियन्त्रण) ऐन, २०४३ बाट नै सजाय निर्धारण भएको तथा प्रस्तुत कसुर खत नखापिने कसुरअन्तर्गत पर्ने देखिँदा दुईवटा अभियोग परेको वा दुईवटा मुद्दा चलेको भन्नेलाई मात्र आधार मानी एउटै कसुरका तिनै कसुरदारलाई सम्बन्धित ऐनद्वारा निर्धारित सजायभन्दा बढी सजाय कायम हुने गरी सजाय निर्धारण गर्न तथा भविष्यमा पुनः यी कसुरदारबाट कसुर भएमा पटक कायम वा गणना गर्नसमेत असहज

हुने गरी यी विपक्षी/प्रतिवादीहरू किपा तामाङ र निरा घिमिरेउपर खत खापी सजाय निर्धारण गर्न मिल्ने नदेखिने।

एउटै कसुरबापतका तिनै प्रतिवादीहरूउपर दुईवटा अभियोग पेस भई दुईवटा मुद्दा चलाइएकोमा एउटा (पहिलो) मुद्दाबाट सजाय ठहर भई कानूनअनुसार सजाय पाइसकेका प्रतिवादीहरूलाई अर्को (दोस्रो) मुद्दामा समेत कसुरदार ठहर गरी सजाय गर्दा कुनै पनि व्यक्ति विरूद्ध एकै कसुरमा एकभन्दा बढी मुद्दा चलाउन र सजाय गर्न हुँदैन भन्ने फौजदारी न्यायको स्थापित मान्यता एवम् दोहोरो खतराको सिद्धान्तको समेतको प्रतिकूल हुन जाने देखिन्छ। दोहोरो खतराको सिद्धान्तको आधारमा पनि एउटा मुद्दाबाट सजाय पाइसकेका यी विपक्षी / प्रतिवादीहरू किपा तामाङ र निरा घिमिरेउपर खत खापी अर्को मुद्दाबाट पनि सजाय गर्न मिल्ने नदेखिने।

एउटै वरदातमा संलग्न तिनै प्रतिवादीहरू उपर दुईवटा अभियोग पेस भई दुईवटा मुद्दा चलेको अवस्थामा एउटा मुद्दामार्फत प्रतिवादीहरूउपर सजाय ठहर भई प्रतिवादीहरूले कैद सजाय भुक्तान गरिरहेको परिप्रेक्ष्यमा पुनरावेदन अदालत पाटनबाट मिति २०६९/१/५ मा फैसला हुँदा मुलुकी ऐन, दण्ड सजायको १० नं. को सम्बन्धमा भएको व्याख्यालाई अन्यथा भन्न सकिने स्थिति नदेखिने।

अतः एउटा मुद्दाको फैसलाबाट सजाय पाइरहेका त्यही कसुरका प्रतिवादीहरूलाई अर्को मुद्दामा मुलुकी ऐन, दण्ड सजायको १० नं. को कानूनी प्रावधानबमोजिम खत वा पटक खापी सजाय हुन नसक्ने ठहराई भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।१।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१०७९ र ०७१-CR-०२७७, अपहरण उद्योग, नेपाल सरकार वि. सुशिल मण्डलसमेत र अतिम खाँ मियाँ वि. नेपाल सरकार

जाहेरी दरखास्तमा प्रतिवादी पुरन ठाकुर, अतिम खाँ मियाँलगायत प्रतिवादीहरू सुशिल मण्डल, धर्मनाथ यादव, कपिलदेव यादवसमेतको नाम उल्लेख गरेको देखिए तापनि सुशिल मण्डल, कपिलदेव यादव र धर्मनाथ यादव कसुरमा संलग्न रहे भएको बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्का, प्रहरी प्रतिवेदनबाट देखिँदैन । बरामदी खानतलासी मुचुल्का हुँदा यी प्रतिवादीहरू फेला परेका देखिँदैनन् । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादीहरूले आफूहरू अपहरण गर्न गएको भनी साबित रही बयान गरे तापनि अदालतमा आई बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। यो इन्कारी खन्डन हुने ठोस र वस्तुनिष्ट सबुद प्रमाण वादी पक्षले प्रस्तुत गर्नसकेको देखिँदैन। कसुर गरेको कुरा शंकारहितरूपबाट एवम् वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा केवल सहअभियुक्तको पोल एवम् जाहेरी दरखास्तको आधारमा मात्र प्रतिवादीहरू सुशिल मण्डल, धर्मनाथ यादव र कपिलदेव यादवलाई कसुरदार ठहऱ्याई सजाय गर्न मिल्ने नदेखिने।

जाहेरी दरखास्त, बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्कासमेतको विवरण तथा ती विवरणलाई समर्थन हुने गरी सम्बन्धित व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्रसमेतबाट यी पुनरावेदक/प्रतिवादी अतिम खाँ मियाँले आरोपित कसुर गरेको देखिन आएकोले आफू निर्दोष भएकाले सफाइ पाउनुपर्छ भन्ने निजको पुनरावेदन जिकिर विश्वासयोग्य हुन नआउने।

अतः उल्लिखित प्रश्नहरूमा विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।५।३ मा पुनरावेदक / प्रतिवादी अतिम खाँ मियाँलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ र ३ नं. को कसुरमा ऐ.को ३ र ५ नं. बमोजिम दुई वर्ष कैद र रू.१२५००।– जरिवाना हुने तथा ऐ. महलको ७ नं. बमोजिम निजलाई थप दुई वर्ष कैद हुने तथा अन्य प्रतिवादीहरू सुशिल मण्डल, धर्मनाथ यादव, कपिलदेव यादवलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०८१६, उत्प्रेषण / परमादेश, रतनकुमार श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

लुम्बिनी बैंक लि.ले उल्लिखित कि.नं. १५० को जग्गा धितो सुरक्षण लिई कर्जा प्रवाह गरेकोमा ऋणीले यस बैंकको सम्पूर्ण कर्जा राफसाफ गरेकोले उक्त धितोबापत रोक्का राखेको जग्गाको रोक्कासमेत फुकुवा गरिसकेको भनी लिखित जवाफ प्रस्तुत गरेको तथा नेपाल बैंक लि. ले समेत सुनिता महतोको नाम दर्ताको कि.नं.१५० को जग्गा यस बैंकमा दृष्टि पारित नरहेको र निजको नाममा प्रवाह भएको अन्य जग्गाको धितोबापतको कर्जा असुलउपर भई ती जग्गाहरू समेत फुकुवा भइसकेको भनी भनिरहेको परिप्रेक्ष्यमा लुम्बिनी बैंक लि. तथा नेपाल बैंक लि.को कारण उक्त जग्गा रोक्का राखिरहनु पर्ने नदेखिने।

अख्तियारले रोक्का राखेको सम्बन्धमा विचार गर्दा बैंकले कर्जा प्रवाह गरी धितो लिई रोक्का राखेको जग्गा रोक्का रहँदैको अवस्थामा बिक्री भएको विषयमा अनुसन्धान गरी अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको र सोही मुद्दाबाट निवेदकले उल्लेख गरेको कि.नं. १५० को जग्गा मिति २०६४।२।२८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रोक्का राखिएकोमा उक्त मुद्दा मिति २०६७।३।१८ मा फैसला भई उक्त गैरकानूनी कार्यमा संलग्नहरूउपर सजायसमेत ठहर भइसकेको देखिन्छ। उक्त भ्रष्टाचार मुद्दामा यी निवेदकको संलग्नता रहेको भन्ने कहिँकतैबाट नदेखिनुका साथै सो मुद्दामा यी रिट निवेदकलाई विपक्षीसमेत नबनाइएको परिप्रेक्ष्यमा सो फौजदारी मुद्दाको कारणबाट यी निवेदकको हक स्वामित्वको उक्त जग्गा रोक्का राखिरहनु कानूनसम्मत नहुने।

अतः निश्चित समयमा निश्चित प्रयोजनार्थ उक्त जग्गा रोक्का राखिएको हुँदा उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। तर रोक्काको प्रयोजन समाप्त भइसकेपछि पनि उक्त जग्गा फुकुवा भएको नदेखिई रोक्काले निरन्तरता पाई निवेदकले आफ्नो हक स्वामित्वको जग्गाको पूर्ण कारोबार गर्न पाएको नदेखिएकोले अविलम्ब पर्सा जिल्ला सिर्सिया गा.वि.स. वडा नं. २ को कि.नं. १५० को जग्गाको रोक्का फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल जेठ २६ गते रोज ६ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०८१७, उत्प्रेषण / परमादेश, दीपककुमार श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत

लुम्बिनी बैंक लि.ले उल्लिखित कि.नं. ४१३ को जग्गा धितो सुरक्षण लिई कर्जा प्रवाह गरेकोमा ऋणीले यस बैंकको सम्पूर्ण कर्जा राफसाफ गरेकोले उक्त धितोबापत रोक्का राखेको जग्गाको रोक्कासमेत फुकुवा गरिसकेको भनी लिखित जवाफ प्रस्तुत गरेको तथा नेपाल बैंक लि. ले समेत सुनिता महतोको नाम दर्ताको कि.नं. १५० को जग्गा यस बैंकमा दृष्टि पारित नरहेको र निजको नाममा प्रवाह भएको अन्य जग्गाको धितोबापतको कर्जा असुलउपर भई ती जग्गाहरू समेत फुकुवा भइसकेको भनी भनिरहेको परिप्रेक्ष्यमा लुम्बिनी बैंक लि. तथा नेपाल बैंक लि.को कारण उक्त जग्गा रोक्का राखिरहनु पर्ने नदेखिने।

बैंकले कर्जा प्रवाह गरी धितो लिई रोक्का राखेको जग्गा रोक्का रहँदैको अवस्थामा बिक्री भएको विषयमा अनुसन्धान गरी अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको र सोही मुद्दाबाट निवेदकले उल्लेख गरेको कि.नं.४१३ को जग्गा मिति २०६४।२।२८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट रोक्का राखिएकोमा उक्त मुद्दा मिति २०६७।३।१८ मा फैसला भई उक्त गैरकानूनी कार्यमा संलग्नहरूउपर सजायसमेत ठहर भइसकेको देखिन्छ। उक्त भ्रष्टाचार मुद्दामा यी निवेदकको संलग्नता रहेको भन्ने कहिँकतैबाट नदेखिनुका साथै सो मुद्दामा रिट निवेदकलाई विपक्षीसमेत नबनाइएको परिप्रेक्ष्यमा सो फौजदारी मुद्दाको कारणबाट निवेदकको हक स्वामित्वको उक्त जग्गा रोक्का राखिरहनु कानूनसम्मत नहुने।

अतः निश्चित समयमा निश्चित प्रयोजनार्थ उक्त जग्गा रोक्का राखिएको हुँदा उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। तर रोक्काको प्रयोजन समाप्त भइसकेपछि पनि उक्त जग्गा फुकुवा भएको नदेखिई रोक्काले निरन्तरता पाई निवेदकले आफ्नो हक स्वामित्वको जग्गाको पूर्ण

कारोबार गर्न पाएको नदेखिएकाले अविलम्ब पर्सा जिल्ला लालपर्सा गा.वि.स. वडा नं.९ कि.नं. ४१३ को ०-१८-७-० वि. जग्गाको रोक्का फुकुवा गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल जेठ २६ गते रोज ६ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CI-००४६, मोही लगत कट्टा, राजेन्द्र सहनी गोठी वि. रामप्रवेश ठाकुर लोहार

जग्गा नजोतेकोले मोही लगत कट्टा हुनुपर्छ भनी पुनरावेदक / वादीले जिकिर लिए पनि कुन मितिदेखि जग्गा जोत्न छोड्यो, त्यसपछि जग्गा के भयो भनी पुनरावेदकले आफ्नो जिकिर पुष्टि हुने कुनै तथ्ययुक्त सबुद प्रमाण निजले प्रस्तुत गर्नसकेको देखिएन । तथ्ययुक्त एवम् विश्वसनीय सबुद प्रमाण पेस हुन नसकेको अवस्थामा केवल पुनरावेदकको आत्मगत भनाईलाई मात्र आधार मानी आधिकारिक निकायमा विधिसङ्गत रूपले रहेको मोही लगत कट्टा गर्नु तर्कसङ्गत र न्यायपूर्ण हुने नदेखिने।

प्रत्यर्थी मोही हुन नसक्ने कुनै तथ्ययुक्त एवम् कानूनी आधार र कारण भए सोको आधारमा मोही सम्बन्धमा निर्णय गर्ने आधिकारिक निकाय भूमि सुधार कार्यालयमार्फत भूमिसम्बन्धी ऐन, २०२१ अनुसारको प्रक्रिया तोकिएको समयभित्रै सुरू गरी मोही लगत सच्याउनुपर्नेमा सोसमेत भए गरेको नदेखिने।

दरोगा ठाकुर प्रत्यर्थी रामप्रवेश ठाकुरको बुबा देखिएको र निजको नाममा दर्ता रहेको मोही लगत बाबुको मृत्युपछि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम प्रत्यर्थीमा आउने नै देखिने।

अतः माथि विवेचित तथ्य, प्रमाण र कारणसमेतका आधारमा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२१ मा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ समेतको आधारमा उल्लिखित कि.नं.१८३ को जग्गामा प्रतिवादी रामप्रवेश ठाकुरको मोही लगत यथावत् कायम रहिरहने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल जेठ २६ गते रोज ६ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-०६३८, उत्प्रेषण / परमादेश, जया सत्याल वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत

एउटै विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई कसैको हकमा मान्यता दिने र कसैको हकमा मान्यता नदिने गरी एउटै डिग्री हासिल गरेका समानस्तरका कर्मचारीहरूका बीचमा विभेद हुने गरी मापदण्ड बनाउनु युक्तिसङ्गत देखिन नआउने।

निवेदक जया सत्यालले Tianjin University of Traditional Chinese Medicine, Tianjin China बाट Master of Medicine TCM (Acupuncture Maxibustion and Tuina) को शैक्षिक योग्यताको उपाधि प्राप्त गरेको उक्त शैक्षिक योग्यतालाई त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालयले Master of Medicine TCM Master of Medicine (Acupuncture Maxibustion and Tuina) लाई आयुर्वेदिक विषयको स्नातकोत्तर डिग्रीको उपाधि भनी मान्यता दिएको र शिक्षाध्यक्षको कार्यालय पाठ्यक्रम विकास केन्द्रले यी रिट निवेदक जया सत्याललाई निजले प्राप्त गरेको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) लाई Regarding Equivalence मा Master Degree भनी मान्यता दिएको देखिनुका साथै डिनको कार्यालयको मिति २०७१/७/२८ को पत्रबाट समेत निजको शैक्षिक योग्यताको उपाधिलाई स्नातकोत्तरसरह मान्यता दिएको भनी उल्लेख भएको देखिन आएकाले निज रिट निवेदक जया सत्यालले चीनको Tianjin University of Traditional Chinese Medicine, Tianjin China विश्वविद्यालयबाट प्राप्त गरेको Master of Medicine (Acupuncture, Maxibustion and Tuina) को शैक्षिक योग्यताको उपाधिलाई लोक सेवा आयोगबाट प्रकाशित उक्त विज्ञापनको प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य आयुर्वेद जनरल आयुर्वेद समूह एघारौं तहको पदको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता नपुगेको भन्ने आधार नदेखिँदा तोकिएको शैक्षिक योग्यताको उपाधि नभएको भनी निजको दरखास्त फाराम

तथा निजले दिएको लिखित परीक्षासमेत रद्द गर्ने गरी लोक सेवा आयोगबाट भएको निर्णय मनासिब देखिन नआउने।

अतः उल्लिखित तथ्य तथा आधार कारणबाट रिट निवेदक जया सत्यालले प्राप्त गरेको शैक्षिक योग्यताको उपाधिलाई तोकिएको शैक्षिक योग्यताको उपाधि पूरा गरेको नदेखिएकाले निजको दरखास्त तथा लिएको लिखित परीक्षासमेत रद्द गर्ने भनी लोक सेवा आयोगबाट मिति २०७२/११/४ मा भएको निर्णय तथा सो निर्णयका आधारमा प्रकाशित सूचनासमेत उत्प्रेषणको आदेशले बदर हुन्छ । साथै लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनअनुसार निवेदकले पेस गरेको दरखास्त फाराम कायम राखी निजले दिएको लिखित परीक्षाको नतिजासमेत नियमानुसार प्रकाशित गर्नु गराउनु भनी लोक सेवा आयोगका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल कात्तिक १२ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-WO-०६३७, उत्प्रेषण / परमादेश, प्रदिप के.सी. वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत

## इजलास नं. १

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७३-RC-०१०१, कर्तव्य ज्यान, नेपाल सरकार वि. दाडिमा शेर्पा

मिसिल संलग्न प्रमाणबाट मृतक र प्रतिवादी बाबु छोरा नाताका रहेको भन्ने देखिन्छ। निजहरूबीच एक आपसमा पहिले पनि झगडा हुने गरेको र घटनाको दिनसमेत झगडा भई प्रतिवादीले बरामद भई आएको धारिलो हतियार खुकुरीले मृतकको टाउकोमा पटकपटक प्रहार गरी सोही चोटबाट अत्यधिक रक्तस्राव भई मृत्यु भएको देखिन आयो । मानिसको टाउको जस्तो संवेदनशील अङ्गमा धारिलो हतियार खुकुरीले पटकपटक प्रहार गरेको देखिँदा ज्यान लिने नियतले नै प्रतिवादीले सो वारदात घटाएको पाइने।

प्रतिवादी दाडिमा शेर्पाले खुकुरीजस्तो जोखिमी हतियारले निजकै बाबु पासाङ लाक्पा शेर्पालाई प्रहार गरी मृत्यु भएको देखिँदा उक्त कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादीलाई जन्मकैदको सजाय हुने कुरामा अन्यथा हुने नदेखिने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी दाडिमा शेर्पालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(१) नं. विपरीतको कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६४।३।१२ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

तथापि यी प्रतिवादीले आफ्नै जन्म दिने बाबुलाई मार्नुपर्नेसम्मको मनसाय एवम् पूर्वरिसइवी रहेको भन्ने नदेखिएको तथा मार्न भनी कुनै पूर्वयोजनासमेत नबनाएको र आफ्नी श्रीमती र बाबुबीच अवैध यौन सम्बन्ध रहेको आशङ्का गरी सोही कारण बाबुसँग भनाभन तथा कुटाकुट भई तत्काल उठेको रिस थाम्न नसकी यी प्रतिवादीले आफ्नो बाबुलाई प्रहार गरेको खुकुरीको चोटले निजको मृत्यु भएको भन्ने देखिएकोले निज प्रतिवादीलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम राय लगाई १२ वर्ष मात्र कैद सजाय गर्दा ऐनको मकसद पूरा हुने नै हुँदा निज प्रतिवादी दाडिमा शेर्पालाई मुलुकी ऐन अ.व. १८८ नं. बमोजिम सजाय घटाई बाह्र वर्ष कैद सजाय हुने।

इजलास अधिकृत (उपसचिव): शकुन्तला कार्की

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७३-RC-०१०२, कर्तव्य ज्यान, नेपाल सरकार वि. मानबहादुर राई

प्रतिवादी मानबहादुर राईले आफ्नी भाइ बुहारी नाताकी देशमाया राईसँग भएको भनाभनको आधारमा तत्काल रिस उठी निजको घाँटीमा पक्रेर मुक्का र लात्तीले शरीरको यत्रतत्र हानेको र सोही चोटको कारणले देशमाया राईको मृत्यु भएको भन्ने देखिएको परिप्रेक्ष्यमा निज प्रतिवादी मानबहादुर राईलाई अभियोग मागदाबीबमोजिम कसुरदार ठहर गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको

१३(३) नं. अन्तर्गत सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा हुने नदेखिने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी मानबहादुर राईले अभियोग दाबीको कसुर गरेको ठहर गर्दै निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर्‍याएको सुरू ओखलढुंगा जिल्ला अदालतको मिति २०६८।३।२३ को फैसला सदर हुने ठहरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।८।१० फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले बुहारीलाई साधारण लाठा ढुंगालगायत कुनै पनि हतियार प्रयोग नगरी खाली मुड्की र लात्तीले हानेको अवस्था छ। यी प्रतिवादी ५२ वर्षीय अविवाहित उमेरको रहेका र निजको सामाजिक, आर्थिक अवस्था सबल नभएको भन्ने देखिएको, निजले अनुसन्धान अधिकारी र अदालतसमक्ष घटनाको यथार्थ स्थिति चित्रण गर्दै आफूले कसुर गरेकोमा कानूनबमोजिमको सजाय हुनुपर्छ भनी साबिती बयान गरेबाट अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियालाई सहज तुल्याई दिएकोसमेतका उल्लिखित आधार प्रमाणहरूलाई विचार गर्दा प्रतिवादीलाई भएको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुने भएकोले मुलुकी ऐन अ.व. १८८ नं. बमोजिम राय लगाई सजाय घटाउनु मनासिब हुने देखिएकोले निजलाई ऐ. अ.बं. १८८ नं. बमोजिम राय लगाएको हदसम्म पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखियो। यद्यपि यी प्रतिवादीलाई राय लगाई सजाय घटाएर दश वर्ष मात्र कैद सजाय गर्दा ऐनको मकसद पूरा नहुने भएकोले सो हदसम्म पुनरावेदन अदालत राजविराजले लगाएको राय मिलेको नहुँदा निज प्रतिवादीलाई अ.व. १८८ नं. राय लगाई बाह्र वर्ष कैद सजाय हुने।

इजलास अधिकृत (उपसचिव): शकुन्तला कार्की

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७३-RC-०१०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. अमृतबहादुर कार्की

प्रतिवादी सुर्के भन्ने अमृतबहादुर कार्कीले आफ्नी श्रीमतीलाई घरको खम्बामा प्लाष्टिकको डोरीले बाँधी लाठी र मुक्काले श्रीमतीको स्तन, टाउकोलगायतका संवेदनशील अङ्गमा हानी कर्तव्य गरी मारेको भन्ने तथ्य देखिएकोले प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि भइरहेको हुँदा निजलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मनासिबै देखिने।

तसर्थ उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादीमध्येका अमृतबहादुर कार्कीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०७१।३।२२ को फैसला सदर हुने ठहरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।१।२८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

तथापि प्रतिवादी आफूले कसुर गरेको कुरामा साबित रहेका र निजकी मृतक श्रीमतीले मादक पदार्थ सेवन गर्ने गरेको र वारदातका दिन पनि मादक पदार्थ सेवन गरेकी र प्रतिवादीले पनि रक्सी सेवन गरेको अवस्थामा झगडाको सृजना भएको देखिएको। श्रीमतीले सँधै रक्सी सेवन गरी हिँड्ने गरेको विषयमा भनाभन र झगडा हुँदा आवेशमा आई निज प्रतिवादीले आफ्नी श्रीमतीलाई कुटपिट गरेको र सोही चोटको पीरले मृतकको मृत्यु भएको भन्ने देखिएकोले निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भएकोले मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम राय लगाई १४ वर्ष मात्र कैद सजाय गर्दा ऐनको मकसद पूरा हुने नै हुँदा निज प्रतिवादी सुर्के भन्ने अमृतबहादुर कार्कीलाई मुलुकी ऐन अ.व. १८८ नं. बमोजिम सजाय घटाई १४ (चौध) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत (उपसचिव): शकुन्तला कार्की

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७२-CR-२०९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. मुनबहादुर रावत

आफ्नी श्रीमती अर्को विवाह गरेर अन्यत्र गएपछि यी प्रतिवादीले अर्को विवाह गरेको अवस्था पनि छैन । अन्य कुनै कारणले कुटपिट गरेको भन्ने

अभियोजन पक्षले कुनै स्पष्ट प्रमाण गुजार्न सकेको समेत पाइँदैन । मृतकको शव परीक्षण प्रतिवेदनबाट समेत मृतकको मृत्युको कारण खुलेको अवस्थासमेत छैन । प्रतिवादीकै बयान भनाईअनुसार आफूलाई छाडी अन्यत्र पोइल गएकी श्रीमतीबाट शिशु छोरी (मृतक) लाई यी प्रतिवादीले घरमा ल्याई लालनपालन गरी हुर्काएको भन्ने देखिन्छ । छोरीबाट भएको सानो गल्तीको कारण त्यस्ती बाल्यकालमै आमाले छाडेकी टुहुरी छोरीलाई प्रतिवादीले त्यसप्रकार निर्मम तरिकाले कुटपिट गरी मारेका होलान् भनी अनुमान गर्नु स्वाभाविक हुने नदेखिने।

छोरीलाई घर नछोड्नु भनेकामा छोरी (मृतक) ले घर छाडी निज आफ्नी फुपूको घर गएकी र प्रतिवादी (पिता) ले घर जानभन्दा छोरीले नमान्दा रिस उठी तत्काल प्रतिवादीले मृतकलाई १/२ थप्पड हान्दा मृतक लडेको भन्ने देखिएको छ तर सो कारण तत्काल मृतकलाई कुनै गम्भीर चोट लागी केही अन्यथा भएको भन्ने देखिएको छैन । हिर्काउँदा लडेकी छोरीलाई प्रतिवादीले उठाई घर लगेको भन्ने तथ्य स्थापित छ र घर पुगेपछि पुनः छोरीलाई किन घर छाडेकी भनी धकेल्दा छोरी चुलामा ठोक्किन पुगेकी र चुलाले मृतकको बायाँ आँखाको डिलमा काटिएको भन्ने प्रतिवादीको बयान जिकिर मृतकको लास प्रकृति मुचुल्कासमेतबाट समर्थित भएको अवस्था छ । यसबाट तत्काल रिस उठी प्रतिवादीले मृतकलाई कुटेकै कारण मृतकको मृत्यु भएको भनी यकिनसाथ भन्न सकिने अवस्थाको विद्यमानता नदेखिएकाले प्रस्तुत मुद्दामा उक्त मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. कानूनी व्यवस्था आकर्षित हुन सकिने अवस्था नरहने।

नाबालक छोरीलाई धकेल्दा मृतक चुलामा ठोक्किन पुगेको र निजको टाउकोको अग्रभागमा काटिएको देखिएको र प्रतिवादीले मौकाको बयानअनुसार निज प्रतवादीले तत्काल घरेलु उपचार गरी सुताएको छोरीको राती मृत्यु भएको भन्ने देखिएकोले मृतक उक्त चुलामा ठोक्किएको कारण निजको मृत्यु भएको हुनसक्ने देखिन आउने।

पुनरावेदन अदालत जुम्लाले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ६ नं. को देहाय दफा ४ले सजाय गर्ने गरी गरेको फैसलाउपर प्रतिवादीको पुनरावेदन परेको नदेखिएकोले माथि उल्लेख भएअनुसार घटना (वारदात) को अवस्था स्थितिलाई मनन गर्दा प्रस्तुत मुद्दामा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. र ऐ ६ (४) नं. आकर्षित हुने।

तसर्थ उल्लिखित तथ्य व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादी मुनबहादुर रावतलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. को कसुरमा ऐ. नं. बमोजिम सजाय गर्ने गरेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. र ६ (४) को कसुरमा ऐ. ६(४) बमोजिम कैद वर्ष २ (दुई) सजाय हुने ठहरेको पुनरावेदन अदालत जुम्लाको मिति २०७२।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): शकुन्तला कार्की

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल चैत १७ गते रोज ७ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-२१६४ र ०७२-CR-०१०९, कर्तव्य ज्यान / अङ्गभङ्ग, मानबहादुर चौधरी वि. नेपाल सरकार र नेपाल सरकार वि. धनरानीदेवी चौधरी

प्रतिवादी अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत आरोपित कसुरमा साबित रहेको देखिन्छ । जाहेरवाला एवम् घटनाका प्रत्यक्षदर्शी कालीदेवी चौधरी, प्रतिवादीकी छोरी संगिता कुमारी चौधरीसमेतका मानिसहरूले मौकाको कागजमा प्रतिवादीले मृतक अनितालाई धारिलो हतियार प्रहार गरेको देखेको भनी लेखाइदिएको तथा अदालतसमक्षको बकपत्रमा सोही बेहोरालाई समर्थन गरेको देखिन्छ । घटनास्थलबाट रगत लागेको बञ्चरो, हँसियासमेतका हतियार बरामद भई आएको र उक्त हतियार आफूले वारदातमा प्रयोग गरेको भनी प्रतिवादीले सनाखत गरिदिएको पाइन्छ । यसरी घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको अदालतसमक्षको बयानसमेतका मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादी मानबहादुर चौधरीले हँसिया, बञ्चरोलगायतका हतियार प्रहार गरी मृतक अनिता चौधरीको हत्या गरेको भन्ने तथ्य शंकारहित ढंगबाट पुष्टि हुन आउने।

प्रतिवादीउपर कुनै पनि किसिमको बल प्रयोग भएको वा हुने अवस्था नदेखिएको अवस्थामा निज मृतकप्रति

उत्तेजित भई आक्रमण गर्नुपर्ने अवस्था परिस्थिति नै रहेको देखिँदैन । प्रतिवादीको घरभित्र पस्नासाथै मृतकलाई बञ्चरोले टाउकोमा प्रहार गरी ढालेको देखिन्छ । मृतकको शरीरको चोटपटक हेर्दा आँखा फुटेको, नाक काटिई अनुहार कच्याककुचुक भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ । मिसिल संलग्न मृतकको फोटो हेर्दा पनि अनुहार क्षतविक्षत भएको देखिन्छ । यसरी प्रतिवादीको ज्यान जोखिममा पर्ने अवस्था नरहे पनि झाँक्री महिलाको भनाईलाई विश्वासमा लिई यसप्रकारको जघन्य अपराध गर्ने प्रतिवादीलाई अदालतसमक्ष कसुरमा साबित रही न्यायिक प्रक्रियामा सहयोग गरेको भन्ने मात्र आधारमा सजायमा नरम दृष्टिकोण लिई कम सजाय गर्नुपर्ने कुनै पनि न्यायोचित र विवेकसङ्गत कारण नदेखिने ।

सहअभियुक्तको बयान एवम् वादीका साक्षीहरूको बकपत्रसमेतबाट प्रतिवादी धनरानी देवीको संलग्नता नरहेको भनी उल्लेख गरेको पाइँदा उल्लिखित आधार प्रमाणबाट धनरानीउपरको अभियोग पुष्टि हुनसकेको देखिँदैन । तथापि यी प्रतिवादीले वारदात हुँदाको अवस्थामा मृतकलाई बचाउने कुनै प्रयास नगरेको तथा आफ्ना श्रीमान् प्रतिवादी मानबहादुर चौधरीले बञ्चरो प्रहार गरी मृतकलाई मारेपश्चात् लासलाई घरबाहिर फाल्न मद्दत गरेको देखिन्छ । मृतकलाई मार्न मत सल्लाहमा पसेको तर मार्नमा प्रत्यक्ष संलग्न भएको पुष्टि हुन नसकेको अवस्थामा सजायको हकमा ज्यानसम्बन्धी महलको १३(१) नभई १७(३) नं. आकर्षित हुने देखिन्छ । उक्त आधारबाट प्रतिवादी धनरानी चौधरीलाई ऐ. १३(१) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

जाहेरवाला कालीदेवी चौधरीलाई ज्यान मार्ने मनसायले कुटपिट भएको तथ्य पुष्टि हुनसकेको छैन । ज्यान जानेसम्मको क्रिया प्रतिवादीबाट भए तापनि तेस्रो पक्षको उपस्थितिबाट ज्यान नगएको भन्ने अवस्थाभन्दा पनि मृतकलाई छुट्याउने क्रममा घाउचोट लाग्न गएको र जाहेरवाला आफैँ दौडिएर ज्यान बचाएको भन्ने देखिन्छ । जाहेरवालालाई लागेको चोटपटक ज्यानै जानेसम्मको गम्भीर देखिएको छैन । उक्त चोटपटक छोरीलाई बचाउने क्रममा लागेको भनी जाहेरवालाले अदालतसमक्ष बकपत्र गरेको देखिन्छ । तसर्थ प्रतिवादीहरूले जाहेरवालालाई मार्ने सम्पूर्ण प्रयास गर्दा पनि ज्यान नमरेको वा तेस्रो पक्षको हस्तक्षेपबाट ज्यान जोगिएको भन्ने पुष्टि हुन नसकेको हुँदा ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचित आधार कारणबाट प्रतिवादी मानबहादुर चौधरीले बञ्चरोलगायतका हतियार प्रहार गरेको कारणबाट मृतक अनिता चौधरीको घटनास्थलमा नै मृत्यु भएको भन्ने तथ्य पुष्टि हुन आएको तथा धनरानी चौधरी मृतकलाई मार्ने कार्यमा प्रत्यक्षरूपमा संलग्न नरही मत सल्लाहमा सम्म पसेको देखिन आएको हुँदा प्रतिवादी मानबहादुर चौधरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने एवम् प्रतिवादी धनरानी चौधरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर्‍याई प्रतिवादीहरूउपर नेपाल सरकारले लिएको ज्यानसम्बन्धी महलको १५ नं. को दाबी पुग्न नसक्ने भनी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने भनी पुनरावेदन अदालत दिपायलबाट मिति २०६९।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०२७०, उत्प्रेषण / परमादेश, कन्हैयालाल अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी

विपक्षी रामग्राम नगरपालिकाले नेपाल कानूनको उल्लङ्घन गर्ने गरी कुनै निर्णय गरेको निवेदनमा उल्लेख गर्न नसकेको र निवेदन पत्रसाथ पेस भएको रामग्राम नगरपालिकाले मिति २०७०।४।३० मा दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित गरेको सूचना भदौ १५ गतेभित्र सडक केन्द्रबाट दुवैतर्फ २५/२५ फिटभित्र पर्ने भौतिक संरचना, टेवापर्खाल, घर इत्यादि भदौ १५ गतेभित्र हटाई सडक विस्तार एवम् नाला निर्माण कार्यमा सहयोग गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ भन्ने भाषाको प्रयोग गरिएको देखियो । उक्त सूचनाको प्रकृति हेर्दा नगरवासीले

गर्ने भनेको कार्य बाध्यात्मक नभई स्वेच्छिककरूपमा सहयोगको लागि आह्वान गरेको देखिने।

निवेदकको सम्पत्तिबाट निवेदकलाई प्रचलित कानूनविपरीत हटाउन खोजेको नदेखिएको र निवेदकले निवेदनमा उल्लेख गरेजस्तो नगरपालिकाले कानूनविपरीत काम गरी निवेदकको कानूनप्रदत्त हकमा आघात पुर्‍याउन खोजेको भन्ने कुरा मिसिल संलग्न अन्य कुनै प्रमाण कागजातहरूबाट देखिन आएन। यस्तो अवस्थामा निवेदकको निवेदन जारी गर्न नमिली निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नै देखियो। अतः निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार कारणहरूबाट रामग्राम नगरपालिकाबाट मिति २०७०।४।३० मा प्रकाशित सूचनामा निवेदकलाई निजको सम्पत्तिबाट जबरजस्ती हटाउने भन्ने बेहोरा उल्लेख भएको नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत बुटवलले मिति २०७०।९।१६ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७१-CI-०२६८, उत्प्रेषण / परमादेश, अवध किशोर अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी
- ०७१-CI-०२६९, उत्प्रेषण / परमादेश, छेदीलाल खन्ना वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी

७

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०४३७, निषेधाज्ञा, राजेशकुमार गुप्ता वि. कमलप्रसाद कुर्मीसमेत

विवादित जग्गाका सम्बन्धमा वादी रमादेवी कुर्मी विरूद्ध प्रतिवादी कारागार शाखा, पर्सासमेत उपर २०६० सालको दे.नं.२००० को दूषित दर्ता बदर दर्ता मुद्दामा वादी दाबी नपुग्ने ठहरी पर्सा जिल्ला अदालतबाट मिति २०६१।१२।२५ मा फैसला भएकोमा सो फैसलाउपर पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन पर्दा सुरूको फैसला सदर हुने ठहरी मिति २०६४।१।१७ मा फैसला भई सो फैसला अन्तिम भएर बसेको देखिने।

निवेदनमा उल्लिखित जग्गा कसको हो भन्ने सम्बन्धमा अदालतमा मुद्दा चली फैसलाबाट सो जग्गा वीरगञ्ज कारागारको जग्गा कायम भई अन्तिम भई बसेको अवस्थामा निवेदकले आफ्नो जग्गामा विपक्षीहरूले भोग गर्न हटक गरेको हुँदा निजहरूउपर निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी गरेको निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला मिलेको नै देखियो। यस्तो अवस्थामा निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणहरूबाट निवेदन दाबीको विवादित जग्गा निवेदकको निर्विवाद हकभोगको नदेखिई अदालतको फैसलाले कारागार कार्यालय वीरगञ्ज पर्साको देखिएको हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाले मिति २०७१।१।३ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल भदौ ५ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०२५९, निषेधाज्ञा / परमादेश, शिवप्रसाद मल्लाह वि. हरिशचन्द्र मुराउसमेत

निवेदकले आफ्नो भनेको जग्गाका सम्बन्धमा साँध सिमाना विषयमा अनिश्चिता भई विवाद भएको देखिएको हुँदा यसप्रकार विवाद सृजना भएमा जग्गा नाप जाँच ऐन, २०१९ को दफा ५ को व्यवस्थाअनुसार साँध, सिमाना सम्बन्धमा विवाद उठेमा ती कित्ताहरूको नाप जाँच बाँकी राखी अन्य कित्ता जग्गाहरूको नापी गर्नसक्ने गरी कानूनी व्यवस्था भएको देखिएकोले निवेदकको जग्गा नापजाँच नगरी एकमुष्ट डिजिटल नाप मात्र गरी नापी कार्यालयले राखेको कार्यलाई कानूनविपरीत भन्न सकिने अवस्था नदेखिने।

नापी टोलीले विवादित जग्गासमेतका जग्गाहरूको नापी कार्य पूर्ण गरी नसकेको र त्यसका कानूनी प्रक्रिया बाँकी नै रहेकोसमेत देखिएको छ। निवेदकको

जग्गा नापजाँच गरी अर्को व्यक्तिलाई धनी पुर्जा दिएको भन्ने अवस्था पनि छैन अथवा निजलाई जग्गा धनीपुर्जा नपाउने भनी नापी कार्यालयले निर्णय गरिसकेको अवस्था पनि देखिँदैन । यसरी कानूनबमोजिमकै प्रक्रियाअनुसार काम कारवाही भइरहेको र थप प्रक्रिया पूरा हुन बाँकी नै रहेको अवस्थामा निवेदकको भनिएको विवादित जग्गा निवेदकको नाउँमा नापजाँच गर्नु भनी परमादेशको आदेश जारी हुने अवस्था नै देखिन नआउने।

साँध सिमानाकै विवाद रहेको अवस्थामा निवेदकले आफ्नो भनेको जग्गामा निजको निर्विवाद हकसमेत रहेको मान्न नसकिने र निर्विवाद हकको विषय नभई अनिश्चित रहेको अवस्थामा निषेधाज्ञाको आदेशसमेत जारी हुन नसक्ने अवस्था रहेको तथा अन्य विपक्षीहरूले निवेदकलाई निजको घर जग्गा पसल भोग चलन गर्न रोक लगाएको वा लगाउने आशंकाको विद्यमानताको अवस्थासमेत स्थापित हुन नसकेको प्रस्तुत स्थितिमा निषेधाज्ञा र परमादेशको आदेश जारी हुने अवस्था नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणहरूबाट पुनरावेदन / निवेदन मागबमोजिम निषेधाज्ञा, परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नरहेकोले निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।८।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०२०६, उत्प्रेषण, प्रेमबहादुर खड्गी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ का प्रावधानहरूमध्ये दफा १४,१५ र १६ का व्यवस्थाहरू खरिद वा पैठारी गरिएका सवारी साधनको दर्तासँग सम्बन्धित रहेको देखिन्छ भने दफा १६८ को व्यवस्थाले यातायात सेवा सञ्चालनलाई प्रतिस्पर्धात्मक बनाउन निर्देशित गरेको देखिन्छ। ऐनका यी प्रावधानले सार्वजनिक हित अभिवृद्धिका लागि उपत्यकामा ट्याक्सी व्यवस्थापनको लागि निर्णय गर्न सरकारलाई (मन्त्रिपरिषद्लाई) कुनै निर्देश गरेको देखिएन, त्यसैगरी प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३ को उल्लिखित व्यवस्था व्यक्ति वा प्रतिष्ठानसँग सम्बन्धित रहेको देखिएको सन्दर्भमा सरकार (मन्त्रिपरिषद्)ले सार्वजनिक हितको लागि उपत्यकामा सञ्चालित ट्याक्सीको व्यवस्थापनलाई उपभोक्ता मुखी बनाउन आवश्यक निर्णय गर्नसक्ने नै देखिने।

मा. मन्त्रिस्तरबाट मिति २०७२।२।२८ मा भएको निर्णयका उल्लिखित व्यवस्था हेर्दा आवश्यक सर्त र प्रक्रिया पूरा गरी निवेदकले डिलक्स तथा सुपर डिलक्स ट्याक्सी दर्ताको प्रक्रियामा सहभागी हुनसक्ने नै देखियो साथै २०७२।१।१२ को भूकम्पबाट बढी प्रभावित १४ जिल्लाका बासिन्दाका लागि ५०० थान ट्याक्सी दर्ता गर्न सम्बन्धितहरूका लागि सूचना जारी गर्ने तथा पुराना र सञ्चालनमा नरहेका १८५० थान ट्याक्सी विस्थापन गर्नु पर्ने भएकाले सम्बन्धित साबिकमा दर्ता रहेका ट्याक्सी धनीलाई दर्ता गर्न पहिलो प्राथमिकता दिई सूचना जारी गर्ने भन्ने व्यवस्था रहेबाट सम्बन्धितहरूबीच प्रतिस्पर्धा हुने अवस्था कायमै रहेको देखिएकाले मन्त्रीस्तरबाट भएका उक्त निर्णयका व्यवस्थाहरूबाट सवारीमा कोटा प्रणाली लागू गरी एकाधिकार कायम गरियो भन्ने रिट निवेदकको भनाईलाई तर्कपूर्ण र विवेकसङ्गत भनाई मान्न नमिल्ने।

साबिक ट्याक्सी दर्ता गरेका पुराना दर्तावालाका ट्याक्सी चल्न नसक्ने भई सञ्चालनमा नरहेकोले त्यस्ता ट्याक्सी विस्थापन गर्नु पर्ने भएकाले विस्थापित हुने ट्याक्सी दर्तावालालाई नयाँ ट्याक्सी दर्ता गर्न प्राथमिकता दिई गरिएका निर्णय तथा जारी गरिएको सूचना एवम् भूकम्पबाट प्रभावितहरूलाई ट्याक्सी दर्ता गर्न प्राथमिकता दिने गरी गरिएको निर्णय तथा तत्सम्वन्धमा जारी गरिएको सूचनाबाट सरकारले सार्वजनिक हितमा असर पर्ने गरी प्रतिस्पर्धात्मक प्रणालीलाई निस्तेज पार्न खोजेको नदेखिई साबिकका ट्याक्सी दर्तावाला र भूकम्पबाट प्रभावित समूहको हित गर्न खोजेको भन्ने देखिन्छ साथै सरकारको यो निर्णय एवम् कार्यबाट आम

नागरिक तथा ट्याक्सीका आमउपभोक्ताको हकहितमा प्रतिकूल असर परेको स्पष्ट आधार र तथ्यसमेत निवेदकले देखाउनसकेको नदेखिएबाट सरकारको उक्त निर्णयले सार्वजनिक हकहितमा प्रतिकूल असर पुऱ्याएको मान्न नमिल्ने।

अतः उल्लिखित तथ्य आधार र कारणसमेतका आधारमा नेपाल सरकार मा. मन्त्रीस्तरीय २०७२।२।२८ को निर्णय, २०७२।३।१६ र २०७२।४।१९ को गोरखापत्रमा प्रकाशित सूचना तथा २०७२।५।१५ को सूचना एवम् ती निर्णय र सूचनाका आधारमा भएका सोसम्बन्धी कामहरू कानूनविपरीत भए गरेको नदेखिई तिनबाट सार्वजनिक तथा निवेदकसमेतको हकहितमा प्रतिकूल असर परेको अवस्था नदेखिएबाट प्रस्तुत मुद्दामा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-११५६, उत्प्रेषण / परमादेश, वेदमणी पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निवेदकको रिट निवेदन तथा विपक्षीतर्फको लिखित जवाफसमेतका आधारमा गल्छी-त्रिशुली-मैलुङ स्याफ्रूवेशी-रसुवागढी सडक आयोजना-१, धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौंडा सडक आयोजना-१ र प्याकेज नं.१ Contract ID No.1 BBPCU-DB-SRN-072/073/029 NRS.1.95 Billions प्याकेज नं. २, Contract ID No.1 BBPCU-DB-SRN-072/073/030 NRS.1.59 Billions को ४३ वटा पुलहरू निर्माण सम्बन्धमा मिति २०७३।२।१६ मा अंग्रेजी राष्ट्रिय दैनिक "द काठमाडौं पोष्ट" मा प्रकाशित बोलपत्र सूचनामा सूचना नं. ०१।०७२।७३ र सूचना नं. १९।०७२।७३ का बोलपत्रसम्बन्धी सूचना र सोसम्बन्धी काम कारवाहीहरू बदर हुनुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने भए तापनि रिट निवेदनमा बदरको माग गरेको काम सम्पन्न हुने अवस्थामा पुगिसकेको भनी रिट निवेदकका तर्फबाट इजलासमा उपस्थित भई जानकारी गराउनुका साथै सोही बेहोरा उल्लेख गरी रिट निवेदकका तर्फबाट द.नं. १९२०।०७४।६।४ मा निवेदनसमेत प्राप्त हुन आएको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको भन्ने देखियो। अतः रिट निवेदन नै औचित्यहीन र निस्प्रयोजन भएको अवस्थामा रिट निवेदनको तथ्यभित्र प्रवेश गरी निर्णय गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०११६, उत्प्रेषण / परमादेश, मुरारी विक्रम शाह वि. काठमाडौं महानगरपालिका, बागदरबारसमेत

संविधान एवम् कानून प्रदत्त कुनै व्यक्तिको हक अधिकार हनन हुँदा वैकल्पिक उपचारको बाटो नभएको अवस्थामा अदालतको असाधारण अधिकार क्षेत्र गुहार्न सकिन्छ। तर त्यसरी हनन भएको अधिकार प्रचलन गराउन माग गरी असाधारण अधिकार क्षेत्रमार्फत अदालत प्रवेश गर्दा त्यस्तो अधिकार प्रचलन गर्न माग गरेको पक्षले उचित समयभित्र अदालत प्रवेश गरेको हुनुपर्दछ। अनावश्यक ढिलाई गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले त्यस्तो रिट निवेदनउपर सुनुवाइ गरी हक प्रचलन गराउन बाध्य हुन नसक्ने।

निवेदनमा बदर गर्न माग गरिएको निर्णय भएको लगभग २ वर्षपछि निवेदक अदालत प्रवेश गरेको देखिन्छ। जबकी सो निर्णय हुने बित्तिकै मिति २०७०।८।२३ को पत्रबाट कार्यान्वयनमा गएको देखिन्छ। यसबाट एकातर्फ यी निवेदक संविधानप्रदत्त आफ्नो हक अधिकारतर्फ सजग नरहेको देखिन्छ भने अर्कोतर्फ जुन निर्णय बदर गर्न निवेदकले माग गरेका छन् त्यो निर्णय २ वर्षअघि नै कार्यान्वयन भइसकेको देखिएको छ। अब त्यस्तो निर्णयलाई बदर गर्दा अन्य व्यक्तिको संविधानप्रदत्त हक अधिकारमा समेत आघात पर्न जाने देखिन्छ। तसर्थ विलम्बको सिद्धान्तले पनि प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्ने मिल्ने

नदेखिने।

निवेदकको कि.नं. २५८ समेतका जग्गाहरू मनोहरा जग्गा एकीकरण आयोजनाले फुकुवा गर्ने निर्णय गरी पत्राचार गरेको, निवेदकको जग्गा खोला कायम गर्ने गरी कुनै निर्णय आयोजनाले गरेको नदेखिएको र निवेदकले बदर गर्न माग गरेको निर्णय भएको मितिले लगभग २ वर्षपछि प्रस्तुत रिट निवेदन दायर गरेको देखिएकोले निवेदन मागबमोजिम मिति २०७०।७।५ को मनोहरा जग्गा व्यवस्थापन उपसमितिको निर्णय र मिति २०७०।८।२३ को पत्र बदर हुनुपर्दछ भनी निवेदन माग दाबीसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार कारण एवम् प्रमाणबाट मनोहरा जग्गा व्यवस्थापन उपसमितिको मिति २०७०।७।५ को निर्णयबमोजिम मनोहरा जग्गा एकीकरण आयोजनाले मिति २०७०।८।२३ मा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको नाममा गरेको पत्राचार कानूनविपरीत नरहेको साथै विलम्ब गरी प्रस्तुत निवेदन दर्ता गरेकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेश र परमादेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (उपसचिव): रामु शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०८६७, छुट जग्गा दर्ता, सुरेन्द्रबहादुर बस्नेत वि. मालपोत कार्यालय, बेलवारी मोरङ

कि.नं.२०९,२१०,२११,२१२,२१३ र २१४ को हकमा फिल्डबुकमा सो जग्गा आवादीको नजिक भएको हुनाले आवादलायक जङ्गल उल्लेख भएको र कि.नं.१४२ बाट कायम भएको केही जग्गा सुकुम्बासी समस्या समाधान आयोगबाट अन्य व्यक्तिलाई वितरण भइसकेको देखिँदा सो जग्गा साबिक नम्बरी नभई सरकारी प्रवृत्तिको देखिँदा दर्ता गर्न मिलेन भन्नेसमेत बेहोराबाट मालपोत कार्यालय बेलबारीबाट मिति २०६४।१२।११ मा निर्णय भएको देखिने।

मालपोत कार्यालयको निर्णयमा सो बेहोरा उल्लेख भएको र फिल्डबुकमा कि.नं.१४२ को जग्गाको किसान महलमा जङ्गल जनिए पनि कैफियतमा यो जग्गा आवादीको नजिक भएकोले आवादलायक जङ्गल उल्लेख भएको देखिन्छ। ईलाका वन कार्यालय बेलबारीमा रेन्जर इन्द्ररदेव राउतले मिति २०६१।५।११ मा पेस गरेको प्रतिवेदनमा दाबीको उक्त जग्गामा कृषिबाली धान, फलफूल, नरिवल, केरा र माछापालन खेती बहुमुखी कृषि फारमका प्रो.सुरेन्द्रबहादुर बस्नेतले गरी आएको तथा उक्त जग्गाभन्दा ५ कि.मि.उत्तर डाँगीहाट ५ मा मात्र राष्ट्रिय वन रहेको र दाबीको जग्गा वन सिमानाभित्र पर्दैन भन्ने बेहोरा सिफारिस भएको पाइन्छ । सोही बेहोराको सरजमिन भएको देखिन्छ। जिल्ला वन कार्यालयको च.नं.५४४ मिति २०६१।७।१७ को पत्रले पनि सो बेहोराको सिफारिस गरेको छ । पुनरावेदन अदालत विराटनगरको मिति २०६६।४।१४ को आदेशानुसार भई आएको नक्साबाट पनि निवेदकको भोग देखिने।

अतः उल्लिखित प्रमाणहरू र अन्य प्रमाणसमेतको मूल्याङ्कन भएको नदेखिएको मालपोत कार्यालय बेलबारीको मिति २०६४।१२।११ को टिप्पणी आदेश मिलेको नदेखिँदा सो आदेश सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६६।९।२६ मा भएको फैसला उल्टी भई जो जे बुझ्नु पर्ने हो बुझी सम्बद्ध प्रमाणको समुचित मूल्याङ्कन गरी पुनः निर्णय गर्नु गराउनु भनी पक्षलाई तारेख तोकी सुरू मिसिल मालपोत कार्यालय बेलबारीमा पठाइदिने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०६७६, उत्प्रेषण / परमादेश, राजु शमशेर ज.ब.रा. समेत वि. पुनरावेदन अदालत पाटनसमेत

निवेदन र लिखित जवाफमा उल्लिखित मिलापत्र बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रही रहेको अवस्थामा मालपोत कार्यालय कलंकीबाट उक्त मुद्दाहरूको कारवाही किनारा भएको जानकारीसहित माग गर्न आएका बखत कारवाही गर्ने गरी निवेदहरूको निवेदन मुल्तबीमा राख्ने गरी भएको आदेशमा कानूनी त्रुटिको विद्यमानता देखिन आएन । साधारण अधिकार क्षेत्रमार्फत प्रस्तुत विवादको निरूपण हुनसक्ने निवेदकहरूको कानूनी अधिकार

सुरक्षित नै रहेको अवस्थामा निवेदकहरूले असाधारण अधिकारक्षेत्रको अवलम्बन गरी प्रस्तुत निवेदन दिएको देखियो । यस अवस्थामा प्रत्यर्थीहरूको उक्त काम कारवाहीबाट निवेदकहरूको संवैधानिक तथा मौलिक हकमा आघात पुगेसम्मको अवस्था देखिन नआउने ।

अतः उल्लिखित आधार कारणबाट मिति २०६९।४।२४ र मिति २०६९।५।२७ मा भएको मिलापत्र बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेकोले सो मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा मिति २०७१।५।१८ को मालपोत कार्यालय कलंकीको र मिति २०७१।१०।२९ को पुनरावेदन अदालत पाटनको आदेश कानूनअनुरूप नै भएकोले निवेदन जिकिरबमोजिम बदर गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०८७३, परमादेश, ललित जंग शाही वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

अन्तरिम संविधानको धारा १२(१) र नेपालको संविधानको धारा १६ ले मानिसलाई जीवनको सुरक्षा प्रत्याभूत गरेको देखिन्छ । बाँच्न पाउने अधिकारले पशुवत् बाँच्न पाउने अधिकारलाई इंगित गरेको छैन । बाँच्न पाउने अधिकारमा सम्मानपूर्वक बाँच्न पाउने विषय अन्तरनिहित हुन्छ र यसले पोषणयुक्त खाना, रोजगारी, शिक्षा, स्वास्थ्य, आवासलगायतका वस्तु आफूभित्र समेटेको पाइन्छ । यी र यस्ता तत्त्वबेगर मानिसले सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रभावकारी रूपबाट उपभोग गर्नसक्ने अवस्था नरहने हुँदा विकासको अपरिहार्यता हुन्छ । समष्टिगत रूपमा बाँच्न पाउने अधिकार विकासविना सम्भव हुन नसक्ने हुनाले त्यसको लागि उर्जाको रूपमा विद्युतीय शक्तिको प्रभावकारी उत्पादन र वितरण अत्यन्त जरूरी हुने कुरामा द्विविधा हुन नसक्ने ।

जनतासँग प्रत्यक्ष सरोकार रहेको जनजीविकासँग सम्बन्धित कार्यहरू सञ्चालन तथा विकास आयोजनाहरूको कार्यान्वयनको लागि विद्युत् सेवाको पूर्वाधार आवश्यक तत्त्वको रूपमा रहेको हुन्छ । प्रजातन्त्रिक पद्धतिमा देशको सम्पूर्ण क्षेत्रहरूको सर्वाङ्गीण विकासको लागि जनप्रतिनिधिहरू सदैव तत्पर रहनु पर्ने हुन्छ । क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकास गर्ने र विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिने, विकासको प्रतिफल वितरणमा विपन्नलाई प्राथमिकता दिने जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिने नीति नेपालको अन्तरिम संविधानको धारा ३५(१) को राज्यका नीतिहरू र नेपालको संविधानको धारा ५१(च)(१)(२) को विकाससम्बन्धी नीतिले आत्मसात् गरेको कुरा नेपालको संविधानको अवलोकनबाट समेत स्पष्ट भएको पाइने ।

विकासको दृष्टिकोणबाट कर्णाली प्रदेश नेपालको पिछडिएको स्थान भएको तथ्य ज्ञातव्य छ । अशिक्षाको साथै स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता नभएको कारणबाट कर्णाली प्रदेशको प्रगति बाधक भएको छ । त्यसमा पनि विकासको आधारभूत तत्त्वको रूपमा रहेको उर्जाको अभाव रहेबाट उक्त प्रदेशका बासिन्दाले चाहिँदो उन्नति गर्नसकेको पाइँदैन । यी र यस्ता कुराहरूलाई हृदयङ्गम गरी आर्थिक वर्ष २०७१/०७२ को बजेट वक्तव्यमा विद्युत् सेवा विस्तारका कार्यक्रमहरू समावेश भएको देखिएपनि सोको प्रभावकारी कार्यान्वयन नभएको कुरा रिट निवेदकले जिकिर लिएकोमा लिखित जवाफ हेर्दा बजेट वक्तव्यलाई मूर्तरूप दिने प्रारम्भिकरूपमा केही कार्य सम्पन्न भए पनि नतिजामूलकरूपमा सम्पूर्णता प्राप्त भएको तथ्य स्पष्ट भएको नदेखिने ।

देशमा अमनचैन कायम गर्नमात्र राज्यको उद्देश्य भएको प्राचीन मान्यता परिवर्तन भई राज्यको उद्देश्य सम्पूर्ण देशबासीको कल्याण भएको भन्ने नवीनतम मान्यता आत्मसात् गरी सोहिअनुसार क्षेत्रीय सन्तुलन कायम गरी सम्पूर्ण देशबासीको सर्वाङ्गीण विकास गर्न अपरिहार्य भएबाट निवेदकको मागबमोजिम जुम्ला जिल्लामा जलविद्युत् विकासको सर्वेक्षण, उत्पादन, प्रसारणको लागि प्रभावकारीरूपबाट आवश्यक व्यवस्थाको साथै उपयुक्त बजेट व्यवस्थापनसमेत गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल कात्तिक १ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१०४९ र ०७४-CR-०२३२, कर्तव्य ज्यान, नेपाल सरकार वि. नवराज कुँवर र नवराज कुँवर वि. नेपाल सरकार

मिति २०७०।२।३१ मा कुटपिट भएकोमा उपचारकै क्रममा मिति २०७०।३।८ मा मृतकको मृत्यु भएको देखिएको तथा शव परीक्षण गर्ने विशेषज्ञ डा. तुलसी कँडेलले मृतक मुटुको रोगी भएको र निजको टाउकोमा चोट लागेको कारण मुटुको चाप बढ्न गई ब्रेनमा रक्तस्राव भई मृत्यु भएको भन्ने बेहोराको बकपत्र अदालतमा गरेको देखिएकोले ब्रेनमा रक्तस्राव हुनुको मूल कारण कुटपिटबाट टाउकोमा लागेको चोट नै हो भन्ने देखिन आएको अवस्था हुँदा शव परीक्षण गर्ने विशेषज्ञ डाक्टरले टाउकोको चोट वा कुटाइकै कारण मृतकको मृत्यु भएको भनी अदालतमा आई स्पष्ट भन्न नसकेकोले आफूले सफाइ पाउनुपर्छ भन्ने पुनरावेदक प्रतिवादी नवराज कुँवरको पुरावेदन दाबी औचित्यपूर्ण र तर्कसङ्गत नदेखिँदा निजलाई सफाइ दिन मिल्ने नदेखिने।

मिति २०७०।२।३१ मा कुटपिट भएको देख्ने प्रत्यक्षदर्शी रहेका वस्तुस्थिति मुचुल्काका मानिसहरूले अदालतमा आई बकपत्र गर्दासमेत कुटपिट गर्दा कुनै लाठा ढुङ्गा वा हतियार प्रयोग भएको थियो भनी भन्नसकेको नदेखिनुका साथै मृतकको शरीर (टाउको) मा लागेको निलडाम चोट तथा घाउ जाँच केस फाराम प्रतिवेदन हेर्दा पनि मृतकलाई कुटपिट गर्दा जोखिमी हतियार प्रयोग भएको भन्ने देखिँदैन। झगडाको कारण हेर्दा मृतक र प्रतिवादी दुवै जोगी रहेका र प्रतिवादीले फेरी लगाई आफूले प्राप्त गर्नुपर्ने दान दक्षिणा मृतकले लगेको कारण मृतकउपर कुटपिट भएको भन्ने देखिँदा प्रतिवादीले मृतकलाई पूर्वयोजना बनाई, ज्यान मार्ने मनसायले कुटपिट गरेको भन्ने वादी पक्षको तर्क मनासिब नदेखिने।

मिति २०७०।२।३० गते राति आफूले फेरी लगाएको र दान दक्षिणा लिन जाँदा मृतकले दान दक्षिणा लगिसकेको भन्ने जानकारी सम्बन्धितहरूबाट प्राप्त भएकोले निजलाई फेला पारी अब आइन्दा मेरो एरियामा नआउनु भनी सम्झाई बुझाई २ थप्पड हानेको भनी प्रतिवादी नवराज कुँवरले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट देखिएको तथा ज्यान मार्ने योजना र मनसायले कुटपिट गरेको तथ्य पुष्टि हुने विश्वसनीय आधार प्रमाण वादी पक्षबाट पेस हुनसकेको नदेखिएबाट प्रस्तुत मुद्दाको वारदात मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) अन्तर्गत पर्ने प्रकृतिको देखिन नआउने।

प्रतिवादीसँग मृतकलाई मार्ने पूर्वयोजना तथा मनसाय भएको नदेखिएको तथा निजले आफूले फेरी लगाएबापत पाउनु पर्ने दान दक्षिणा लिएको कारण प्रतिवादीलाई रिस उठिरहेको र सोही समय मृतकसँग भेट भएकोले निजलाई हात मुक्काले हिर्काएको भन्ने तथ्य स्थापित हुन आएको र सोही हिर्काइको चोटबाट घाइते भई उपचारार्थ अवस्थामै मिति २०७०।३।८ निजको मृत्यु भएको देखिएबाट प्रस्तुत वारदात मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. अन्तर्गत पर्ने प्रकृतिको देखिने।

अतः प्रतिवादी नवराज कुँवरसँग ज्यान मार्ने पूर्वयोजना र मनसाय भएको नदेखिएको कुटपिटमा हातहतियार प्रयोग भएको नपाइएको, लुकी चोरी हानेको नदेखिएको तथा आफूले काम गरेबापत पाउनु पर्ने दान दक्षिणा लगिदिएबापत रिस उठिरहेको अवस्थामा मृतकसँग भेट हुन गई सोही स्थानमा भएको कुटपिटबाट लागेको चोटको कारण उपचारार्थ अवस्थामै मृतकको मृत्यु भएको प्रस्तुत वारदातलाई मुलुकी ऐन ज्यानसम्बन्धीको १४ नं. अर्न्तगतको कसुर ठहर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी तथा प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकार दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल
कम्प्युटरः कृष्णमाया खतिवडा
इति संवत् २०७४ साल पुस २८ गते रोज ६ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CR-०९७५, लागु औषध, दिपेन्द्र कार्की वि. नेपाल सरकार

प्रतिवादीले सेवन प्रयोजनका लागि मात्र बरामदी लागु औषध ल्याएको भन्ने तथ्य बरामद भएको लागु औषधको परिमाणबाट र सेवनको लागि मात्रा छुट्याई तयार गरिएको अवस्था नभई एकमुष्ट पलाष्टिकमा पोको पारेर राखेको अवस्थाबाट पुष्टि हुनसकेको देखिँदैन । सेवन प्रयोजनकै लागि खरिद गरिएको भन्ने भरपर्दो प्रमाण मौजुद रहेको नदेखिएकोले प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । निजले बरामदी लागु औषध सहप्रतिवादीसँग साथमा गई भारतबाट खरिद गरी ल्याएको सन्दर्भ र बरामदी लागु औषधको मात्रासमेतलाई दृष्टिगत गर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) अनुसारको कसुर गरेको पुष्ट्याई भएकोले यस अदालतबाट दोहोर्‍याई हेर्ने अनुमति दिँदा लिइएका आधारसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादी दिपेन्द्र कार्कीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम पाँच वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०७३।५।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री मीरा खड्का,** ०७२-CI-२०५०, अंशचलन, पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे

वादीले प्रतिवादीबाट अंश पाउने वा नपाउने भन्ने भई वादी दाबीको सम्पत्ति प्रतिवादी पिङ्की रेग्मी घिमिरेले प्राप्त गरेको सम्पत्तिको स्रोत जीवनप्रसाद खनाल र जेनेभा उपाध्याय सुवेदीबाट गरी लिएको राजीनामा भएबाट विवादको सम्पत्ति अंशबन्डाको प्रयोजनको लागि पैतृक सम्पत्ति बिक्री गरी प्राप्त पैसाले खरिद गरेको भन्ने वादी दाबीतर्फ हेर्दा वादी विनोद घिमिरे मिति २०६८।११।४ मा आफ्ना पिता शम्भुराज घिमिरेसँग छुट्टिभिन्न हुँदा वादी विनोद घिमिरेलाई २०६२ सालमा निजका बाबुले केही नगद तथा अचल सम्पत्ति दिएको भनी बन्डापत्रमा उल्लेख गरेको पनि देखिँदैन । विपक्षीका पिताले उक्त विवादित जग्गा खरिद गर्न रकम दिएको भन्ने निजको कथनको पुष्टि प्रमाणद्वारा गर्नसकेको पनि देखिँदैन । त्यसैगरी उक्त मिति २०६८।११।४ को बन्डापत्रमा पुनरावेदक प्रतिवादीका नाउँ दर्तामा रहेको उक्त कि.नं. २९९ को जग्गाको बारेमा कहीँकतै केही उल्लेख भएको पनि देखिँदैन । उक्त जग्गामा वादीका बाबु शम्भुराज घिमिरेले कहीँकतै दाबी गरेको पनि देखिँदैन । पुनरावेदक पिङ्की रेग्मी घिमिरेले विवादित साबिक कि.नं. २९९ को जग्गा निजले स्त्री अंशधनको ४ नं. बमोजिम आर्जित गरेको भन्ने नै देखिने ।

यसर्थ विवेचित आधार कारणबाट सो कि.नं. २९९ को जग्गा २०६२ सालमा पुनरावेदकका बाबुले खरिद गरी दिएको जग्गाबाट वादीले अंश पाउँछ भन्न न्यायको दृष्टिमा मिल्ने देखिँदैन । तसर्थ जग्गा दाता जीवनप्रसाद खनाल र जेनेभा उपाध्याय सुवेदीबाट खरिद गरी लिएको उक्त साबिक कि.नं.२९९ को जग्गाबाट वादीले ४ भागको १ भाग अंश पाउने ठहर्‍याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।८।२७ मा भएको फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई उक्त कि.नं. २९९ को जग्गाबाट अंश पाउन नसक्ने ठहर्छ । सोबाहेकका बन्डा लाग्ने अन्य सम्पूर्ण सम्पत्तिमध्येबाट वादीले ४ भागको १ भाग अंश छुट्याई लिन पाउने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CI-२०५१, ०७२-CI-२०६०, लिखत दर्ता बदर, पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे र शकुन्तला रेग्मी वि. विनोद घिमिरे
- ०७२-CI-२०५२, ०७२-CI-२०५८, लिखत दर्ता बदर, पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे र विष्णुकुमारी पोखरेल वि. विनोद घिमिरे
- ०७२-CI-२०५३, ०७२-CI-२०५९, लिखत दर्ता बदर, पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे र रोजी रेग्मी वि. विनोद घिमिरे
- ०७२-CI-२०५४, ०७२-CI-२०५७, लिखत दर्ता बदर, पिङ्की रेग्मी घिमिरे वि.

विनोद घिमिरे र बबी रेग्मी वि. विनोद घिमिरे

- ०७२-CI-२०५५, ०७२-CI-२०५६, लिखत दर्ता बदर, पिङ्की रेग्मी घिमिरे वि. विनोद घिमिरे र सुप्रिया रेग्मी वि. विनोद घिमिरे

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CR-०७८५, निर्वाचन बदर गरिपाऊँ, बालकृष्ण श्रेष्ठ वि. नेपाल एस.वि.आइ. बैंक लि. के.का. हात्तीसारसमेत

पुनरावेदकले अवैधरूपमा कम्पनीको साधारण सभाबाट मिति २०६७।०९।२७ मा एस.वि.आइ. बैंकका सञ्चालकमा निर्वाचित भएका भनिएका विपक्षीमध्येका मनोजकुमार अग्रवालको उक्त चार वर्षको पदावधि समाप्त भइसकेको देखिन आयो । यसरी बदर गरिपाउँ भनी दाबी लिएको निर्वाचनबाट निर्वाचित सञ्चालकको पदावधिसमेत समाप्त भइसकेको अवस्थामा मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्वाचनका वैधता र अवैधता सम्बन्धमा हेरी निर्वाचन बदर गर्नुपर्ने तथा नपर्ने सम्बन्धमा विचार गरी निर्णय गर्नुको कुनै औचित्यता रहे भएको देखिन नआउने ।

अतः माथि उल्लेख भएअनुसार यी निवेदकले गैरकानूनी रूपमा निर्वाचित भएको भनी दाबी लिएका नेपाल एस.वि.आइ.बैंकका सञ्चालक पदमा निर्वाचित मनोजकुमार अग्रवालको पदावधिसमेत समाप्त भइसकेको देखिएकोले मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय गर्नुको कुनै औचित्य नरहेकोले गैरकानूनी निर्वाचन बदर गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०६८।०७।०३ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल माघ २ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७०-CR-०११६, अवैध वन पैदावर चोरी कटानी गरेको, नेपाल सरकार वि. कर्णबहादुर जि.सी. समेत

सहायक वन अधिकृत सरयुगप्रसाद चौरसीयाले मिति २०६६।७।१७ मा तयार गरेको नोक्सान भएको काठको बिगो तालिका हेर्दा साल जातका १५ थान ठुटा वनभित्र नोक्सान भएको सोको परिमाण ५१५।०० क्यू. फिट हुन आएको र प्रति क्यू. फिट रू.२५०।- का दरले हुने रकम रू.१,२८,७५०।- बिगो बराबरको काठ अवैध रूपमा कटान गरी हानि नोक्सानी गरेको भन्ने उल्लेख भएको देखिन्छ । उक्त मिति २०६६।७।१७ को तालिकाको परिमाण र बिगोलाई नै नोक्सान भएको बिगो मान्नु पर्ने ।

तसर्थ, प्रतिवादीहरूलाई वन ऐन, २०४९ को दफा ५०(१) (घ) (४) बमोजिम सजाय गर्ने ठहर गरेको सुरू गुल्मी जिल्ला अदालतको मिति २०६८।६।४ को फैसला केही उल्टी भई प्रतिवादीमध्येका चुराबहादुर खत्रीको मृत्यु भइसकेको भन्ने देखिँदा अदालती बन्दोबस्तको १७६ नं. ले निजलाई खतबात नलाग्ने हुँदा निज चुराबहादुर खत्रीबाहेकका अन्य प्रतिवादीहरू कर्णबहादुर जि.सी., (खिल्ली साईला), हरिबहादुर गन्धर्व, ओमबहादुर वि.क., राजबहादुर वि.क., इन्द्रबहादुर सोमै, कर्णबहादुर जि.सी. (अध्यक्ष), फूलकुमारी रायमाझी, कर्णबहादुर पाण्डे, ओम बहादुर रायमाझी, नर बहादुर कुँवर, केशबहादुर जि.सी., ओमकुमारी जि.सी., चित्रा शाही, विष्णु कुमारी पाण्डे, दामबहादुर सोमैलाई वन ऐन, २०४९ को दफा ५०(१) (ञ) बमोजिम जनही रू.१०००।– (एक हजार रूपैयाँ) का दरले जरिवाना भई ५१५ क्यू. फिट काठको प्रति क्यू. फिट रू.२५०।- का दरले हुने जम्मा रू. १,२८,७५०।– (एक लाख अट्ठाईस हजार सात सय पचास रूपैयाँ) बराबरको बिगो प्रतिवादीहरूबाट दामासाहीका हिसाबले भरि भराउ हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।९।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-००५६, अपुताली हक कायम दर्ता चलन, नन्दलालप्रसाद यादव वि. ओमप्रकाश राय यादवसमेत

मर्ने व्यक्तिको कुनै छोरा सन्तान नभएको तथ्यमा विवाद भएन । वादीले मर्ने व्यक्तिलाई स्याहार सम्भार गरेको भनी दाबी लिएकोमा सो सम्पत्तिबाट आधा हक

प्राप्त गर्नसक्ने प्रतिवादीहरूले वादी र आफूहरू समेतले स्याहारसम्भार गरेको नभई विश्वनाथकी बहिनी राजपती देवीले स्याहार सम्भार टहल चाकर गरेको भनी प्रतिउत्तर फिराएको र वादीले स्याहार सम्भार गरेको भन्ने दाबी खण्डित भएको यस्तो अवस्थामा विश्वनाथ र निजको श्रीमतीलाई सेवा सुसार औषधो उपचार हामी वादी प्रतिवादीले गरी मृत्युपश्चात् काज क्रिया, श्राद्ध गरेको भन्ने वादीको दाबी प्रमाणित हुनसकेको नदेखिने।

वादीको भनाई मूलतः आफू र प्रतिवादीहरू मर्ने व्यक्तिको हकदार भएकोले मर्ने व्यक्तिसँगको नाताको आधारमा आफूले समेत अपुताली परेको सम्पत्तिमा हिस्सा पाउनु पर्ने भन्ने जिकिरमा आधारित देखिन्छ । तर प्रस्तुत विवाद अंशको सम्बन्धमा परेको नभई अपुताली सम्बन्धमा परेको देखिन्छ । अंश र अपुतालीका विषयहरू झट्ट हेर्दा उस्तै देखिने भए पनि पृथक विषयहरू हुन् । अंशको विवादमा अंशियार हुनलाई नाता सम्बन्ध महत्त्वपूर्ण हुन्छ । तर अपुतालीको सम्बन्धमा माथि विवेचना गरिएअनुसार स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको सम्पत्तिको हकदार मानिएको देखिन्छ । बाँचुञ्जेल मर्ने व्यक्तिलाई स्याहार सम्भार नगर्ने, आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दाबी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने कुरालाई प्रस्तुत कानूनी व्यवस्थाले अनुमति दिएको नदेखिने।

अतः राजपति देवी अपुतालीको ११ नं. अनुसार मर्नेका स्याहार सम्भार गर्ने व्यक्ति भएकोले निज विश्वनाथ र निजको श्रीमतीको सम्पत्तिमा स्वाभाविक रूपमा हक लाग्ने व्यक्ति देखिएको हुँदा सुरु जिल्ला अदालतले वादी दाबीबमोजिम हुने ठहऱ्याई गरेको फैसला उल्टी हुने ठहर्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-०२४९, लिखत बदर, सिरसुभा गुरूङस्यानीसमेत वि. विष्णुमायाँ श्रेष्ठ

कित्ता नं. २९५ बाट कित्ताकाट गरी लिएको कि.नं. २९५ मा नै १-०-२-३ भई अन्य जग्गा बाँकी रहेको देखिन्छ भने अन्य ४२ रोपनीभन्दा बढी जग्गा छ भनी प्रतिउत्तर पत्रमा उल्लेख गरेको तथ्यलाई अप्रत्यक्ष रूपमा पुनरावेदन पत्रमा पुनरावेदक वादीले स्वीकार गरेको नै देखिन्छ । तसर्थ आधाभन्दा धेरै जग्गा बढी भएको स्थितिमा विवादित कि.नं. ३५३ को जग्गा प्रतिवादी डिल्लीराम गुरूङले मिति २०४५।१२।२५ मा सुविमाया पाध्यबाट राजीनामाको लिखतद्वारा प्राप्त गरेको भन्ने तथ्यमा विवाद नरहेको हुँदा सो सम्पूर्ण जग्गामा प्रतिवादी डिल्लीराम गुरूङको हक रहेको भन्ने देखिन आउने।

विवादको कि.नं. ३५३ को जग्गा प्रतिवादीले राजीनामाबाट प्राप्त गरेको र प्रतिवादी विष्णुमायालाई बिक्री गरेको जग्गाभन्दा अत्यधिक बढी पैतृक जग्गा बाँकी नै रहेको अवस्थामा लेनदेन व्यवहारको १० नं. तथा अंशबन्डाको १९ नं. को कानूनी व्यवस्थाबमोजिम अन्य अंशियारलाई बन्डा गर्नु नपर्ने आफूखुशी गर्न पाउने र बिक्री वितरण गर्दा कसैको मन्जुरीसमेत लिन नपर्ने भएकोले घरको मुख्य व्यक्तिको हैसियतले बाबु तथा पति डिल्लीराम गुरूङले आफ्नो पालामा आर्जेको अचल सम्पत्ति राजीनामा पारित गरी हक हस्तान्तरण गरेको कार्यलाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार कारणबाट दाबीको कि.नं. ३५३ को घर जग्गा यी प्रतिवादी डिल्लीराम गुरूङले अन्य व्यक्तिबाट प्राप्त गरेकोमा मिति २०६८।६।६ मा प्रतिवादी विष्णुमाया श्रेष्ठलाई राजीनामा पारित गरिदिएको देखिँदा लेनदेन व्यवहारको १० नं., तथा अंशबन्डाको १९(२) नं. बमोजिम आफ्नो पालामा आर्जन गरेको र आफूखुशी गर्न पाउने र बन्डा गर्न कर नलाग्ने सम्पत्तिको परिभाषाभित्र पर्ने हुँदा सोही जग्गा निज डिल्लीराम गुरूङले प्रतिवादी विष्णुमाया श्रेष्ठलाई र.नं.१६५६ बाट मिति २०६८।६।६ मा पारित गरिदिएकोले सो राजीनामा लिखत बदर गरिपाउँ भनी यी वादीले गरेको दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७०।१२।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-RB-००९४, बैंकिङ कसुर, नेपाल सरकार वि. भोलानाथ साह

प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा कसुरमा इन्कारी भई बयान गरेको देखिन्छ । बरामदी मुचुल्काबमोजिम बरामद भई आएका विभिन्न बैंकहरूका CARD, VIS CARD तथा SCT कार्डको प्रयोगबाट उल्लिखित बैंक खाताबाट रकम झिकी लिएको पुष्टि हुनसकेको देखिँदैन । बरामद भई आएका कार्डका खातावाला व्यक्तिहरूले मौकामा कागज गर्दा आफूहरूले नै रकम झिक्न दिएको भनी लेखाइदिएको कुरालाई अदालतसमक्ष बकपत्र गर्दा सोही बेहोरालाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ। प्रमाणको भार शंकारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादी भोलानाथ साहले कसुर गरेको कुरा वस्तुनिष्ठरूपमा वादी पक्षले पुष्टि गर्नसकेको नदेखिँदा पुनरावेदन अदालत हेटौंडाबाट निज प्रतिवादी भोलानाथ साहलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०७१।३।२४ मा भएको फैसला मनासिब भएकोले सदर हुने।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ ९ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-WO-०५४९, उत्प्रेषण, मिनाकुमारी मर्सानीसमेत वि. इन्दिरादेवी मर्सानी श्रेष्ठसमेत

मुलुकी ऐन अशबन्डाको १८ नं र लेनदेन व्यवस्थाको ८ नं. ले घरको मुख्य भई कामकाज गर्ने व्यक्तिलाई ऋण लिन पाउने अधिकार सुम्पेको देखिन्छ। तर यो अधिकार निरपेक्ष होइन। यो अधिकारसँगै कर्तव्य पनि जोडिएको छ । त्यसकारण उल्लिखित नम्बरहरूमा भएको कानूनी व्यवस्थाको मनसाय र उद्देश्य सगोल परिवारका सदस्यहरूको लालनपालन, शिक्षादिक्षा, औषधोपचार वा उन्नति र भलाईको लागि असल नियत र उद्देश्यले लिएको ऋण सगोलका सबै सदस्यले तिर्नु बुझाउनु पर्ने कानूनी कर्तव्य निर्धारण गरेको बोध गर्न सकिन्छ । सगोलका परिवारलाई थाहा जानकारी नै नभएको, निजहरूको लालनपालन, हित कल्याणमा प्रयोग नभए नगरिएका सगोल परिवारका सदस्यहरूको हकमा समेत घरको मुख्यले लिएको ऋणको दायित्व थोपर्नु उक्त कानूनी व्यवस्थाको मनसाय र भावना नहुने।

अंश मुद्दा दर्ता भइसकेपछि जुनसुकैबेला खडा गर्न सकिने घरायसी कपाली तमसुकको आधारमा लेनदेन मुद्दा परेको र साहु जगनबहादुर गुरूङले यी विपक्षी इन्दिरादेवीबाट समेत सो कर्जा भराइ पाउनुपर्ने हो भनी विवाद उठाएको देखिन आएन । अंश मुद्दामा देखिएका तथ्य प्रमाणहरूको उक्त विवेचनाबाट लेनदेन मुद्दाको फैसलाले ठहऱ्याएको ऋण असुली विपक्षी इन्दिरादेवीसमेतबाट हुनसक्ने अवस्था देखिँदैन । अतः फैसलाअनुसार निवेदन दाबीको ऋण तिर्ने कानूनी कर्तव्य निवेदक अमृतप्रसाद मर्सानीउपर रहेको देखिन्छ। तसर्थ, वादीहरूको अंशमा परेको हदसम्म लेनदेन मुद्दाबाट रोक्का रहेको घर जग्गा फुकुवा गर्ने गरी भएको कास्की जिल्ला अदालत र पुनरावेदन अदालत पोखराले गरेको आदेशबाट निवेदकहरूको संवैधानिक र कानूनी हकमा आघात पुगेको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०५४५, हालैको लिखत बदरसमेत, मिनाकुमारी मर्सानीसमेत वि. इन्दिरादेवी मर्सानी श्रेष्ठसमेत

प्रत्यर्थी प्रतिवादी इन्दिरादेवी मर्सानीका आय आर्जनका स्रोत र निजले बकसपत्रबाट प्राप्त गरेको जग्गा बिक्री गरी थप कमाई गरेको तथ्यलाई मध्यनजर गर्दा निजले विवादित जग्गा खरिद गरी घर निर्माण गर्नसक्ने स्वाभाविक अवस्था देखिएको छ। घर बनाउँदा लागेको ऋणपछि जग्गा बेचेर तिरेको भन्ने प्रत्यर्थी प्रतिवादीको जिकिर देखिन्छ। निजले जग्गा बेचेको तथ्य पनि स्थापित छ । केदारप्रसाद मर्सानीले गरेको बकपत्रले पनि सो तथ्यलाई समर्थित गरेको देखिन्छ। यस अवस्थामा पहिला जग्गा खरिद गरी पछि घर निर्माण गरेको र सो घर निर्माण

गर्दा लागेको ऋणपछि जग्गा बिक्री गरी प्राप्त रकमसमेतबाट तिरेको भन्ने प्रत्यर्थी प्रतिवादी इन्दिरादेवीको जिकिर स्वाभाविक देखिने।

मुलुकी ऐन दानबकसको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिन हुने कानूनी व्यवस्था देखिन्छ। त्यसैगरी स्त्री अंशधनको १ नं. ले कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल सम्पत्ति आफूखुश गर्न पाउने कानूनी व्यवस्था देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार आफ्नो हक पुग्ने र आफूखुश गर्न पाउने सम्पत्ति जो सुकैलाई जहिलेसुकै जुनसुकै बेहोराले हक हस्तान्तरण गर्न पाउने देखिन्छ । विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादी इन्दिरादेवी मर्सानीको स्वआर्जनका विश्वसनीय स्रोतहरू मौजुद रहेको पुष्टि भएकोले विवादित कि.नं. २९३ को जग्गा र सोमा बनेको घरसमेत प्रत्यर्थी प्रतिवादी इन्दिरादेवी मर्सानीको स्वआर्जनको भई उल्लिखित कानूनी व्यवस्थाबमोजिम निजले आफूखुश गर्न पाउने प्रकृतिको सम्पत्ति देखिने।

तसर्थ दिने प्रतिवादी इन्दिरादेवी मर्सानी श्रेष्ठ र लिने रमलादेवी श्रेष्ठ लिने भई २०६३।९।१८ मा पारित हालैको बकसपत्रअनुसारको कि.नं. २९३ को जग्गा र सोमा बनेको घरसहितको सम्पत्तिको लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०६७।९।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

- यसै लगाउको ०६९-CR-०३४४, जालसाजी, मिनाकुमारी मर्सानीसमेत वि. इन्दिरादेवी मर्सानी श्रेष्ठसमेत

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०७९० र ०७५५, घर उठाई खिचोला मेटाई चलन चलाई पाऊँ, छुतहर्निया देवी मलाह वि. सुनितादेवी मुखियासमेत र मकसुदन मलाह वि. छुतहर्निया देवी मलाह

प्रतिवादीहरूले वादी दाबीको घरहरू आफ्नो जग्गामा ५०-६० वर्ष पहिले निर्माण गरी बसोबास गरी आएको भनी जिकिर लिएपनि सोको कुनै प्रमाण पेस गर्नसकेको पाइँदैन। उक्त विवादित घरहरूमध्ये न.नं.२ को क्षेत्रफल ०-०-४.४१ रहेको देखिन्छ। नक्सा मुचुल्कामा सहिछाप गर्ने मानिसहरूले विवादित न.नं. २ को घरसमेत नयाँ निर्माण गरेको भनी लेखाएको पाइन्छ भने सो न.नं.२ को जग्गा वादीकै साबिक कि.नं.१४ तर्फ गएको नक्सा मुचुल्काबाट देखिएको छ। प्रतिवादी मकसुदन मलाहको पुनरावेदन जिकिर हेर्दा खिचोला ठहर गरेको पुनरावेदन अदालतको फैसलामा के कुन कारणले के कस्तो त्रुटि विद्यमान छ भनी देखाउन सकेको पाइँदैन। यसको अलावा खिचोला ठहर गरेको न.नं.२ को जग्गा वादीको होइन भनी प्रतिवादीले जिकिर लिएपनि आफ्नो हो भनी प्रतिउत्तरसाथ कुनै प्रमाण पेस गर्नसकेको पनि देखिएन । वादीले आफ्नो हकको स्रोत भनी पेस गरेको २००४ सालको नापीबमोजिमको मिन्ही साबिक कि.नं.१४ को जग्गा एवम् नरप्रतापबाट खरिद गरेको कि.नं.१०२१मध्येको ०-०-७ जग्गासमेतको लिखतहरूबाट वादीको हकभोगको जग्गाको क्षेत्रफल ०-०-१५ रहेको भन्ने स्पष्ट देखिइरहेको अवस्थामा उक्त न.नं. २ को जग्गा खिचोला ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

तसर्थ भई आएको नक्सा कुण्डलीको न.नं. २ को जग्गासम्म प्रतिवादीले खिचोला गरेको ठहऱ्याउनु पर्नेमा न.नं. ३ को समेत खिचोला ठहऱ्याएको सप्तरी जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६९।१०।३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटरः बासुदेव गिरी

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-००५४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रविन मुस्याख्वसमेत

प्रहरीद्वारा बरामद भई दाखिला भएको हेलमेट, छुरा (चक्कु) थान -१, मोटरसाइकलको सक थान -१ देखाउँदा देखि पाएँ, हेलमेट मृतक सुजन पौडेलले लगाई आएको हेलमेट हो भने छुरा (चक्कु) र मोटरसाइकलको

शक मृतकहरूलाई प्रहार गरी हत्या गर्नको लागि प्रयोग गरेका हतियारहरू हुन् भनी प्रतिवादी निरन मानन्धर, बम भन्ने रूकेश बोछें, अगेश गाम्बन्जार, रविन मुस्याख्व, सुजन सैंजु, रूकेश कुसी र किरण सुवालले सनाखतसमेत गरेको देखिन्छ । मौकामा कागज गर्ने मानिसहरू सूर्यप्रसाद पौडेल, सुन्दर चौलागाई, डेगबहादुर खड्का, मिरा पुरी र राधा पौडेलले सुजन पौडेल र विद्यालक्ष्मी शाखकर्मीलाई निरन मानन्धर, बम भन्ने रूकेश बोंछे, अगेश गाम्बन्जार, मन्त्री भन्ने रविन मुस्याख्व, डल्लु भन्ने सुजन सैंजु, रूकेश कुसी र आलु भन्ने किरण सुवालले धारिलो हतियारसमेत प्रहार गरी हत्या गरेका हुन् भनी यकिनका साथ उल्लेख गरेका छन् भने अदालतमा गरेको बकपत्रमा पनि सोही बेहोरालाई समर्थन गरेको देखिने।

प्रतिवादीहरूउपर परेको किटानी जाहेरी, बरामद भएका चक्कु र मोटरसाइकलको सक आफूहरूले मृतकहरूलाई मार्नको लागि प्रयोग गरेको भनी प्रतिवादीहरूले सनाखत गरेको अवस्था, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा कसुर अपराध स्वीकार गरी साबिती बयान गरेको र लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्ट तथा बरामद भएका दशीको सामानहरूबाट उक्त बयान समर्थित भएको अवस्थामा यी प्रतिवादीहरूले मृतकहरूलाई निर्मम तरिकाले कुटपिट गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको फैसला गर्ने गरी भक्तपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७२।२।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटरः बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ ७ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WH-०००३, बन्दीप्रत्यक्षीकरण, टंकबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, चौतारासमेत

निवेदक राम श्रेष्ठको बाबु बाजेको नाम तथा डाँका मुद्दाको प्रतिवादी राम श्रेष्ठको बाबु बाजेको नाममा मिलेकै देखिन्छ । त्यसैगरी निवेदकको नागरिकतामा वतनमा सिन्धुपाल्चोक जिल्ला सानो सिरूवारी गा.वि.स. रहेको देखिन्छ भने थुनुवा पुर्जीमा पनि सोही गा.वि.स. उल्लेख भएको देखिन्छ । केवल वडा नं. को हकमा मात्र सामान्य फरक रहेको देखिन्छ । यसरी निवेदकको बाबु र बाजेको नाम मिलेको तथा वतनको हकमा समेत जिल्ला र गाउँ विकास समिति मिली केवल वडा नं. को हकमा मात्र सामान्य फरक परेको देखिएकोमा यी रिट निवेदक राम श्रेष्ठ र डाँका मुद्दामा सजाय पाएको राम श्रेष्ठ अलगअलग व्यक्ति हुन् भनी भन्न नसकिने।

त्रुटिवश सिन्धुली जिल्ला अदालतको सट्टा सर्लाही जिल्ला अदालत लेखिन गएकोमा मिति २०७४।४।९ गतेको दिन नै उक्त बेहोरालाई सच्याई सिन्धुली जिल्ला अदालतको फैसलाअनुसार सिन्धुली जिल्ला अदालत कायम गरी निवेदकलाई जानकारीसमेत दिइसकेको देखिँदा सर्लाही जिल्ला अदालतमा मुद्दा नपरेको कारणको आधारमा मात्र थुनालाई गैरकानूनी भनी मान्न मिल्ने नदेखिने।

अतः माथि विवेचित कारण र आधारमा रिट निवेदक राम श्रेष्ठ र डाँका मुद्दाको प्रतिवादी राम श्रेष्ठको बाबु र बाजेको नाम मिलेको तथा वतनको हकमा समेत जिल्ला र गा.वि.स. मिलेकै अवस्थामा वडा नं. मा सामान्य फरक रहेको कारणले मात्र यी निवेदक र डाँका मुद्दाका प्रतिवादी अलगअलग व्यक्ति हुन् भनी मान्न मिल्ने अवस्था देखिएन । यसरी यी निवेदक राम श्रेष्ठउपर डाँका मुद्दामा सिन्धुली जिल्ला अदालतबाट मिति २०६१।३।३० गते ६ वर्ष कैद र रू.१८,१७२.५० पैसा जरिवाना हुने गरी सजाय ठहर भएकोले सोही फैसलाबमोजिम लागेको कैद असुल गर्नको लागि पक्राउ गरी थुनामा राखिएको देखिँदा निवेदकलाई थुनामा राख्ने कार्य गैरकानूनी देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७४ साल भदौ ७ गते ४ रोज शुभम्।

१३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-१६६२, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रमोद साह कलवार

अभियोगपत्रमा जबरजस्ती करणीको महलको

३ (३) नं. बमोजिमको सजाय गरी हाडनाता करणीको ३ नं. बमोजिमको थप सजायको मागदाबी लिएको पाइन्छ । प्रतिवादी प्रमोद साह कलवारको हजुरबुबा रामचरण साह कलवार र पीडित नाबालिकाको हजुरबुबा सत्यनारायण साह कलवार एकासगोलका दाजुभाइ भएकोले तीन पुस्ताभित्रको पीडित र प्रतिवादी दाजु बहिनी नाताका हुन् भनी जाहेरी दरखास्तमा स्पष्टरूपमा नाता खुलाएको पाइन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा सवाल जवाफ ७ मा जाहेरवाला तीन पुस्ताभित्रकी काकी नाताकी र पीडित प्रतिवादीकी तीनपुस्ता भित्रकी बहिनी नाता पर्ने भनी लेखाएको र पीडितको मौकाको कागजमा प्रतिवादी पीडितको तीन पुस्ताभित्रको दाजु नाताको व्यक्ति भनी खुलाएको देखिँदा प्रतिवादी र पीडितबीच तीन पुस्ताभित्रको दाजु बहिना नाता पर्ने नै देखिइरहेको अवस्थामा नाता स्पष्ट नभएको भनी हाडनातातर्फको सजाय नगरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने।

सजायको हकमा साबिकको कानूनमा २ वर्षसम्मको व्यवस्था रहेकोमा हाल १ देखि ३ वर्षसम्म कैदको व्यवस्था गरेको अवस्थामा वारदातको मितिमा प्रचलित कानूनले तोकेकोभन्दा बढी सजाय हुने गरी पछि कानूनमा संशोधन भएको अवस्थामा वारदातको समयमा लागू भएको कानूनको व्यवस्था नै आकर्षित हुने हुँदा वारदातको मिति २०६९।२।२ मा भएको कानूनी व्यवस्था नै लागू हुने भई प्रतिवादीलाई तत्काल प्रचलित कानूनी व्यवस्थाअनुसार नै सजाय गर्नु पर्ने देखियो। उक्त साबिक ३ नं.मा हाडनाता करणीको सजाय गर्दा २ वर्षसम्म भनी तजबिजी अधिकारको प्रयोग गर्न सकिने हुँदा प्रतिवादीलाई जबरजस्ती करणीअनुसारको सजायमा हाडनाता करणीतर्फ कैद महिना ३ थप सजाय हुने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा प्रतिवादीलाई जबरजस्ती करणीतर्फ ६ (छ) वर्ष कैद गरी निजबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर गरी भएको सुरू बारा जिल्ला अदालतको मिति २०६९।९।११ को फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।२।२१ मा भएको फैसला सो हदसम्म मिलेको देखिँदा सदर गरी हाडनातातर्फ सजाय नगरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला केही उल्टी भई प्रतिवादी प्रमोद साह कलवारलाई हाडनातातर्फ थप ३ (तीन) महिना कैद सजाय हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटरः बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

१४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०८१६, परमादेश / निषेधाज्ञा, गोरीमाया तामाङसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निवेदन दाबीअनुसारको साबिक कि.नं. १०१ को जग्गा नेपाल सरकारका नाउँमा दर्ता रहेको देखिन्छ । उक्त जग्गा गुठीको हो भन्ने कुरा कुनै लिखत वा प्रमाणबाट समर्थित हुन आएको देखिँदैन । गुठीअन्तर्गतको जग्गा हो भन्ने कुरा कुनै अभिलेखबाट पुष्टि हुन नआएको हुँदा केवल निवेदकहरूको जिकिरका आधारमा उक्त जग्गालाई गुठी जग्गा भनी मान्न मिल्दैन। जग्गाको भौतिक अवस्थिति, स्वरूप र प्रकृतिका दृष्टिले हेर्दासमेत बागमती नदी किनारामा रहेको र नदी उकास जग्गा हो भन्ने देखिएको छ । खोला, नदीनाला सार्वजनिक सम्पत्ति हुन्, यसप्रकारको प्राकृतिक सम्पदा कुनै व्यक्तिको निजी हक स्वामित्वको सम्पत्ति हुन सक्तैन। सरकारको स्वामित्वमा रहने यसप्रकारको जग्गा यदि कसैको नाउँमा दर्ता गरिएको रहेछ भने पनि त्यस्तो दर्ता कानूनप्रतिकूल हुन्छन् र दर्ताले मान्यता प्राप्त गर्न सक्तैन । सरकारी वा सार्वजनिक सम्पत्ति कसैले निजी रूपमा दर्ता गराएमा त्यसलाई दूषित दर्ता मान्नु पर्दछ र जहिलेसुकै पनि त्यस्तो दर्ता बदर हुन सक्तछ। आफ्नो नाउँमा दर्ता नै नभएको वा हक नपुग्ने सरकारी वा सार्वजनिक जग्गामा अनधिकृत तवरबाट भोग वा कब्जा गरियो अथवा कुनै प्रकारको निर्माण कार्य भयो भन्ने कुराको आडमा जग्गाउपरको हक प्राप्त हुन नसक्ने।

निवेदकले उल्लेख गरेको जग्गा गुठीअन्तर्गतको जग्गा हो भन्ने देखिँदैन। गुठीको जग्गा भन्ने नदेखिएको र नेपाल सरकारका नाउँमा रहेको बागमती नदी किनारको

नदी उकास जग्गा देखिएको हुँदा सो जग्गामा निवेदकहरू समेत कसैको पनि मोही हक प्राप्त हुने अवस्था छैन। मोही भएको तथ्य प्रमाणित हुनसक्ने अवस्था पनि देखिँदैन। आफ्नो हक नपुग्ने जग्गा जबरजस्ती अतिक्रमण गरी गैरकानूनी तवरबाट कुनै प्रकारको निर्माण कार्य गरिएको छ भन्दैमा मोही हक प्राप्त हुन नसक्ने। त्यसप्रकारका अतिक्रमित संरचना भत्काई वा हटाई सार्वजनिक प्रकृतिको जग्गालाई नेपाल सरकारको नाममा दर्ता कायम राखी सार्वजनिक प्रयोगमा ल्याउनु नै कानून र न्यायको मान्यता र मर्यादाअनुकूल हुने देखिन्छ। तसर्थ निवेदकले उल्लेख गरेको जग्गामा रहेको भौतिक संरचना हटाई जग्गामा सार्वजनिक वा सरकारी स्वामित्व र भोग कायम राख्नेतर्फ विपक्षीहरूबाट भए गरिएका काम कारवाही उचित, मनासिब र कानूनअनुकूल नै देखिन आउने।

विवादको न्यायिक निरूपण भएको सन्दर्भमा हेर्दा पुनरावेदकहरूले दाबी लिएको जग्गा गुठी संस्थानको स्वामित्वमा नभई नेपाल सरकारको नाममा दर्ता रहेको देखिएको र सो जग्गामा मोही हक नरहने ठहरी सकेको यस अवस्थामा पुनरावेदकले दाबी लिएको गुठी संस्थान ऐन, २०३३ को दफा २५(३) र २६(७) प्रस्तुत मुद्दामा सान्दर्भिक र आकर्षित हुनसक्ने अवस्था नरहने।

निवेदकहरूले आफू जुन जग्गाको मोही हौं भनी गुठी संस्थानसँग दाबी गरेको हो, सो जग्गा नै गुठी संस्थानको स्वामित्वमा रहेको देखिँदैन। सो जग्गामा मोहीयानी हक नरहने भनी अदालतबाट फैसला भइसकेको अवस्था छ। पुनरावेदकहरूले जिकिर लिएको जग्गामा हक बेहकको प्रश्न उठी विचाराधीन रहेको भन्ने नदेखिएकोले पुनरावेदकले उल्लेख गरेको यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तले पुनरावेदकहरूलाई मद्दत गर्नसक्ने देखिएन। यसका अतिरिक्त विवादित कि.नं. ३६५ को ४३-५-३-० जग्गामा आफ्नै कुनै प्रकारको हक नै नरहेको अवस्थामा गैरकानूनी तवरबाट कब्जा, भोग र कुनै प्रकारको निर्माण कार्य गरेको आधारमा जग्गामा मोही हक प्राप्त हुने अवस्था पनि नदेखिने।

अतः निवेदन दाबीबमोजिमको जग्गामा पुनरावेदकहरूको निर्विवाद हक स्थापित भएको नदेखिएकोले रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।५।२० मा भएको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा / प्रेमबहादुर थापा

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

१५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-१७७९, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. पुष्पबहादुर ओलीसमेत

प्रहरी कल्याण कोषको खर्च र आम्दानीको सालवसाली लेखापरीक्षण भएको देखिन्छ। कहिले निजी लेखापरीक्षणबाट त कहिले महालेखा परीक्षक कार्यालयबाट लेखापरीक्षण भएको पाइन्छ। आर्थिक अनियमितता भएको भए त्यसमा जिम्मेवार पदाधिकारीको संलग्नता हुनसक्छ, सक्दैन त्यसबारे आरोप पत्र मौन छ। आर्थिक कारोबारमा लेखा उत्तरदायी अधिकारी र जिम्मेवारी अधिकारीको भूमिकामा कुनै कमी हुँदैन र हुनु पनि हुँदैन। प्रस्तुत आरोपपत्र जिम्मेवार पदाधिकारीका संलग्नता थियो वा थिएन भन्ने विषयमा मौन छ। केवल सञ्चार माध्यममा प्रकाशित लेखका आधारमा अनुसन्धान थालिएको र अनुसन्धानको विषयको गहिराईसम्म पुगी यथेष्ठ प्रमाण संकलन गरी आरोपलाई विधिवत न्यायोचित प्रमाणबाट वस्तुनिष्ठ ढंगले खम्बिर प्रमाण पेस गरी पुष्टि गराउन सकेको नपाइँदा प्रतिवादीहरू पुष्पबहादुर ओली, डोरबहादुर राई, आनन्द रोक्का जोगलाल डंगोल र नैनबहादुर बोहराले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट भएको मिति २०७२।८।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम्।

१६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०४९४ र ०८७०, खुन डाँका, नेपाल सरकार वि. राजाराम कामत र अफतकार आलमसमेत वि. नेपाल सरकार

मृतकसँग मोटरसाइकलमा जीवछ कामत सवार रहेको र मृतकलाई मार्ने कार्यमा बाबुराम कामत र राजाराम कामत संलग्न भएको नदेखिएको प्रतिवादी जिवछ कामतले

लास दबाउन सहयोग गरेको सोबापत रू.५,०००।– आफूले लिएको कुरामा प्रतिवादी अफतर आलम अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा साबित भएको भन्ने निजको बयानबाहेक प्रतिवादी राजाराम कामत र बाबुराम कामत मृतक अभय कुमार चौधरीलाई अपहरण गर्न र मार्नमा संलग्न थिए भन्ने कुनै वस्तुनिष्ठ प्रमाण नभएको स्थितिमा निजहरूलाई पनि अफतकार आलम र जिवछ कामतसरह कसुरदार ठहऱ्याउन न्यायोचित नहुने हुँदा निजहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुनु पर्नेमा ऐ. महलको १७ (३) नं. बमोजिम सजाय गरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने।

जीवछ कामत मृतक अभयकुमार चौधरीसँग को. ३ प. ७६४२ नं. को मोटरसाइकल पैसा छोडन विराटनगर गएको र विराटनगर जाने क्रममा मोटरसाइकल, पैसा लुटियो भनी श्याम भगतलाई जिवछ कामतले भने पनि निजले प्रहरीमा गई समयमै जानकारी गराएको देखिँदैन । लासलाई रातको समयमा पानीको खाल्डोमा मिल्काएबापतमा रू.५,०००।– लिएको कुरामा पुनरावेदक प्रतिवादी अफतकार आलमले स्वीकार गरेको पाइन्छ । प्रहरीमा कागज गर्ने मोहमद रहमत, पप्पुकुमार साह र विनोद दासले मोटरसाइकलमा सँगै रहेका जिवछ कामतले योजनाका साथ मृतकलाई मारेका हुन भनेको पाइन्छ । यसरी यी प्रतिवादीहरूउपरको किटानी जाहेरी, वस्तुस्थिति मुचुल्का, लासजाँच प्रतिवेदन, बरामदी मुचुल्कामा उल्लिखित बेहोरा र निजहरूको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानसमेतका आधार कारणबाट मृतक अभय चौधरीको मृत्यु हुनुमा अफतकार आलम र जीवछ कामतको संलग्नता रहेको कुरा शंकारहित तवरबाट पुष्टि भएको देखिँदा पुनरावेदन अदालत विराटनगरको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ हुनुपर्छ भन्ने निजहरूको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने।

अतः माथि विवेचित आधार कारण प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरू अफतकार आलम र जिवछ साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र डाँकातर्फ चोरीको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगोबमोजिम जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखियो। पुनरावेदन नगरी सुरु फैसला स्वीकार गर्ने बाबुराम कामत र राजाराम कामतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) बमोजिम जनही १ वर्ष ४ महिना कैद र डाँकातर्फको दाबी नपुग्ने गरी मिति २०६७।१०।२५ मा भएको फैसला मिलेकै देखियो, सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी अफतकार आलम र जिवछ कामतको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम्।

१७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१४५६, ०८३९ र १२१२, वैदेशिक रोजगारसम्बन्धी कसुर, ज्ञानेन्द्र सुनार वि. नेपाल सरकार वि. बिनुमाया गुरूङ वि. नेपाल सरकार र नेपाल सरकार वि. कुसुम गुरूङ

प्रतिवादी कुसुम गुरूङले जाहेरवालाहरूबाट निजहरूलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी आफैँले रकम लिएको भन्ने जाहेरवालाहरूको भनाइसमेत नरहेको र निज प्रतिवादीको नाममा रहेको रिलायवल फाइनान्स लिमिटेडको खाता नं.००१००००५२९२५ मा रकम जम्मा गर्न लगाएको भनिएको रकम निज प्रतिवादी स्वयम्ले वैदेशिक रोजगारमा लगाइदिने भनी लिए खाएको भन्ने नदेखिएको र निज प्रतिवादीले वैदेशिक रोजगारमा लगाइदिने भनी व्यवसाय सञ्चालन गरेकोसमेत नदेखिएको हुँदा निजको वैदेशिक रोजगारको व्यवसाय गर्ने इजाजतपत्र नरहनुलाई निजको कसुर मान्न मिल्ने देखिँदैन। निज प्रतिवादीको कसुर शंकारहित तवरले पुष्टि प्रमाणित हुन नसकेबाट निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको सो हदसम्मको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।८।८ मा भएको फैसला मिलेकै देखिँदा निज प्रतिवादी कुसुम गुरूङलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनु पर्ने भनी वादी नेपाल सरकारको उक्त पुनरावेदन जिकिरसँग समेत सहमत हुनसक्ने अवस्था विद्यमान नदेखिने।

जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन

उक्त कसुरजन्य अपराधमा निजले प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता देखाई जाहेरवालाहरूबाट रकम लिएको वा जाहेरवालाहरूलाई आफ्नो श्रीमान्ले उक्त रोजगारीमा लगाइदिनुहुन्छ रकम जम्मा गर्नु भनी जाहेरवालाहरूलाई भनेको भन्नेसमेत कहिँकतैबाट खुल्न नआएको अवस्थामा जाहेरवालाहरू र निज प्रतिवादी विष्णुबहादुर गुरूङका बीचमा प्रत्यक्ष संवाद भई निजै विष्णुबहादुरले भनेबमोजिम नै निजको श्रीमती बिनुमायाको खातामा जाहेरवालाहरूले आफैँ रकम जम्मा गरिदिएको भन्ने देखिएको हुँदा सो कार्यले निज बिनुमाया गुरूङलाई कसुरदार कायम गर्न सकिने अवस्था देखिँदैन । जाहेरवालाहरूलाई वैदेशिक रोजगारको कसुर गरेको भनी निजउपरको कसुर स्थापित हुन नसकेको अवस्थामा निजलाई अभियोग दाबीबाट सफाइ प्रदान गरिनु पर्नेमा कसुरदार कायम गरी सजाय ठहर गरेको उक्त वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।८।८ को फैसलाउपर परेको निज प्रतिवादीको पुनरावेदन जिकिरसमेत मनासिब नै देखिन आउने।

जाहेरवालाहरूले प्रतिवादी ज्ञानेन्द्र सुनारलाई समेत उक्त रकम बुझाएको भनी आफ्नो जाहेरी कथनमा वा निजहरूले गरिदिएको बकपत्रमा समेत उल्लेख हुनसकेको छैन । जाहेरवालाहरूसँग मलेसिया हुँदै इन्डोनेसिया पुऱ्याइएका निज प्रतिवादी ज्ञानेन्द्र सुनारसमेत अन्य जाहेरवालाहरूसरह पिडा खेप्दै इन्डोनेसियाबाट सँगै नेपाल आएको देखिएको हुँदा निज प्रतिवादी ज्ञानेन्द्र सुनारले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको कसुर गरेको भनी निजउपरको कसुर स्थापित हुन नसकेको अवस्थामा निजलाई अभियोग दाबीबाट सफाइ प्रदान गरिनु पर्नेमा कसुरदार कायम गरी सजाय ठहर गरेको उक्त वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।८।८ को फैसलाउपर परेको निज प्रतिवादीको पुनरावेदन जिकिरसमेत मनासिब नै देखिन आउने।

अतः माथि विवेचित आधार कारणबाट वैदेशिक रोजगार न्यायाधिकरणले प्रतिवादी कुसुम गुरूङउपरको वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई गरेको मिति २०७१।८।८ को फैसलाउपरको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भई सो हदसम्मको उक्त फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै प्रतिवादीहरू विनुमाया गुरूङ र ज्ञानेन्द्र सुनारका हकमा निज प्रतिवादीहरूलाई समेत कसुरदार ठहर गरेको सो हदसम्मको उक्त वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।८।८ को फैसला केही उल्टी भई निज प्रतिवादीहरू विनुमाया गुरूङ र ज्ञानेन्द्र सुनारले अभियोगदाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः अभिषेककुमार राय
इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

१८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७३-WH-००९६, बन्दीप्रत्यक्षीकरण, पुकार शर्मा वि. जिल्ला अदालत, काठमाडौंसमेत

निवेदकउपर ठगी मुद्दामा जाहेरी परी सोको अनुसन्धान तहकिकातको लागि मिति २०७४।३।२० गते निवेदकलाई पक्राउ गरिएको भन्ने बेहोरा स्वयम् निवेदन बेहोरामा उल्लिखित हुनुका साथै विपक्षीहरूको लिखित जवाफमा सोही दिन निजलाई म्याद थपका लागि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराई जिल्ला अदालतबाट अनुमति प्राप्त गरी अनुसन्धान तहकिकातको लागि थुनामा राखिएको हो भनी उल्लेख भएको देखिन आयो। यसरी ठगी मुद्दामा जाहेरी दरखास्त दर्ता भई उक्त मुद्दाको अनुसन्धान तहकिकातको लागि तहकिकात गर्ने प्रहरी कर्मचारीले सम्बन्धित जिल्ला अदालतबाट थुनामा राखी तहकिकात गर्नका लागि अनुमति प्राप्त गरी निवेदकलाई थुनामा राखेको भन्ने देखिन आएबाट निवेदकले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५ को प्रक्रिया पूरा नगरी म्याद थप गराई थुनामा राखिएको भनी लिएको जिकिरसँग सहमत हुन नसकिने।

यसर्थ उल्लिखित आधार र कारणहरूबाट निवेदकको बन्दीप्रत्यक्षीकरणको मागका सन्दर्भका हकमा हेर्दा यी निवेदकउपर शिखा श्रेष्ठले महानगरीय प्रहरी परिसर टेकु काठमाडौंमा ठगी मुद्दाको जाहेरी दरखास्त दर्ता गराएकीले उक्त मुद्दाको अनुसन्धान तहकिकातको सिलसिलामा निजलाई पक्राउ गरी साधिकार निकाय जिल्ला अदालत काठमाडौंबाट अनुमति प्राप्त गरेर थुनामा राखेको भन्ने देखिन आएकोबाट कानूनबमोजिम भए गरेको आदेशअनुसार थुनामा राखिएकोले निजको थुना गैरकानूनी

नरहेबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ असार २६ गते रोज २ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-RC-००३३, कर्तव्य ज्यान, नेपाल सरकार वि. जयलक्ष्मी राई

बयोवृद्ध अवस्थाकी आफ्नी सासुलाई एक पटक नभई पटकपटक लडाई दिएको र सोही घचेटेर ढुङ्गाको जाँतोतर्फ लडाई दिँदा टाउको जस्तो संवेदनशील अङ्गमा चोट लाग्न गई मृतकको मृत्यु भएको पुष्टि भएकाले निज प्रतिवादीलाई जयलक्ष्मी राईको उक्त कार्यलाई आवेशप्रेरित हत्या वा भवितव्य हत्या भनी मान्न मिल्ने नदेखिने।

सामान्य खाना खाने विषयमा वृद्ध अवस्थाकी आफ्नी सासुलाई आफ्नो लोग्नेसमेत घरमा नभएको मौका पारी पटकपटक घचेटी लडाई कुटपिट गरेको र सोही क्रममा मृतक पदमकुमारी राईको कर्तव्यबाट मृत्यु भएको कुरा स्वयम् प्रतिवादी जयलक्ष्मी राईको बयान बेहोराबाट देखिएकोमा मृतकको शव परीक्षण प्रतिवेदनमा समेत The cause of death is due to raised intracranial pressure due to extradural hematoma भनी उल्लेख भएको हुँदा मृतकलाई प्रतिवादीले लडाउँदा टाउकोमा चोट पर्न गई सोही चोटको कारण मृतकको मृत्यु भएको बेहोरा पुष्टि हुन आयो। सो कुरालाई जाहेरवालाको जाहेरी दरखास्त अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको कागज तथा अदालतमा उपस्थित भई गरेको बकपत्र एवम् घटनास्थल मुचुल्का र प्रतिवादीको बयान बेहोराबाट समेत समर्थित हुन आएको देखियो। प्रतिवादी जयलक्ष्मी राईको कर्तव्यबाट नै मृतक पदमकुमारी राईको मृत्यु भएको हुँदा अभियोग दाबीबमोजिम निज प्रतिवादी जयलक्ष्मी राईलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत धनकुटाबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेको नै देखिँदा प्रस्तुत मुद्दामा साधक सदर हुने।

प्रतिवादी जयलक्ष्मी राईले पूर्वरिसइवी लिई तथा पूर्वयोजना बनाई मृतकलाई कुटपिट गरी हत्या गरेको भन्ने अवस्था नभई आफू मादक पदार्थ सेवन गरी घरमा आएको र आफूले किनेर ल्याएको मासु पकाई सासुलाई समेत खुवाउनको लागि सुतेको अवस्थाको सासुलाई निजले उठाउँदा आफूलाई केही शब्दले गाली गरेको आधारमा रिसको झोकमा घचेटेर लडाई दिएको कारण मृतक सासू पदमकुमारी राईको मृत्यु भएको भन्ने देखिन आयो। उक्त वारदात कसुर आफूले गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरी अनुसन्धान अधिकारीलाई अपराध अनुसन्धानमा सहयोग गरेको तथा अदालतमा मुद्दा पुर्पक्षका क्रममा समेत वारदात कसुर सम्बन्धमा साबिती रही न्याय निरूपणमा अदालतलाई समेत सहयोग गरेको अवस्था देखिँदा निजलाई सर्वस्वसहित जन्मकैद सजाय गर्दा चर्को पर्ने भई निज प्रतिवादी जयलक्ष्मी राईलाई ८(आठ) वर्ष कैद सजाय गर्न मनासिब देखि अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेको सुरू अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेकै देखिँदा निज प्रतिवादी जयलक्ष्मी राईलाई अ.बं. १८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय हुने।
इजलास अधिकृत: तेजबहादुर खड्का
इति संवत् २०७३ साल पुस ८ गते रोज ६ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-०१७७, डाँका, नेपाल सरकार वि. शम्भु मुडभरीसमेत

मिति २०६२।९।२७ गते राती प्रतिवादीहरूले धम्की दिई दराजको साँचो लिई नगद रू.३५,०००।- सुनका गरगहनासमेत गरी जम्मा मूल्य रू.१,८३,०००।- बराबरको धनमाल डाँका गरेको भन्ने जाहेरवाला सिताराम बास्कोटाको जाहेरीलाई समर्थन हुने गरी प्रतिवादी शम्भु मुडभरीले जाहेरवाला सिताराम बास्कोटाको घरबाट

नगद रू.३५,०००।- दुई तोला बराबरको सुनको गहना चोरी गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष साबित बयान गरेको देखिन्छ । निज प्रतिवादीले सुरू अदालतमा उपस्थित भई बयान गर्दासमेत प्रेम तामाङ, बुद्ध तामाङ, सुनिल तामाङ, सुरज तामाङ, सूर्यमान तामाङ र मसमेत भई जना ६ मिली सिताराम बास्कोटाको घरमा डाँका गरेका हौँ । डाँका गर्दा मसमेत घरबाहिर सुरक्षार्थ बस्यौं, बाटोमा पुगी ६/६ हजारका दरले भाग लगाइदिएको हुँ, साथीहरूले के कति धनमाल ल्याए भनेनन्, सुनचाँदी मैले पाएको छैन, मैले रू.६,०००।- पाएको हुँ भनी बयान गरेको तथा मौकामा कागज गर्ने कमल बास्कोटा, धिरज राना, रामकुमार पौडेलले जाहेरवालाको घरबाट रू.१,८३,०००।- बराबरको धनमाल प्रतिवादीहरूले डाँका चोरी गरेकोमा विश्वास लाग्छ भनी कागज गरिदिनुका साथै वस्तुस्थिति मुचुल्काका मानिसहरूले प्रतिवादीहरूले चोरी गरेका हुन् भनी गरेको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा यी प्रतिवादीहरूको संलग्नता नै देखिने ।

प्रतिवादीहरूसँग जाहेरवालाले चोरी भयो भनी जाहेरीमा उल्लेख गरेका गरगहनाहरू भने बरामद भएको देखिँदैन । प्रतिवादी शम्भु मुडभरी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष साबित भई चोरी गरेको धनमाल ६ जना प्रतिवादीले ६/६ हजारका दरले बाँडी खाएको भनी स्वीकार गरेको अवस्था देखिन्छ भने वादी नेपाल सरकारले जाहेरवालाले उल्लेख गरेको बिगोबमोजिमको धनमाल चोरी भएको हो भन्ने तथ्यगत आधार प्रमाण पेस गर्नसकेको देखिँदैन । केवल जाहेरीमा किटानी गरेकै आधारमा मात्र सोबमोजिमको बिगो कायम गरिनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण तथा प्रमाणबाट प्रतिवादी शम्भु मुडभरीले तेस्रो पटक पारी जाहेरवालाको बिगो रू.३६,०००।- बराबरको धनमाल चोरी गरेको देखिँदा मुलुकी ऐन चोरीको महलको १४(४) नं. बमोजिम निज प्रतिवादीलाई १२ वर्ष कैद र बिगोको डेढी रू.५४,०००।- जरिवाना हुने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतको मिति २०६६।३।१८ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।११।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- ०६८-CR-०१७८, डाँका, नेपाल सरकार वि. शम्भु मुडभरीसमेत
- ०६८-CR-०१७०, डाँका, नेपाल सरकार वि. शम्भु मुडभरीसमेत

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-०६८१, अंश दर्ता चलन, दुर्गाकुमारी पोखरेल वि. चण्डीका कुमारी बस्नेत (पोखरेल) समेत

प्रतिवादी दुर्गाबहादुर पोखरेल र प्रतिवादी दुर्गाकुमारी पोखरेलबाट १ छोरा प्रतिवादी शम्भुकुमार पोखरेलको जन्म भएको देखिन्छ । शम्भुकुमार र वादी चण्डिका कुमारीका बीच मिति २०४५।३।१६ मा विवाह भई मिति २०४७।१२।१२ मा १ छोरी वादी सपना पोखरेलको जन्म भएको तथ्य र पुस्तावलीमा वादी प्रतिवादी दुवै पक्षको मुख मिलेकोले सो पुस्तावलीमा विवाद रहेको पाइँदैन । प्रतिवादी दुर्गाबहादुर र दुर्गाकुमारीका १ छोरा प्रतिवादी शम्भुकुमार रहेको देखिँदा मूल अंशियारहरू ३ जना रहेकोमा निजहरूका बीच कानूनबमोजिम अंशबन्डा भएको मिसिलबाट नदेखिँदा निजहरू एकासगोलको अंशियार रहेको देखियो । वादीहरू चण्डिकाकुमारी र सपना पोखरेल प्रतिवादी पति / पिता शम्भुकुमार पोखरेलको अंशियार रहेको देखिन आउने ।

मुलुकी ऐन अंशबन्डाको १८ नं. मा कसैबाट निजी तवरले दान वा बकस पाएको सम्पत्ति आफूखुश गर्न पाउने बन्डा गर्न कर नलाग्ने भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । सो सम्पत्ति सगोलको आर्जन नभएको, निजी भएको भन्ने पुष्टि हुने कुनै पनि प्रमाण देखिँदैन । यसको अतिरिक्त सो व्यवस्था समानस्तरका अंशियारबीच बन्डा हुँदाको अवस्थाको रहेको र अंशबन्डाको १० नं. को कानूनी व्यवस्थाबाट लाग्ने वा बाबु आमाले जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्ति छोरा छोरी र श्रीमतीको लागि पैतृक सम्पत्ति मान्नु नै पर्ने भनी सावित्रीसमेत विरूद्ध पार्वती थापा भएको

अंशचलन (ने.का.प. २०६४ अंक २ नि.नं. ७८१४) मुद्दामा यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिँदा उक्त सिद्धान्तले प्रतिवादी दुर्गाकुमारी पोखरेलको नाममा रहेको कि.नं. २०३२ को ज.वि. ०-७-१७१/४ जग्गाबाट समेत वादीहरूले अंश पाउने नै देखिन आयो। तसर्थ वादी प्रतिवादीहरूबाट पेस भएको तायदातीमा उल्लिखित सम्पूर्ण चल अचल सम्पत्तिबाट वादीहरूले ३ भागको १ भागबाट सो १ भागलाई ३ भाग गरी सोको २ भाग वादीहरूले अंश पाउने ठहराएको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तबाट तायदातीमा उल्लिखित प्रतिवादीमध्येकी दुर्गाकुमारी पोखरेलका नाउँमा दर्ता स्रेस्ता कायम रहेको उदयपुर जिल्ला, कटारी गा.वि.स. १(क) को कि.नं. २०३२ को ज.वि. ०-७-१७१/४ को जग्गासमेतबाट वादीहरूले अंश पाउने ठहर गर्नुपर्नेमा उक्त जग्गा बन्डा नलाग्ने ठहऱ्याएको हदसम्म सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०६९।३।१७ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी गरी उपर्युक्त कि.नं. २०३२ को जग्गासमेतबाट तीन भागको एक भाग वादीहरूको पिता / पतिको अंशमध्येबाट तीन भागको दुई भाग वादीहरूको अंश छुट्याई वादीहरूका नाउँमा दा.खा. दर्तासमेत हुने ठहर्छ भनी पुनरावेदन अदालत राजविराजले मिति २०७०।९।२२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): प्रेम खड्का
कम्प्युटरः चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६६-CI-११७७ र ०६६-CI-११७९, दोहोरो करार बदर गरी पहिलो करारबमोजिम गरिपाऊँ, उद्धवबहादुर सुवेदी वि. अम्बरबहादुर श्रेष्ठ र कृष्णबहादुर बस्नेत वि. अम्बरबहादुर श्रेष्ठ

प्रत्यर्थी / वादी अम्बरबहादुर श्रेष्ठले मिति २०६०।२।३० को सम्झौताको सर्त नं. ६ को उल्लङ्घन गरेको हो कि होइन भन्ने सम्बन्धमा हेर्दा पुनरावेदक उद्धवबहादुर सुवेदी र यी प्रत्यर्थी अम्बरबहादुर श्रेष्ठका बीच मिति २०६१।३।१ मा क्याम्पसको जग्गामा संयुक्त लगानीमा घर बनाई भोगचलन गर्ने सम्बन्धमा सम्झौता भएको देखिन्छ । उद्धवबहादुर सुवेदीले घर बनाउन गरेको आंशिक लगानीलाई मिति २०६०।२।३० को सम्झौताको सर्त नं. ६ मा उल्लेख भएबमोजिम अन्य भवन निर्माणकर्तालाई घर निर्माण गर्न दिएको अर्थ गर्न मिल्ने नदेखिने।

पुनरावेदक / प्रतिवादी क्याम्पस र प्रत्यर्थी / वादीका बीच भएको मिति २०६०।२।३० को सम्झौताको सर्तबमोजिम घर निर्माण गरी क्याम्पसलाई सर्तबमोजिम घरभाडा दिँदै आइरहेको अवस्थामा घर निर्माण गर्न संयुक्त लगानी गरी घर भोगचलन गर्ने भनी वादीले प्रतिवादी उद्धवबहादुर सुवेदीसँग २०६१ साल असार १ गते नै गरेको सम्झौताको आड लिई निज उद्धवबहादुरले मिति २०६१।१२।११ मा दिएको निवेदनका आधारमा वादीसँग भएको सम्झौता भङ्ग गर्ने मनासिब आधारबिना नै भङ्ग गरी पुनरावेदक / प्रतिवादीहरूका बीच भएको मिति २०६२।१०।३० को सम्झौता वादीको हक हितमा प्रतिकूल प्रभाव पार्ने नियतबाट भएको देखिन आउने।

करार गर्ने पक्षहरूले आफ्नो सुविधा र करारको उद्देश्य पूर्तिका लागि प्रस्तावहरू राख्न र सर्तहरू निर्धारण गर्न स्वायत्त र स्वतन्त्र हुन्छन् र त्यस्तो प्रस्ताव वा सर्त अर्को पक्षले स्वीकार गर्न वा इन्कार गर्न पनि स्वायत्त हुन्छ । सर्तहरूमा स्वीकृति दिई सहिछाप गरेको वा तदनुकूल आचरण र व्यवहार गरेकोसमेत अवस्थामा करार सम्पन्न हुने र करारका ती सर्तहरू पक्षहरूउपर कानूनसरह बन्धनकारी हुने।

गौरीशंकर क्याम्पस र अम्बरबहादुर श्रेष्ठबीच क्याम्पसको जग्गामा घर निर्माण गरी बस्नेलगायतको करार भएकोमा त्यसलाई क्याम्पसको इच्छाअनुसार कुनै कारण र औचित्यबिना मिति २०६२।१०।२४ मा करार भङ्ग गरी त्यसको ७ दिन पनि नबित्दै मिति २०६२।१०।३० मा पुनः उद्धवबहादुर सुवेदीसँग गरेको करार मिति २०६०।२।३० को करारको सर्त मर्मबमोजिम नदेखिएकोले पहिलो करार भङ्ग गरी पुनः दोस्रो करार गरेको विपक्षी क्याम्पसको उक्त कार्य न्यायोचित मान्न नमिल्ने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदक गौरीशंकर क्याम्पस चरिकोट र

प्रत्यर्थी अम्बरबहादुर श्रेष्ठबीच भएको मिति २०६०।२।३० को करार सम्झौता भङ्ग गरी पुनरावेदक प्रतिवादी उद्धवबहादुर सुवेदीसँग मिति २०६२।१०।३० मा गरेको सम्झौतालाई मान्यता दिनु न्यायोचित नदेखिँदा उक्त करार बदर हुने र मिति २०६०।२।३० मा भएको करार कायम भई प्रत्यर्थी वादीले चलन चलाई पाउने गरी सुरू दोलखा जिल्ला अदालतबाट भएको मिति २०६४।८।२० को फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६६।२।४ को फैसला मिलेकै देखिने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम्।

- यसै लगाउको ०६६-CI-११७८, घर भाडा दिलाई घरबाट निकाला गरिपाउँ, उद्धवबहादुर सुवेदी वि. अम्बरबहादुर श्रेष्ठ भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CI-१३२१ र ०६८-CI-०८७३, कुलो कायम, हेमबहादुर थापा वि. विष्णुकुमारी गुरूङ र विष्णुकुमारी गुरूङ वि. हेमबहादुर थापा

प्रत्यर्थी प्रतिवादीको जग्गामा कुलोको पानीबाट जग्गा सिँचाई भइरहेको भन्ने कुरा प्रस्ट देखिन आएको अवस्थामा पुनरावेदक प्रतिवादी विष्णुकुमारी गुरूङले प्रतिउत्तर पत्रमा दाबी लिएजस्तै तुम्के कालीखोलाबाट कुलो आउने नभई प्रत्यर्थी प्रतिवादीकै कि.नं. १३५६ को जग्गाको उत्तरपश्चिम सीमा हुँदै वादी दाबीको कि.नं. २७ को जग्गासम्म लामदुवाली कालीखोला, लामदुवाली मुहानबाट भएको कुलो नै यी पुनरावेदक वादीको जग्गासम्म कायम रहेको देखिन आउने।

एक मिटरको कुलो रहेको कुरा भई आएको नक्सा मुचुल्काबाट देखिँदैन। सिँचाईको लागि बनाइएको सामान्य कुलोको चौडाइ एक मिटरको कायम गर्दा धेरै नै ठूलो हुने हुन्छ। कुलोको चौडाईको एक मिटरको कायम गरिपाउँ भन्ने वादीको सुरू अदालतमा दर्ता गरेको फिराददाबी कुनै पनि लिखत प्रमाण र भई आएको नक्सा कुण्डलीबाट पनि पुष्टि भएको अवस्था छैन। तसर्थ उक्त कुलोको चौडाइ एक फिट कायम गर्दा नै न्यायोचित हुन आउने देखिँदा पुनरावेदन अदालत, पोखराबाट एक फिट कुलो कायम हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिने।

अत: उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू कास्की जिल्ला अदालतबाट मिति २०६५।५।१ मा कुलो कायम हुने ठहऱ्याई भएको फैसला मिलेको देखिएको तथा कुलोको चौडाईको हकमा १ फिट चौडाइ बराबरको कायम गर्नुपर्नेमा १ मिटर चौडाइ बराबरको कायम गर्ने गरेको हदसम्म नमिलेकोले सो हदसम्म केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।५।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-CI-१३२२, कुलो कायम गरी क्षतिपूर्ति पाउँ, *हेमबहादुर थापा वि. गंगाबहादुर बस्नेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-CR-०२४०, ०३५२ र ०३८१, अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान, मेरिना शाक्य वि. नेपाल सरकार, बिरेन श्रेष्ठ (प्रधान) वि. नेपाल सरकार र नेपाल सरकार वि. मेरिना शाक्य

प्रतिवादी बिरेन श्रेष्ठ प्रधानले देखाएको स्थानबाट नै मृतकको शरीरका काटिएका हातखुट्टा, टाउको, शरीरको गिँडसमेत फेला परेको लास प्रकृति मुचुल्काले समर्थन गरिरहेको देखिन्छ। त्यसैगरी उक्त बयानलाई समर्थन हुने गरी अर्का सह-प्रतिवादी मेरिना शाक्यले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक ख्याति श्रेष्ठले सहयोगका लागि मलाई हातको इसारामा बोलाएकी थिइन्। बिरेनले ४, ५ पटक रडले ख्यातीको टाउकोमा प्रहार गर्दा ख्यातीको टाउकोबाट रगत आएको थियो। बिरेनले घाँटी, नाक र मुखसमेत थिची कर्तव्य गरी मारेका हुन् भनी लेखाएको र अदालतमा बयान गर्दासमेत निज बिरेन श्रेष्ठ प्रधानलाई नै पोल गरेको देखिन्छ साथै मृतकको प्राप्त भएको शरीरका विभिन्न भागहरूको शव परीक्षण गरी राय दिँदा धार

नभएको भुत्ते हतियारको प्रहारबाट टाउकोमा चोट परी मृतकको मृत्यु भएको र शरीरका छुट्याइएका विभिन्न भागहरू मृत्युपश्चात् छुट्याइएको हो भनी विशेषज्ञहरूको गरेको बकपत्रसमेतबाट निज प्रतिवादी बिरेन श्रेष्ठ प्रधानको साबितीलाई प्राथमिक प्रमाणको रूपमा ग्रहण गरी मृतक ख्याति श्रेष्ठको मृत्यु निज पुनरावेदक प्रतिवादीकै कर्तव्यबाट भएको पुष्टि हुन आउने।

प्रतिवादी बिरेन श्रेष्ठ क्यासिनोमा गई जुवा खेल्ने बानी भएको र आफ्नो सबै सम्पत्ति हारी ऋणसमेत लागेकोले ख्याति श्रेष्ठको अपहरण गरी १० / १५ लाख फिरौती लिने योजना बनाई सहअभियुक्त मेरिना शाक्यलाई प्रयोग गरी VoW पत्रिकाको लागि अन्तरवार्तामा छानिएको भनी गफलत र झुक्यानमा पारी अपहरण गरी पुतलीसडकबाट ट्याक्सीमा राखी पुनरावेदक प्रतिवादी बिरेन श्रेष्ठको डेरा वारदातस्थलमा पुऱ्याई कफी र स्लाइसमा लठ्याउने औषधी राखी खान दिई निद्रा लागेको अवस्थामा डोरीले हातखुट्टा बाँधी मुखमा टेप लगाउँदा मृतकले कराउन खोज्दा फलामको रडले टाउकोमा प्रहार गरी बल प्रयोग गरी मृतक ख्याति श्रेष्ठको कर्तव्य गरेको पुष्टि हुन आयो। मृतकलाई कर्तव्य गरिसकेपछि अपराध लुकाई उक्त अपराधबाट बच्न अत्यन्त क्रूर र अमानवीय रूपमा लासलाई टुक्रा टुक्रा पारी हातखुट्टा, टाउकोसमेत अलगअलग छुट्याई विभिन्न ठाउँमा फाली कसुर गरेको प्रमाणित हुनआएको देखिँदा निज पुनरावेदक प्रतिवादी बिरेन श्रेष्ठको हकमा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीकै बयान र मुद्दाको अन्य तथ्यगत अवस्थाबाट प्रतिवादीले १९ वर्षकी १२ कक्षामा अध्ययनरत विद्यार्थीलाई अत्यन्त अमानवीय, क्रूर र विभत्स ढङ्गबाट मारी शरीरका विभिन्न अङ्गलाई काटकुट गरी देशका विभिन्न भागमा पुऱ्याएको अवस्था छ। प्रतिवादीले गरेको कसुर अभियोग दाबीबमोजिमकै भएकोमा त्यसमा शंका गर्नुपर्ने स्थिति नै नदेखिने।

अपराध गर्नेले गरेको अपराधअनुसार सजाय हुनुपर्ने फौजदारी न्यायको सिद्धान्त हो। अपराधीलाई कानूनद्वारा तोकिएको सजाय नै हुन्छ तर कतिपय अवस्थामा अपराध गर्दाको अवस्थालाई समेत विचार गरी सजाय निर्धारण गरिन्छ। कतिपय अवस्थामा न्यायकर्तालाई न्यूनतम वा अधिकतम कुन सजाय गर्ने भन्ने स्वविवेकीय आधार कानूनले दिएकोमा न्यायकर्ताले आफ्नो सो अधिकारअन्तर्गत अपराध गर्दाको अवस्था र परिस्थितिलाई मनन गरी सजाय तोक्न सकिने।

प्रतिवादी बिरेन श्रेष्ठ (प्रधान) ले पूर्वयोजना बनाई अपहरण गरी फिरौती रकमसमेत लिई ख्याति श्रेष्ठको जघन्य र क्रूर हत्या गरेको अवस्थामा निजलाई कानूनबमोजिमकै सजाय हुने भई कम सजाय गर्नुपर्ने कुनै गुन्जायस नै देखिन नआउने।

लासका टुक्राहरूलाई प्लाष्टिकमा राखी बाँध्न सहयोग गर्नुका साथै लास दबाउन छिपाउनमा प्रतिवादी मेरिना शाक्यले सहअभियुक्त बिरेन श्रेष्ठ प्रधानलाई पूर्णरूपमा सहयोग गरेको निज प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयानसमेतबाट पुष्टि भइरहेको देखियो। साथै लासका भागहरू फालेपछि सहअभियुक्तसँग सम्पर्क भई खबर आदानप्रदान गरेको, फिरौतीको रकमबारे कुरा भएको र फिरौती रकमसमेत पुनरावेदक प्रतिवादी मेरिना शाक्यले लिएको र मृतकका मोबाइल सेटसमेत घरमा लगी लुकाई राखेको अवस्थामा बरामद भएको बरामदी मुचुल्कासमेतबाट देखिरहेको अवस्थामा सहअभियुक्त प्रतिवादी बिरेन श्रेष्ठ प्रधानको गफलत तथा प्रभावमा परी गुरूको बचन हार्न नसकेर मृतक ख्याति श्रेष्ठलाई निज प्रतिवादी बिरेन श्रेष्ठको कोठासम्म पुऱ्याई निर्दोष सहयोगीसम्म बन्न पुगेको हो, मृतक ख्याति श्रेष्ठलाई अपहरण गरी फिरौती लिने, मार्ने योजना, मनसाय तथा उद्देश्य नभएको भनी आफू दुवै कसुर अपराधहरूमा निर्दोष रहेको भन्ने पुनरावेदक मेरिना शाक्यको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अपहरणको कार्यमा संलग्न भई सहअभियुक्तको डेरा कोठामा मृतकलाई पुऱ्याई कफीसमेतमा लठ्ठाउने औषधि खान दिई निन्द्रा लागी लट्टिएको अवस्थामा सहअभियुक्त बिरेन श्रेष्ठले हात खुट्टा बाँधी मुखमा टेप लगाउँदा मृतकलाई बचाउन पुनरावदेक प्रतिवादी मेरिना शाक्यले कुनै प्रयास नगरेको बरू मृतकको खुट्टा समात्ने कार्य गरेको पुष्टि हुन आएकाले ख्याति श्रेष्ठको कर्तव्यमा पुनरावेदक प्रतिवादी मेरिना शाक्यको प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन आउने।

अपहरण गरी गफलत र झुक्यानमा पारी

वारदातको परिपञ्च मिलाई वारदातस्थलसम्म पुऱ्याएको, लठ्याउने औषधि खान दिई निद्रा लागेको अवस्थामा बिरेन श्रेष्ठले हात खुट्टा बाँधी मुखमा टेप लाउँदा ख्याति श्रेष्ठको खुट्टा समाई दिएपनि पुनरावेदक प्रतिवादी मेरिना शाक्यले मृतकका उपर कुनै चोट छाडेको नदेखिए तापनि मृतकलाई कर्तव्य गरी मार्न सहयोग पुऱ्याई संयोग पारिदिएको पुष्टि हुन आएकाले निजलाई ज्यानसम्बन्धीको १३(४) नं. ले जन्मकैदको सजाय गरेको मिलेकै देखिने।

सबै अवस्थामा पूर्वयोजना र मनसाय लिई मात्र अपराध हुन्छ भन्न सकिँदैन। आपराधिक कार्यबाट आउने परिणामबाट समेत मनसाय तत्त्वको अवस्थाको बारेमा विश्लेषण गरिनुपर्ने हुन्छ। अपराधको सुरू अवस्थादेखि मार्ने कार्यसम्मको निज मेरिना शाक्यको संलग्नतालाई मनन गर्दा निजको मनसाय प्रतिबिम्बित हुन्छ। यस्तो अवस्थामा आफू निर्दोष सहयोगी (Innocent Agent) मात्र भएको भन्ने निजको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

अपहरण कार्यमा संलग्न भई गफलत र झुक्यानमा पारी वारदातको परिपञ्च मिलाई वारदातस्थलसम्म पुऱ्याएको, लठ्याउने औषधि खान दिई निद्रा लागेको अवस्थामा बिरेन श्रेष्ठले हात खुट्टा बाँधी मुखमा टेप लाउँदा ख्याति श्रेष्ठलाई बचाउन उचित प्रयास नगरी वारदातस्थलमा उपस्थित रहेको देखिए तापनि पुनरावेदक प्रतिवादी मेरिना शाक्यले कुनै हतियार उठाई प्रहार गरी चोट पुऱ्याएको मिसिल प्रमाणहरूबाट नदेखिएको अवस्थामा अभियोग दाबीबमोजिमको ज्यानसम्बन्धीको १३(३) बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरू समेतबाट पुनरावेदक प्रतिवादी बिरेन श्रेष्ठ प्रधानलाई ज्यानसम्बन्धीको १३(१) नं. ले सर्वस्वसहित जन्मकैद र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १, २, ३, ७, ९ समेतको कसुरमा १९ वर्ष कैद र रू.७,००,०००।–(सात लाख) रूपैयाँ जरिवाना तथा पुनरावेदक प्रतिवादी मेरिना शाक्यलाई ज्यानसम्बन्धीको १३(४) नं. ले जन्मकैद र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १, २, ३, ७, ९समेतको कसुरमा १४ वर्ष कैद र रू.७,००,०००।–(सात लाख) रूपैयाँ जरिवाना ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६७।८।३ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीहरू बिरेन श्रेष्ठ प्रधान प्रतिवादी मेरिना शाक्यको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०६५-WO-०३९८, परमादेश, देवचन्द्र यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

नागरिकता छानबिनसम्बन्धी विषय रिट निवेदनको विषय होइन। कुनै गैर नेपालीले झुट्ठा विवरण दिई नेपाली नागरिकताको प्रमाण पत्र लिएको प्रमाणित भएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाण पत्र रद्द गर्ने कुरा नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ ले स्पष्ट व्यवस्था गरेको छ। निज प्रतिवादी रामचन्द्र झाले झुट्ठा विवरण दिई नागरिकता लिएको नलिएको विषयमा रिट निवेदकले सो विषयमा जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयमा उजुरी दिनुपर्ने हुन्छ। नागरिकता खारेज गराउने विद्यमान कानूनी प्रक्रिया अवलम्बन नगरी रिट निवेदनको क्षेत्राधिकार ग्रहण गर्न नमिल्ने।

झुट्ठो विवरण पेस गरी नागरिकता लिएको विषयमा कारवाही गर्न वैकल्पिक उपचारको बाटो भइरहेको अवस्थामा सो वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी निवेदक रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ। झुट्ठा विवरण पेस गरी वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको अवस्थामा अद्यापि कारवाही गर्न कुनै कानूनी बन्देज पनि देखिँदैन। यस्तो अवस्थामा रिट क्षेत्रबाट विपक्षी रामचन्द्र झाले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र बदर गर्न मिलेन। नागरिकता ऐनबमोजिम कारवाही अघि बढाउन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले छुट्टै व्यवस्था र प्रक्रिया स्पष्टसँग तोकिदिएको अवस्थामा सो ऐनबमोजिम तोकिएको व्यवस्था र प्रक्रियाबमोजिम जान सक्नेमा सो बाटो अवलम्बन नगरी यस रिट निवेदनको मागदाबीको

आधारमा परमादेशको आदेश जारी गर्नसमेत मिल्ने देखिएन । तसर्थ निवेदकको संवैधानिक तथा कानूनी हकको हनन भएको भन्ने अवस्था नदेखिँदा निवेदन जिकिरबमोजमको परमादेशलगायतको आदेश जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत (शाखा अधिकृत): बिमला पौडेल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल पुस १९ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** ०७२-CI-११६७, अंशचलन, मिठू खत्री वि. रामबहादुर खत्रीसमेत

बसाइँसराईको प्रमाणपत्र बसाइँसराईसम्बन्धी प्रयोजनका लागि खडा गरिएको प्रमाणपत्र हो। त्यसबाट नाता सम्बन्ध रहे नरहेको निराकरण गर्न सकिँदैन र त्यस्तो प्रमाणपत्रको आधारबाट नाता सम्बन्धको निराकरण गर्नु कानूनसङ्गत पनि नहुने।

DNA परीक्षण पक्षले माग गर्दैमा जुनसुकै अवस्थामा पनि गर्नुपर्छ भन्ने छैन। नाता प्रमाणित स्पष्ट र विवादरहित रूपमा पुष्टि भइरहेको अवस्थामा सो परीक्षण आवश्यक नपर्ने।

आफ्नो ज्ञान, सीप, प्रयासबाट आर्जित सम्पत्ति निजी आर्जन हुन्छ, त्यस्तो सम्पत्ति बन्डा गर्न कर लाग्दैन । तर आफ्नै पतिले एकासगोलमा रहिरहेको अवस्थामा जापानमा रेस्टुरेन्ट खोली सम्पत्ति कमाएको र सोही रेस्टुरेन्टमा काम गरी वादीकी सौता सानुमैंयाले कमाएको सम्पत्ति आफ्नो ज्ञान, सीप र प्रयासबाट निजी रूपमा आर्जन गरेको भनी निष्कर्ष निकाल्न न्यायोचित देखिएन। सो सम्पत्तिसमेत सगोलकै मान्नुपर्ने।

तसर्थ पुनरावेदन अदालत पाटनको प्रतिवादी दामोदर खत्रीलाई अंशियार ठहराई निजको भागमा पर्ने अंश हक छुट्याई लिन पाउने गरी भएको फैसला सदर हुने ठहर्छ । साथै सानुमैंया खत्रीको नाममा दर्ता रहेका घर जग्गामा निजको मुलुकी ऐन अंशबन्डाको १८ नं. र स्त्री अंश धनको १ नं. बमोजिम कित्ता नं. १७४, ४३० र १०८ का जग्गाहरू निजी ठहरी बन्डा नलाग्ने ठहराई भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म उल्टी भई वादीहरूले प्रतिवादीहरूबाट ६ भागको २ भाग अंश पाउने।

इजलास अधिकृतः सुमन पाण्डे
कम्प्युटरः उत्तरमान राई
इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-००३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. मनोज तामाङ

घटनास्थल र प्रयोग भएको हतियार सम्बन्धमा विवाद नरहेको अवस्थामा अनुसन्धानका क्रममा श्रीमती मती तामाङले गरिदिएको घटना विवरण कागजमा उल्लेख गरेको बेहोरालाई प्रमाणमा लिन सकिने नै देखियो । यी प्रतिवादीले आफूसँग भएको नाल २ भरूवा बन्दुकमध्ये नाल १ आफू बस्ने घरमा नै लुकाई राखी अर्को नाल १ भरूवा बन्दुक लिई हिँडेको, सोही भरूवा बन्दुकले मृतकलाई हानेको र घटनापश्चात् सो भरूवा बन्दुक ससुरा लाक्पा तामाङको घरमा बाख्राको खोरभित्र लुकाएको भनी बयान गरेका र निजका ससुरा लाक्पा तामाङको घरमा भएको बाख्राको खोरभित्रको सुकेको घाँसभित्र भरूवा बन्दुक नाल १ बरामद भएको तथा मनोज तामाङ बस्दै आएको चित्राको छानो भएको घरभित्रको चित्राको भकारीभित्र भरूवा बन्दुक नाल १ बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आएबाट निजको अनुसन्धानको क्रममा भएको बयान र निजले अदालतसमक्ष गरेको बयान वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको देखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीले आरोपित कसुर स्वीकार गरी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गरेको देखिन्छ । घटनास्थल मुचुल्का, घटनास्थल लास जाँच मुचुल्का र मृतकको मृत्युको कारण “Penetrating injury involving heart and left lung” भन्ने शव परीक्षण प्रतिवेदन र मौकामा बुझिएका सिन्के राई, किपा शेर्पासमेतका घटना विवरण कागजका मानिसहरूले गरिदिएको कागजसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी मनोज तामाङले मृतक तीनबहादुर राईलाई गोली प्रहार गरी हत्या गरेको कुरा पुष्टि हुन आएकोले यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिमको कसुरमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम

सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६८।३।२४ को फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१८ मा साधकको रोहमा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत (उपसचिव): मुकुन्द आचार्य

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असार १६ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-RC-०१३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. लक्ष्मी परियार

प्रतिवादीका लोग्ने मृतक मानबहादुर परियारबाट निज निकै पीडित हुनु परेको, रक्सी खाएर घरमा आई उल्टै श्रीमतीलाई मीठो खाना पकाएर नखुवाएको भनी यातना दिएका कारण प्रतिवादी पीडित भएको कुरा निजले आफ्नो बयानमा व्यक्त गरेको पाइन्छ। प्रतिवादीउपरको किटानी जाहेरी, निजको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयान घटना विवरण कागज गर्ने मानिसहरूले लेखाइदिएको कागज र मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीले अभियोग माग दाबीअनुरूपको कसुर गरेको पुष्टि हुन आयो। तसर्थ यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू उदयपुर जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७३।५।२९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

लोग्ने मानबहादुर परियारले रक्सी खाई आएर मिठो खाना नपकाएकी भनी कुटपिट गर्ने गरेको लोग्नेको उक्त खराब आदतबाट यी प्रतिवादी (Better woman syndrome बाट) प्रताडित भएको देखिन्छ। घटना घट्दाको समयमा यी प्रतिवादी र मृतकको लोग्ने दुवैले रक्सी खाएको, पूर्वयोजना नभई तत्काल भएको झगडाका कारणबाट उक्त वारदात घट्न गएको पाइन्छ। उक्त वारदातमा धारिलो हतियारको प्रयोग नभई चिरपट दाउराको प्रयोग भएको देखिन्छ। प्रतिवादीले घटना घटेपछि यथार्थ कुरा बताई अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत साबिती बयान गरेको पाइएकोले उपर्युक्त परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गर्दा सुरू र पुनरावेदन अदालतले यी प्रतिवादीको हकमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १२(बाह्र) वर्ष मात्र कैद हुने भनी व्यक्त गरेको रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): मुकुन्द आचार्य

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल असार १६ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-११२६, उत्प्रेषण / परमादेश, सावित्री गिरी वि. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् जनकपुरधामसमेत

निवेदिकालाई सोधिएको स्पष्टीकरणमा अत्यन्त महत्त्वपूर्ण र संवेदनशील विषय परिषद्को लेखा शाखामा आगलागीसम्बन्धी भएको र निजलाई सेवाबाट हटाउने निर्णयको मुख्य कारण र आधार पनि आगजनी नै भएको देखिन्छ। उक्त आगजनीसम्बन्धी चलेको वादी श्री ५ को सरकार प्रतिवादी सावित्री गिरीसमेत भएको आगलागी मुद्दा २०६१ स.फौ.नं. ८५९ मा धनुषा जिल्ला अदालतबाट मिति २०६२।३।५ मा उक्त मुद्दाको प्रतिवादी तथा प्रस्तुत रिट निवेदनको निवेदक सावित्री गिरीलाई सफाइ दिएको र पुनरावेदन अदालत जनकपुरले मिति २०६३।३।२९ मा सुरू अदालतको फैसला सदर गरी सफाइ पाइसकेको अवस्थामा जुन कारण र आधारमा सेवाबाट बर्खास्त गरिएको छ सो आरोप प्रमाणित हुन नसकेकोले सोही आधार र कारणबाट निवेदिकालाई सेवाबाट हटाउने भनी गरेको निर्णयलाई कानूनसङ्गतको निर्णय मान्न नसकिने।

निवेदिका लगातार आफ्नो अधिकारको संरक्षण गर्न लागी परेको अवस्था र जनकपुर क्षेत्र विकास परिषद्को कार्यकारिणी समितिको निर्णयपश्चात् निवेदिकासँग अन्य कानूनी उपचारको मार्ग नरहेको अवस्थामा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत निवेदन दायर गरेको हुँदा प्रस्तुत निवेदनबाट उपचार दिन मिल्दैन भन्ने विपक्षीहरूको लिखित जवाफसँग सहमत हुन नसकिने।

बृहत्तर जनकपुरक्षेत्र विकास परिषद् नियमावली,

२०५८ विनियम ८.६(१) मा कर्मचारीलाई सजाय दिँदा निजमाथि लगाइएको आरोप स्पष्टरूपले किटी प्रत्येक आरोप कुन कारणमा आधारित छ सोसमेत खुलाउनु पर्ने छ भन्ने व्यवस्था भएकोमा निवेदिकालाई जुन आरोप, आधार र कारण लगाई सेवाबाट हटाइएको छ सो आरोपको सम्बन्धमा धनुषा जिल्ला अदालत तथा पुनरावेदन अदालत जनकपुरले समेत सफाइ दिइसकेको अवस्थामा सोही आरोप, कारण र आधारमा निवेदिकालाई सेवाबाट निलम्बन गरेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले मिति २०६१।६।१२ को निर्णय, उक्त निर्णय मितिदेखि नै कायम हुने गरी मिति २०६१।८।२५ मा सेवाबाट हटाएको निर्णयलाई पुनरावेदनको रोहमा मिति २०६७।११।९ मा सदर गरेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को कार्यकारी समितिको निर्णय र उक्त निर्णयबमोजिम भए गरेका काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ को नियम १२.३ बमोजिम पाउनुपर्ने तलब सुविधासमेत उपलब्ध गराउन विपक्षीहरूलाई परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०६२९, उत्प्रेषण / परमादेश, दिप्ती गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदारबारसमेत

रिट निवेदिका आमा दिप्ती गुरूङ धनबहादुर गुरूङको छोरी नागरिकता प्रमाणपत्र नम्बर ५७८०१ धारी नेपाली नागरिक भएको जिल्ला प्रशासन कार्यालय ललितपुरबाट मिति २०४९।६।१२ मा जारी भएको नागरिकता प्रमाणपत्र र रिट निवेदिका छोरी नेहा गुरूङको ललितपुर उपमहानगरपालिका वडा नं. ३ ले मिति २०७२।३।३१ मा दिएको जन्मदर्ता प्रमाणपत्रले निज निवेदिकाहरू नेपाली नागरिक नै भएको पुष्टि हुन आउने।

जन्म हुँदाका बखत बाबु अथवा आमामध्ये कुनै एक जना नेपाली नागरिक रहेको, नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ भनी संविधान र कानूनले स्पष्ट व्यवस्था गरिरहेको अवस्थामा निज निवेदिकाहरू नेपाली आमाबाट नेपालमा नै जायजन्म भएको नेपाली नागरिक भएको मिसिल संलग्न प्रमाणहरूबाट प्रस्ट देखिरहेको अवस्थामा निवेदिकामध्येको छोरी नेहा गुरूङको पिताको पहिचान नभएकै कारणले निजलाई नेपालको नागरिकताको प्रमाण–पत्र प्राप्त गर्नबाट वञ्चित गरी निजको पहिचान नै लोप हुने अवस्था सिर्जना गर्नु न्यायोचित नहुने।

प्रत्येक शिशु जन्मेपछि दर्ता गरिने, निजको नाम राखिने तथा राष्ट्रियता प्राप्त गर्ने शिशुको अधिकार हुन्छ भने बालबालिका जन्मिएपछि आफ्नो राष्ट्रियताको अधिकारसमेत सुनिश्चित हुने अन्तर्राष्ट्रिय मान्यता रहेको र सो मान्यतालाई नेपाल सरकारले समेत आत्मसात् गरिरहेको विभिन्न सन्धि, महासन्धि, सम्झौताहरूको पक्ष राष्ट्र भएबाट पुष्टि भइरहेको अवस्थामा निवेदिकामध्येको दिप्ती गुरूङले निवेदिका छोरी नेहा गुरूङलाई जन्म दिई एकल आमाको रूपमा संरक्षण गर्दै, पालन पोषण, शिक्षा दिक्षा, स्वास्थ्य उपचार गरी बढाउनु र पढाउनु भएको देखिन्छ भने निवेदिका छोरी नेहा गुरूङले आफ्नो पिताको नाम पनि नसुनेको र नदेखेको भई आमा दिप्ती गुरूङको नामबाट पहिचान पाउन चाहिरहेको अवस्थामा निज नेहा गुरूङले आमाको नामबाट नागरिकता पाउने हक सुरक्षित नै रहेको अवस्थामा निवेदिका दिप्ति गुरूङले दुई छोरीहरूको जायजन्म गरेर पनि छोरीहरूको बाबु थाहा नभएको भनी नागरिकता पाउनबाट वञ्चित गर्न मिल्ने नदेखिने।

लैङ्गिक आधारमा कुनै पनि प्रकारको भेदभाव नगर्ने भनी संविधानमा मौलिक हकको रूपमा व्यवस्था भइरहेको अवस्थामा निवेदिकामध्येको आमा दिप्ती गुरूङ नेपालको नागरिक भएको निजको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदिका छोरी नेहा गुरूङलाई निजको बाबु पत्ता नलागेको कारण देखाई नागरिकताको प्रमाणपत्र जारी नगर्नु निवेदिका नेहा गुरूङको मात्र नभई निजको आमा निवेदिका दिप्ति गुरूङको समेत मौलिक हक हनन हुने देखियो। अतः नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ ले निजहरूको पहिचानसम्बन्धी हक सुनिश्चित गरिरहेको देखिँदा आमाले

आफ्नो सन्तानलाई पहिचान दिनसक्ने संविधान एवम् कानूनले प्रदान गरेको अधिकारबमोजिम आमा दिप्ती गुरूङको नामबाट छोरी नेहा गुरूङले नागरिकता पाउने नै देखिने।

प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउनु निजको नैसर्गिक अधिकार हो। मिति २०७२।३।३१ गते ललितपुर उपमहानगरपालिकाको वडा नं.३ को कार्यालयले दिएको जन्मदर्ता प्रमाणपत्रको पारिवारिक लगत फारामको तेस्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको" र English version को Family Record form No. को तेस्रो हरफमा "daughter of Mr. Thegan Nabhaeko" भन्ने लेखिएबाट पितृसतात्मक सोच भएको नेपाली समाजमा बाबुको ठेगान नभएको छोरी भनी आफ्नो परिचय दिनु पर्दा निज निवेदिकालाई हेर्ने दृष्टिकोणमा नै फरक पर्न गई हेय र अपमानित हुनुपर्ने अवस्था सृजना हुनजाने देखिँदा निज निवेदिका नेहा गुरूङको आत्मसम्मानमा चोट पुग्न जाने नै देखियो। कुनै पनि नागरिकको आत्मसम्मानमा चोट पुर्‍याउने हक कुनै पनि निकाय वा व्यक्तिलाई नहुने हुँदा उक्त मिति २०७२।३।३१ मा ललितपुर उपमहानगरपालिकाले निवेदिका नेहा गुरूङको जन्मदर्ता प्रमाण–पत्रको पारिवारिक लगत फारमको तेस्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको" र Family Record form No. को तेस्रो हरफमा "daughter of Mr. Thegan Nabhaeko" भनी उल्लेख भएको बेहोरा बदरयोग्य नै देखिने।

आमाको नामबाट नागरिकता पाउने सम्बन्धमा संविधान तथा नेपाल नागरिकता ऐनमा स्पष्ट व्यवस्था हुनका साथै सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेशसमेत जारी भइसकेको अवस्थामा कानून कार्यान्वयन गर्नु पर्ने निकायबाट नै विभिन्न बहानामा आमाको पहिचानबाट नागरिकता दिन इन्कार गर्नु कानूनको उल्लङ्घनसरह हुन जान्छ। अतः कानूनबमोजिमको रीत पुर्‍याई आमाको नामबाट नागरिकता लिन चाहनेलाई आवश्यक सहयोग पुर्‍याउनु नेपाल सरकार तथा मातहतका सम्बन्धित सम्पूर्ण निकायहरूको जिम्मेवारीसमेत हुने नै हुँदा व्यावहारिक रूपमा आफ्नो जिम्मेवारी तदारूकताका साथ कार्यान्वयन गर्नुपर्ने।

अतः नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ ले नेपाली आमाले आफ्नो सन्तानलाई पहिचानसहितको नागरिकता दिलाउने तथा सन्तानले आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउने हक अधिकार सुनिश्चित गरिरहेको अवस्थामा निवेदिका नेहा गुरूङको बाबु पत्ता नलागेकै आधारमा मात्र निजले नागरिकताको हकबाट वञ्चित गराउन मिल्दैन। आमा दिप्ती गुरूङको नामबाट आफ्नो पहिचान बनाउन चाहिरहेको छोरी नेहा गुरूङले आमाको नामबाट नागरिकता प्रमाणपत्र पाउने ठहर्छ। मिति २०७२।३।३१ को ललितपुर उप-महानगरपालिकाले दिएको निवेदिका नेहा गुरूङको जन्मदर्ता प्रमाण–पत्रको पारिवारिक लगत फारमको तेस्रो हरफमा "मा बस्ने श्री ठेगान नभएको" र Family Record form No. को तेश्रो हरफमा "daughter of Mr. Thegan Nabhaeko" भनी उल्लेख भएबाट निवेदिकाको आत्मसम्मनमा चोट पुग्न जाने देखिँदा सो उत्प्रेषणको आदेशले बदर गरी निवेदिकाले माग गरेबमोजिम नागरिकता प्रमाणपत्रमा समेत बाबुको नामको महलमामा बस्ने श्री ठेगान नभएको "daughter of Mr. Thegan Nabhaeko" भन्ने उल्लेख नगरी नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-१०३२, उत्प्रेषण, धर्मप्रसाद दाहाल वि. कान्छाराम पोखरेलसमेत

लेनदेन मुद्दाको फैसला अन्तिम भई कार्यान्वयन योग्य रहे भएको देखिएको, स्व. नरेन्द्रकुमार पोखरेलले सगोलमा रहँदाको अवस्थामा नै निवेदन दाबीको ऋण लिएको तथ्यमा विवाद नभएको, निवेदकले ऋणी स्व. नरेन्द्रकुमारको नाउँको सम्पत्ति देखाई बिगो भरिपाउन माग गरेको देखिएको, सो सम्पत्ति मिलापत्रको माध्यमबाट विपक्षी ढकाकुमारीको अंश भागमा परेको देखिए पनि सगोलमा रहँदा बस्दा लाएको ऋण सगोलका सबै अंशियारले तिर्नुपर्ने कानूनी कर्तव्य भएकोले पुनरावेदन अदालत राजविराजले विपक्षी ढकाकुमारी पोखरेलको अंशबापत पाएको सम्पत्तिबाहेक नरेन्द्रकुमार पोखरेलको नाउँको रहेको अंश

कुनै सम्पत्ति भए सो सम्पत्तिबाट तथा निज नरेन्द्रकुमार पोखरेलले अपुताली खाने व्यक्तिको सम्पत्तिबाट लेनदेनको बिगो भराइदिनु भनी मिति २०७२।१।३१ भएको आदेश मुलुकी ऐन लेनदेन व्यवहारको ८ र २२ नं. तथा दण्ड सजायको २६ नं. को विपरीत देखिएकोले उत्प्रेषणको आदेशबाट बदर हुने।

निवेदक धर्मप्रसाद दाहालले बिगो भरी पाउन दिएको दरखास्तमा उल्लिखित जग्गाहरूबाट कानूनबमोजिम बिगो भरिभराउको काम कारवाही अगाडि बढाउनु भनी विपक्षी ओखलढुङ्गा जिल्ला अदालतका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

१३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०३२५, उत्प्रेषण / परमादेश, बसन्तबहादुर श्रेष्ठ वि. मञ्जु मिश्रसमेत

अंश मुद्दाका फैसला बदर गरिपाउँ भनी निवेदकले फैसला बदर मुद्दा दिएकोमा निवेदकले दिएको फैसला बदर मुद्दा खारेज हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।१० मा फैसला भएको देखिन्छ। सो फैसलाउपर उच्च अदालतमा पुनरावेदन गरेको छु भन्ने निवेदकको जिकिर देखिए पनि फैसला बदर मुद्दामा अन्तिम फैसलाले ठहरेबमोजिम हुने नै हुँदा फैसला बदर मुद्दा परेकै आधारमा फैसला कार्यान्वयनको कार्यलाई रोक्न नमिल्ने।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ८० (ग) मा फैसला कार्यान्वयन अधिकारीले फैसला कार्यान्वयनको क्रममा पक्षहरूबीच मिलापत्र गराउन सक्ने नै देखिँदा फैसला कार्यान्वयन अधिकारीले गराएको मिलापत्र गैरकानूनी छ भन्न पनि नमिल्ने।

फैसला कार्यान्वयनका क्रममा भएका काम कारवाहीउपर चित्त नबुझे सरोकारवाला व्यक्तिले मुलुकी ऐन, दण्ड सजायको ६१ नं. बमोजिम जिल्ला न्यायाधीशसमक्ष उजुरी निवेदन गर्न सकिनेमा निवेदक प्रचलित कानूनले व्यवस्था गरेको उल्लिखित उपचारको मार्ग अवलम्बन नगरी सिधै रिट क्षेत्राधिकारको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखियो। वस्तुतः वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै रिट क्षेत्रधिकारबाट प्रवेश गरी उपचार खोज्न नमिल्ने।

तसर्थ, उच्च अदालत पाटनमा विचाराधीन फैसला बदर मुद्दामा कानूनबमोजिम हुनसक्ने नै भएको, अदालतबाट अन्तिम भई बसेको अंश मुद्दाको फैसला कार्यान्वयनको क्रममा भए गरेको काम कारवाहीबाट निवेदकको संवैधानिक र कानूनी हकमा आघात पुगेको मान्न नमिल्ने र वैकल्पिक मार्ग हुँदाहुँदै रिट क्षेत्राधिकारबाट प्रवेश गरेको देखिँदा मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

१४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-०८७२, उत्प्रेषण / परमादेश, नसिम अख्तरसमेत वि. सतिशचन्द्रलाल कायस्थसमेत

जिल्ला अदालत नियमावली, २०५२ मा २०५९।४।२० मा भएको तेस्रो संसोधनले नियम ७८ क थप गरी फैसला कार्यान्वयनको रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा सोही मिसिलबाट कारवाही र किनारा गर्नसक्ने गरी कानूनी व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था कार्यविधिगत देखिन्छ। मुद्दा चल्दाचल्दैको अवस्थामा विवादित सम्पत्तिको हक हस्तान्तरण भएको अवस्थामा सो कुराको छिनोफानो के कसरी लगाउने भन्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था उक्त नियम ७८क ले गरेको हो। त्यसकारण २०४९।३।१७ मा भएको फैसला कार्यान्वयनको क्रममा जिल्ला अदालत नियमावली, २०५२ मा तेस्रो संशोधनबाट थप गरिएको उपर्युक्त कानूनी कार्यविधिगत व्यवस्था आकर्षित गर्न नमिल्ने भन्ने नदेखिने।

वस्तुतः अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयनयोग्य हुन्छ र हुनुपर्दछ। अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयन भएन र गरिएन भने अदालतले दिएको न्यायको कुनै अर्थ रहँदैन। त्यसैले अदालतको फैसला कार्यान्वयन हुनुपर्छ सो फैसला निष्क्रिय हुने गरी व्याख्या गर्न नमिल्ने।

विपक्षी सतिशचन्द्रलाल कायस्थले दिएको नापी बदर, दर्ता बदर, दर्ता कायम मुद्दा विचाराधीन रहेकै अवस्थामा निवेदन दाबीका कित्ता जग्गाको हक हस्तान्तरण भएको तथ्यमा विवाद नभएकोले त्यसरी मुद्दा चल्दाचल्दैको अवस्थामा गरिएको हक हस्तान्तरणका लिखतहरूलाई मान्यता नदिई ती लिखतहरूलाई कानूनबमोजिम बदर गरी अदालतबाट अन्तिम भएको फैसलालाई कार्यान्वयन गर्ने क्रममा भएका काम कारवाहीले निवेदकहरूको कुनै संवैधानिक र कानूनी हक हनन भएको मान्न सकिने अवस्था विद्यमान नदेखिने।

तसर्थ अदालतबाट अन्तिम भएको फैसला कार्यान्वयनका क्रममा भएका काम कारवाहीबाट निवेदकको कुनै हक अधिकारमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

१५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१६७३, कर्तव्य ज्यान, अणप्रसाद पौडेल वि. नेपाल सरकार

मृतकको शव परीक्षण प्रतिवेदनमा निजको मृत्यु Apparently because of hypovolemic Shock due to excessive blood loss due to damage of Rt. jugular भनी उल्लेख भएको देखिन्छ। बुझिएका मानिसहरूले समेत सुभद्रा पौडेलको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको भनी लेखाइदिएको अवस्था छ। प्रतिवादीले समेत आफ्नो बयानमा मृतक श्रीमतीलाई परपुरूषसँग सम्बन्ध राखेको भन्ने शंका लागी रिसको कारणले चक्कुले पटकपटक हानी हत्या गरेको भनी स्पष्टसाथ लेखाइदिएको देखिन्छ। घटनास्थल मुचुल्काको बेहोरा, प्रतिवादीको मौकामा र अदालतसमक्ष गरेको बयान, मौकामा बुझिएका व्यक्तिहरूको घटना विवरण कागज तथा अदालतमा भएको बकपत्रसमेतका आधारमा निज प्रतिवादी दिपेश भन्ने अणप्रसाद पौडेल कसुरदार होइनन् भन्न नसकिने।

प्रतिवादी दिपेश भन्ने अणप्रसाद पौडेलले आफ्नै श्रीमती मृतक दीपा भन्ने सुभद्रा पौडेलको धारिलो हतियारले प्रहार गरी कर्तव्य गरी हत्या गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. अनुसारको कसुरमा ऐ. ऐन महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७०।५।१० को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।७।२५ को फैसला मनासिब नै देखिएकोले सदर हुने।

मृतकलाई मारिसकेपछि पुनरावेदक प्रतिवादीले कुनै पनि प्रमाण लोप नगराई आफूले गरेको कसुर अपराधको सम्बन्धमा जस्ताको त्यस्तै अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतको बयान गर्दा लेखाइ दिई अदालती प्रक्रियालाई सहयोग पुर्‍याएको देखिन्छ। परपुरूषसँगको सम्बन्ध रहेको शंकामा अपराध गरेको अवस्था छ। पहिले चक्कुले आफूलाई मृतकले हानेपछि आफूले पनि चक्कु प्रहार गरेको भन्ने प्रतिवादीको बयान जिकिर देखिन्छ। प्रतिवादीको मृतकको ज्यान नै लिनुपर्नेसम्मको इवि वा मनसाय रहेकोसमेत देखिँदैन। यसरी निजले अपराध गरेको अवस्थासमेतलाई विचार गर्दा पुनरावेदक प्रतिवादी दिपेश भन्ने अणप्रसाद पौडेललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय दिँदा चर्को हुने देखिँदा अ.बं.१८८ नं. बमोजिम प्रतिवादी दिपेश भन्ने अणप्रसाद पौडेललाई १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख २४ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०५०८, उत्प्रेषण / परमादेश, उदिमबहादुर राई वि. श्यामु राईसमेत

विपक्षी देशराज राईले सम्पूर्ण सम्पत्तिबाट १३ भागको १ भाग सम्पत्ति बुझेको नभई न्यून सम्पत्तिसम्म बुझेकोलाई समन्यायिक दृष्टिकोणबाट अंशबन्डा भएको भनी मान्न मिल्ने देखिएन। यी निवेदक प्रतिवादी भएको उक्त अंश मुद्दामा सुरू जिल्ला अदालतबाट मिति २०६३।१०।२२ मा फैसला हुँदा अंश बुझेको भरपाईलाई मान्यता नदिई अंशियार कायम गरी फैसला भई सो फैसला

पुनरावेदन अदालतबाट सदर भई अन्तिमरूपमा रही रहेको देखिन्छ । सो फैसलालाई अन्यथा हुने गरी आदेश गर्न मिल्ने नदेखिने ।

निवेदक उदिमबहादुर राईले ललितपुर जिल्ला अदालतमा चलेको अंश मुद्दाको प्रतिउत्तर पत्रमा यी विपक्षी देशराज राईले अंश लिएको भनी कहिँकतै उल्लेख गरेको देखिँदैन । तायदाती फाँटवारीमा उल्लिखित घरजग्गाहरूको १५ भागको १ भाग सम्पत्ति वादीले अंशबापत पाउने ठहर्छ भनी भएको फैसलामा चित्त बुझाई बसी आएको हुँदा मुलुकी ऐन, दण्ड सजायको ४६ नं. बमोजिम अंश छुट्याई दिलाई पाउँ भनी यी निवेदकले ललितपुर जिल्ला अदालतमा निवदन दिएको देखिन्छ । ललितपुर जिल्ला अदालतबाट फाँटवारीमा उल्लिखित घरजग्गाहरूको १५ भागको १ भाग सम्पत्ति वादीले पाउने भनी १५ अंशियार कायम गरी भएको फैसला पुनरावेदन अदालत पाटनमा दिलराज राईले दिएको पुनरावेदन पत्रमा ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर भई अन्तिम भई बसेको देखिन्छ । उक्त फैसला निवेदक प्रतिवादीले स्वीकार गरी अन्तिम भइरहेको अवस्थामा तह-तह अदालतबाट भएका फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाअनुकूल हुने देखिँदैन । ललितपुर जिल्ला अदालतबाट १३ अंशियार कायम गरी प्रतिवादीमध्येकी श्यामु राईको अंशहक छुट्याई दिने गरी भएको आदेश पुनरावेदन अदालत पाटनबाट सदर गरेको आदेश कानूनको प्रत्यक्ष त्रुटि देखिन नआएकोले बदर गरिरहन नपर्ने ।

निवेदन माग दाबीबमोजिम कति अंशियार हुने र को कस्लेको कसबाट अंश पाउने वा नपाउने सम्बन्धमा रिट क्षेत्रबाट निर्क्यौल गर्न मिल्ने पनि नदेखिने ।

तसर्थ सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६७।७।१६ फैसला भई अन्तिम भई फैसला कार्यान्वयन गर्ने सिलसिलामा १३ अंशियार कायम गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको आदेश सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनबाट मिति २०७०।४।३१ मा भएको आदेश मिलेकै देखिँदा सो आदेश बदर गरिपाउँ भनी परेको रिट निवेदन माग दाबीअनुसार रिट जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम् ।

१७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१४४९, निषेधाज्ञा, दिपबहादुर भण्डारी क्षेत्री वि. बिमल कुँवरसमेत

साधिकार निकायबाट भएको निर्णयलाई स्वीकार गरी बसी लामो समय व्यतित भएपछि मात्र रिट क्षेत्रमा प्रवेश गरी निवेदकको निवेदन पर्न आएकोले मागबमोजिम निवेदकको नागरिक अधिकार हनन भएकोसमेत नदेखिई निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहराई पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला मिलेकै देखिने ।

अत: माथि उल्लिखित विवेचित आधार एवम् प्रमाणबाट लामो समय व्यतित भएपछि मात्र निवेदकको निवेदन पर्न आएकोले मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहराई पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७२।११।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम् ।

१८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CI-१६०४ र ०७२-CI-२०३८, जग्गा खिचोला चलन रोक्का जग्गा फुकुवा गरिपाऊँ, गोपालसिंह नेपाली वि. गंगाप्रसाद मुक्तानसमेत र गंगाप्रसाद मुक्तान वि. गोपालसिंह नेपाली

वादी गोपालसिंह नेपालीले प्रतिवादी गंगाप्रसादसँग ०-२-० जग्गा राजीनामा लिखत पारित गरी लिएको र लिखतबमोजिम क्षेत्रफल पुऱ्याउनु बिक्रेताको दायित्व हुन आउने नै देखिन्छ । सोबमोजिम प्रतिवादीको जग्गाबाट ०-२-० जग्गा वादीको नाममा नामसारी भएको मिसिल संलग्न कुनै प्रमाण कागजातबाट देखिँदैन । प्रतिवादीले वादीको जग्गा नपुऱ्याई वादीसमेतको जग्गाबाट

बैंकमा धितो राखी बैंकले रोक्का राखेको देखिँदा प्रतिवादी गंगाप्रसाद मोक्तानले वादीको जग्गा खिचोला गरेको देखियो । यस अवस्थामा उल्लिखित जग्गामा भएको प्रतिवादीको खिचोला मेटाई यी पुनरावेदक वादीले चलन पाउने नै हुँदा वादीले चलन पाउने ठहऱ्याएको सुरू फैसला सो हदसम्म अन्यथा गर्नुपर्ने देखिँदैन तर साबिक कि.नं. ३४ को ०-१६-० जग्गा हाल कित्ताकाट भई विभिन्न कित्ता कायम भएको र वादीको दाबी पनि साबिक कित्ताबाट नभई हाल कायम कित्ताबाट फुकुवासमेत गरिपाउँ भन्ने रहेको देखिँदा हाल कायम कित्ताबाट नै वादीले पाउनु तथ्यपरक र न्यायसम्मत देखिँदा पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिन आउने ।

अतः माथि उल्लिखित विवेचित आधार कारण र प्रमाणबाट वादी दाबीभन्दा बाहिर गई साबिक कि.नं. ३४ बाट ०-२-० जग्गा वादीलाई दिने गरी भएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०७०।१०।२२ को फैसला केही मिलेको नदेखिँदा केही उल्टी भई सुरू अदालतबाट भएको न.नं. ३ को कि.नं. १५२, न.नं. ४ को कि.नं. १७१ र न.नं. ५ को कि.नं. ६५३ गरी जम्मा ०-१-१९-११ जग्गा वादीको भोगमा रहेको देखिएको र वादीको जम्मा जग्गा ०-२-० भएकोमा वादीको भोगमा रहेको जग्गामा नपुग ०-०-०-५ कनवा जग्गा देखिएकोले प्रतिवादीको भोगमा रहेको नक्सा नं.६ को कि.नं. १७१ को जग्गाबाट पूर्वतर्फबाट ०-०-०-५ कनवा जग्गासमेत गरी जम्मा ०-२-० जग्गा निज पुनरावेदक प्रतिवादी गंगाप्रसाद मोक्तानले खिचोला गरेको देखिएकोले खिचोला छोडाई सो हदसम्मको जग्गा कृषि विकास बैंकमा राखेको धितोसमेत बदर भई फुकुवा हुने ठहराई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।३।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-MS-००२८, अदालतको अवहेलना, टोपबहादुर कार्की वि. काठमाडौं महानगरपालिका वडा नं.१३ ताहचलसमेत

निवेदक टोपबहादुर कार्की मिति २०७३।३।२० देखि कोटेश्वर सरस्वती मा.वि. मा हाजिर भई कामकाज गर्दै आएकोमा निजले मिति २०७३।८।१६ मा श्रीमान् प्राध्यापकज्यू, सरस्वती मा.वि. कोटेश्वरलाई सम्बोधन गरी म लोक सेवा आयोग मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको कार्यालयबाट सिफारिस भई महालेखा नियन्त्रकको कार्यालयअन्तर्गत लेखा समूहको रा.प.अनं. प्रथम श्रेणी लेखापाल पदमा मिति २०७३।८।१७ गतेबाट लागू हुने गरी स्थायी नियुक्ति भएकोले शिक्षक पदबाट राजीनामाको लागि सिफारिस गरिदिनु हुन अनुरोध छ भनी राजीनामा दिएको देखियो । यसरी विपक्षीले सोही स्कुलमा पदस्थापन गराई हाजिरसमेत गराएको स्थितिमा लोक सेवा आयोगबाट लेखापाल पदमा सिफारिस भइसकेको र स्थितिमा नै परिवर्तन आइसकेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत / उपसचिवः कोशलेश्वर ज्ञवाली
कम्प्युटरः मन्जिता ढुगांना
इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-RC-००९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. उत्तरसिं राई

लाक्पादिकी शेर्पीनीको घरमा बास बसेपछि प्रतिवादी र मृतक दुवैजना निस्की बाहिर गएपछि प्रतिवादी उत्तरसिं मात्र लाक्पादिकीको घरमा आएको र बिहान गंगा आयो भने पठाइदिनु भनी एक्लै हिँडेको उत्तरसिं फर्की आएपछि धनकाजी राईले गंगा खोई भन्दा आमा बिरामी भएकोले घर गयो भनेकोमा आफू भरिया भई गएको व्यक्तिको खोजखबर नगरेको तथा निज अनुसन्धानको क्रममा तथा अदालतमा समेत उपस्थित नभई फरार रहेको अवस्था देखिन्छ । यसबाट निजका विरूद्ध कसुर प्रमाणित हुने प्रत्यक्ष प्रमाण नदेखिए पनि परिस्थितिजन्य प्रमाण मौजुद रहेकै देखिन आयो । निज प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने मिसिल संलग्न घटनास्थल लास जाँच मुचुल्का, जाहेरवालाको जाहेरी एवम् बकपत्र, बुझिएका मानिसहरूको बकपत्रसमेतका प्रमाणहरू एक अर्कोमा समर्थित भएकाले प्रतिवादी उत्तरसिंहको वारदातमा संलग्नता भएको पुष्टि हुन आउने ।

अतः उल्लिखित विवेचित आधारसमेतबाट

प्रतिवादी उत्तरसिं राईलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०५४।२।२७ मा भएको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम्।

२१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-RC-०१३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. छिरिङ्गप्रसाद राई

प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा भएको साबिती बयान जाहेरवालाको जाहेरी दरखास्त, मृतक कितावसिं राईको निधारमा बायाँपट्टि भागमा निलो टुटुल्को देखिएको, टाउकोको पछाडि दाहिनेतर्फ ३ इन्च लम्बाई, ०.५ इन्च चौडाइ भएको आलो घाउ रहेको, सोही घाउमुनी १ इन्च लम्बाईको अर्को घाउ रहेको भन्ने घटनास्थल लास जाँच प्रकृति मुचुल्का, मृत्युको कारण “Head injury” भन्ने शव परीक्षण प्रतिवेदन, तथा घटनाबारेमा प्रत्यक्ष देख्ने मानिसहरू हिरामणी राई, थामिराम राई र ममिता राईले अदालतमा गरिदिएको बकपत्रसमेतका प्रमाणहरूले समर्थित गरेको देखियो । तसर्थ यी प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने तथ्यमा विवाद नभएको र निज प्रतिवादीले आरोपित कसुर स्वीकार गरी गरेको बयानमा उल्लिखित तथ्यहरू मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादी छिरिङप्रसाद राईले अभियोग दाबीबमोजिम कसुर गरेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७२।११।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी र मृतकबीच मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन । मार्ने योजना बनाई हातहतियार लिई आएको अवस्थासमेत देखिँदैन। रक्सी खाँदै, गफ गर्दै गरेको अवस्थामा म १३ वर्षको हुँदा निजले मलाई कुटेको कुरा सम्झी सोही बदलामा मैले कितावसिंहलाई आग्लोले हानेर मारेको हुँ भनी निजले स्वीकार गरी मौकामा तथा अदालतमा साबित भई बयान गरी न्यायिक प्रक्रियालाई सघाएको देखिन्छ । कसुरको प्रकृतिबाट कानूनले जन्मकैदको सजाय पनि तोकेको छ। तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनु पर्दछ। यस अवस्थामा निजलाई उल्लिखित सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को हुने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम तजबिजी १०(दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम्।

२२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-RC-०१६७, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुश्मी खातुन

प्रतिवादीको इन्कारी बयान स्वतन्त्र र तथ्यसम्मत प्रमाणबाट समर्थित हुन आवश्यक छ । आफूलाई डरत्रास देखाई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुरा वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारी जबरजस्ती सही गराउन लगाएको जस्ता कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुराको प्रमाण पेस गर्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयानकै आधारमा मात्र निज निर्दोष रहेको मान्न मिल्ने अवस्थासमेत देखिँदैन। मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी कुश्मी खातुनले घटनाको अवस्था परिस्थिति सम्बन्धमा सबिस्तार खुलाइ मौकामा लेखाइदिएको बयानलाई घटनास्थल प्रकृति मुचुल्का, लास जाँच

प्रकृति मुचुल्का तथा पोष्टमार्टम रिपोर्टबाट समर्थित भइरहेको देखिँदा यी प्रतिवादी कुश्मी खातुनले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिई सुरू जिल्ला अदालतबाट सफाइ पाउने गरी भएको फैसला उल्टी गरी अभियोग माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिने।

अतः उल्लिखित विवेचित आधार प्रमाणबाट प्रतिवादी कुश्मी खातुनले वर्ष २ की नाबालिका छोरीलाई घाँटी थिची नहरमा फाली कर्तव्य गरी मारेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल असार २९ गते रोज ५ शुभम्।

२३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७१-CR-१५२५ र १६५८, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामलाल ब्लोन र रामलाल ब्लोन वि. नेपाल सरकार

प्रस्तुत वारदातमा मृतक सीताराम थिङ र प्रतिवादी रामलाल ब्लोन बाटोमा हिँड्दै कुराकानी हुँदै जाने क्रममा आपसमा असहमति भई वादविवाद भई तत्काल उठेको रिसले एकले अर्कोलाई हानेको अवस्थासम्म देखिन्छ। मृतकलाई मार्नु पर्नेसम्मको कारण वा अवस्था, पूर्वरिसइवी वा मनसाय रहेको, कुनै धारिलो एवम् जोखिमी हतियारले हानेको वा लुकी चोरी हानेको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएन। मृतकलाई हान्दा प्रयोग भएको वस्तु मृतकले नै बोकी ल्याएको छाता रहेको देखिएको र तत्काल उठेको रिसका कारणले उसैबखत मृतकले हानेको छाता खोसी उसैलाई हान्दा मृतकको घाँटीमा लाग्न गई मृतकको मृत्यु भएको देखिन आयो। निज प्रतिवादीको मृतक सीताराम थिङसँग कुनै प्रकारको पूर्वरिसइवी रहेको, मार्नेसम्मको पूर्वयोजना वा ज्यान मार्ने मतलबमा पसेकोसमेत नदेखिएको अवस्थामा वादी नेपाल सरकारले लिएको मनसायप्रेरित हत्यामा सजाय हुनपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

भवितव्य भनेको दुर्घटनासरहको आसयरहित आकस्मिक कार्य वा घटना हो। भवितव्यबाट घटना घट्न गएको हो भनी जिकिर लिनेले घटनामा आकस्मिकता रहेको, आपराधिक मानसिकता नरहेको, काम गर्दा उचित सतर्कता अपनाएको र स्वभाविक रूपमा काम भए गरेको भन्ने देखाउन सक्नुपर्ने।

केही काम गर्दा आकस्मिकरूपमा मृतकलाई लागेको चोटको कारणले मृत्यु भएको भन्ने नदेखिई तत्काल उठेको रिसले निज मृतकको छाता खोसी हानेको र सोही चोटको कारणले मरेको भन्ने देखिएकोलाई भवितव्य भन्न नमिल्ने।

मृतक तत्काल भुइँमा लडेकोमा पुनरावेदक प्रतिवादीले भीरबाट तल खसाएको कारणले बाटोभन्दा केही तल भीरको घाँसमा लास प्राप्त भएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ। यसरी छाताको प्रहारबाट घाइते भएका वृद्ध तत्काल लडेकोमा निज प्रतिवादी रामलाल ब्लोनले मृतकले आफूलाई आँखा ठूलो पारी हेरी गाली गर्न थालेकोमा रिसले भीरबाट तल घचेटिदिएको समेत देखिँदा निजको आवेशात्मक अवस्थाको निरन्तरता रहेको नै देखिने।

आफूलाई कुटपिट गरेको कुटाइको रिसको वेगले वा तत्काल उठेको रिसले हान्दा मरेको वा सो चोटबाट मर्न गएकोमा समेत आवेशप्रेरित हत्या हुन जाने भन्ने स्थापित मान्य सिद्धान्तसमेत रहेको अवस्थामा निज प्रतिवादीको मृतकलाई मार्ने नियत नदेखिएको, जोखिमी हतियार पनि प्रयोग नभएको तर तत्काल भएको विवाद र मृतकले छाताले हानेका कारण रिस उठी सोही छाताले हानेको भन्ने देखिँदा प्रस्तुत वारदात आवेशप्रेरित हत्याकै वारदात भएको देखिने।

माथि विवेचित तथ्य, आधार र प्रमाणहरू तथा वारदातको प्रकृति, अवस्था र घाउचोट पुऱ्याउन प्रयोग भएको हतियारको प्रकृतिसमेतका आधारमा मृतकलाई पुनरावेदक प्रतिवादी विनय ब्लोन भन्ने रामलाल ब्लोनले तत्काल उठेको रिसका कारणले छाताले हान्दा घाँटीमा चोट लागी अत्यधिक रक्तस्राब भई सीताराम थीङको मृत्यु भएको अवस्था तत्काल उठेको रिसको कारणले भएको

आवेशप्रेरित हत्या भएको पुष्टि हुन आयो। अतः मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको आवेशप्रेरित हत्याको कसुरमा पुनरावेदक प्रतिवादी विनय ब्लोन भन्ने रामलाल ब्लोनलाई १० वर्ष कैदको सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम्।

२४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७०-CR-१६३५ र ०७३-RC-०१००, कर्तव्य ज्यान, नेपाल सरकार वि. हबिना खातुनसमेत र नेपाल सरकार वि. मोहमद मकबुल मियाँ

प्रतिवादी हविना खातुन र मो. इस्लाम मियाँका साक्षी नेवी हसन तथा सहनाज खातुन र मो. इस्लाम मियाँका साक्षी मो. तसलिमले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरू निर्दोष छन् भनी बकपत्र गरेको देखिन्छ। यी प्रतिवादीहरूले मृतकको शरीरको के कुन ठाउँमा प्रहार गरी के कस्तो परिवन्धबाट उक्त घटना घटाएका हुन् भन्ने कहिँकतैबाट पुष्टि हुनसकेको देखिएन साथै वारदात भएको समयमा यी प्रतिवादीहरूको उपस्थिति रहेको वा कुनै किसिमको मत सल्लाहमा उक्त स्थानमा पसेका हुन् भन्ने मिसिल संलग्न प्रमाणहरूबाट समेत नदेखिएको अवस्थामा जाहेरीको आधारबाट मात्र यी प्रतिवादीहरूलाई कसुरदार मान्न नमिल्ने।

मृतक सेफुल ३० वर्षकी हट्टाकट्टा जवान युवती भएको र निज प्रतिवादी मोहमद मकबुल एक्लैले मात्र अठ्याउन नसक्ने, मृतक युवतीले बाँच्नका लागि बल प्रयोग गर्दा उनीहरूबीच झडप भई मृतकको शरीरमा चोटपटक नदेखिनु भन्ने आधारमा मात्र उक्त वारदातमा निज प्रतिवादीहरूको संलग्नता रहेको भनी शंका गरी कसुरदार मान्न मिलेन शंकाको सुविधा प्रतिवादीहरूले पाउने नै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित आधार तथा ठोस सबुत प्रमाणको अभावमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम जनही ६ महिना कैद हुने ठहर गरेको सप्तरी जिल्ला अदालतको मिति २०६८।६।३० को फैसला सो हदसम्म उल्टाई निज प्रतिवादीहरू हबिना खातुन, सहनाज खातुन र मो. इस्लाम मियाँले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याइएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।३।५ फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी मो. मकवुल मियाँले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतक "मेरी श्रीमतीलाई मैले पटकपटक भन्दासमेत धाराबाट पानी ल्याउन अटेर गरेपछि मैले लगाएको काम नगर्ने भनी घाँटी थिची लडाई मारी दिएको हुँ" भनी साबिती बयान गरेको र अदालतमा बयान गर्दा वारदात समयमा मृतकको "घाँटीमा समाई हुत्याई दिएको र भुइँमा लडी मृत्यु भएको हो" भनी बयान गरेको देखियो साथै पोष्टमार्टम रिपोर्टमा घाँटी थिचेको कारण श्वासप्रश्वास बन्द भई मृतकको मृत्यु भएको भन्नेसमेत देखियो। साथै बुझिएका फुल महमद मियाँ, मो. इस्लाम मियाँ र महाविर यादवसमेतले गरेको बकपत्रमा यी प्रतिवादीलाई गडाउ गरी बकपत्र गरेको पाइन्छ। यी प्रतिवादीले आरोपित कसुर गरेको अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयानलाई पोष्टमार्टम रिपोर्ट र जाहेरवाला एवम् बुझिएका मानिसहरूको बकपत्रबाट समेत समर्थन भइरहेको अवस्थामा सप्तरी जिल्ला अदालतबाट निज प्रतिवादी मो. मकवुल मियाँलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी मो.मकवुल मियाँको मृतकलाई मार्नेसम्मको पूर्वरिसइवी मनसाय नभएको तथा योजनाबद्ध तरिकाले मृतकलाई मारेकोसमेत नदेखिएको, निज प्रतिवादीले आफ्नो पत्नीलाई धाराबाट पानी ल्याउन भन्दा नमानेकोले तत्काल रिस उठी घाँटी थिची मारेकोमा साबित रही आफ्नो अपराध कवोल गरी न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको अवस्थासमेतलाई विचार गर्दा निज प्रतिवादी मोहमद मकवुल मियाँलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा निजलाई वर्ष १२ (बाह्र) मात्र कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुने नै देखिँदा पुनरावेदन अदालत, राजविराजको फैसला साधकको रोहमा सदर भए

तापनि अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी मोहमद मकवुल मियाँलाई वर्ष १२ (बाह्र) कैद सजाय हुने।
इजलास अधिकृत: गीता श्रेष्ठ
इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम्।

**इजलास नं.** ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-CR-०८४०, बहुविवाह, नेपाल सरकार वि. शारद खड्का

प्रतिवादीले आफूले द्रोपतिबाहेक अन्य कसैसँग विवाह नगरेको, द्रोपतिसँग विवाह गरेपछि ऊ सधैँ माइती बस्ने र अंश माग गर्ने गरेकोले त्रियुगा न.पा. मा सम्बन्धविच्छेद गरिपाउँ भनी निवेदन दिएको र सोही रिसइवीले मउपर द्रोपतिले बहुविवाहको जाहेरी दिएकी हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भनी अदालतमा इन्कारी बयान गरेको देखिन्छ । साथै प्रतिवादी शान्ता खड्कको नाममा म्याद जारी भए पनि सुरू अदालतमा हाजिर नभई म्याद गुजारी बसेको देखिन्छ। यसको साथै जाहेरवालीले प्रतिवादी शान्ता खड्काको नाम, थर वतन र तीनपुस्तेलगायत परिचय खुलाई स्पष्ट जाहेरी दिनसकेको पनि देखिँदैन। जाहेरवाली द्रोपतिले आफूले प्रतिवादीहरू शारद र शान्ताबीच विवाह भएकै हो भनी स्पष्ट समर्थन हुने गरी कुनै ठोस प्रमाण पेस गर्न नसकेकोले निजले दिएको जाहेरीकै भरमा मात्र कसुर कायम गर्न मिल्ने नदेखिने।

प्रहरीमा कागज गर्ने फणिन्द्रराज खड्का, सरिता खड्का, देवी खड्का र वस्तुस्थिति मुचुल्काका संजय बस्नेतसमेतले प्रतिवादीले बहुविवाह गरेको सुनेको भरमा मात्र थाहा पाएको भनी विवाह भएकै हो भन्ने कुनै तथ्ययुक्त प्रमाण पेस गर्नसकेको देखिँदैन । प्रतिवादीका साक्षीहरू फर्सबहादुर खड्का र सदिक्षा खड्कासमेतले प्रतिवादीले बहुविवाह गरेको विषयमा अनविज्ञ रही बकपत्र गरेको देखिन्छ । साथै यी प्रतिवादीले आफूले जाहेरवालीउपर त्रियुगा नगरपालिकामा सम्बन्ध विच्छेद मुद्दा दायर गरेको भनी अदालतमा बयान गर्दा खुलाएका र सुरू फैसलाउपर पुनरावेदन गर्दा जाहेरवाली र यी प्रतिवादीउपर अंश मुद्दा चली जाहेरवाली द्रोपतिले अंश पाउने गरी फैसला भइसकेको समेत मिसिलबाट देखिन आउँछ । यो कुरा यी प्रतिवादीले सुरू फैसलाउपर पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गर्दासमेत उल्लेख गरेको देखिन्छ। यसबाट यी जाहेरवाली र प्रतिवादीको बसोबास सँगसँगै नरहेको र जाहेरवालीले अंश पाउने ठहरी मिति २०६६।२।३१ मा उदयपुर जिल्ला अदालतबाट फैसला भएको भन्ने अंश भरपाई लिखत बदर अंश दर्ता मुद्दा (२०६३ सालको द.नं. ३१-०६३-००५५५)बाट देखिँदा यी प्रतिवादीले अभियोग दाबीबमोजिम बहुविवाहको कसुरमा सजाय गर्न न्यायोचित देखिन नआउने।

अतः यी प्रतिवादी शारदकुमार खड्कालाई अभियोग दाबीबमोजिम शान्ता खड्कासँग बहुविवाह गरेको भन्ने अभियोगमा सफाइ दिने ठहराएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः विदुर काफ्ले
इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-WO-११११, उत्प्रेषण, हरिबहादुर डाँगी वि. रविकुमारी गुरूङसमेत

अदालतबाट खिचोला गरेको ठहरी फैसला भएको सोही घर जग्गाको विषयलाई लिएर यी निवेदक हाल घर भत्काउने कार्य रोकी पाउन उत्प्रेषणलगायतका आदेश जारी गरिपाउँ भनी यस अदालतमा प्रवेश गरेको पाइएको छ । यी निवेदकले आफ्नो निवेदन बेहोरामा भए गरेको उपर्युक्त उल्लिखित सम्पूर्ण तथ्य लुकाई कलुसित मनसाय लिई यस अदालतलाई समेत झुक्याउन खोजेको देखिन आयो। आफूले कानूनबमोजिम चलन छोड्नु पर्ने जग्गालाई केही गरी चलन छोड्नु पर्ने कुरालाई रोक्न सकिन्छ कि भनी निवेदक यस अदालतमा प्रवेश गरेको देखिएकोले निवेदक सफा हात लिई अदालत आएको भनी मान्न नमिल्ने।

निवेदनमा यी निवेदकले आफ्नो हकभोगको कि.नं.३३३ को जग्गा र सोमा बनेको घर विपक्षीहरूले अतिक्रमण गर्न खोजेकोले रिट आदेश जारी गरिपाउँ भनी माग गरेको पाइएको छ । दाङ्ग देउखुरी जिल्ला अदालत र पुनरावेदन अदालत तुलसीपुरको फैसला हेर्दा उक्त कि.नं. ३३३ को जग्गामा यी निवेदक

हरिबहादुर डाँगीले यी विपक्षीमध्येका रविकुमारी गुरूङको दर्ता हकको कि.नं.३३२ मध्येको ०-०-१/२ जग्गा घुसाई च्यापी घर बनाई खिचोला गरेको देखिन्छ। आफ्नो जग्गामा च्यापी घर बनाएको सो जग्गामा यी निवेदकको कुनै प्रकारको हक रहेको मान्न मिल्दैन। यस्तो अर्काको हकको जग्गाको विषयलाई लिएर रिट जारी हुन नसक्ने।

निवेदक वास्तविक तथ्य नै लुकाई यस अदालतमा प्रवेश गरेकोले उल्लिखित फैसलाहरूमा खिचोला गरेको ठहऱ्याएको जग्गाभन्दा बाहेकको अर्थात् बढी जग्गामा विपक्षीहरूले अतिक्रमण गरेको रहेछ भन्ने पनि मान्न मिल्दैन । यस्तो गरे भएको प्रमाणसमेत निवेदकले दिनसकेको छैन । साथै विपक्षीहरूले पनि आफूहरूले निवेदकको जग्गा अतिक्रमण हुने कुनै कार्य नगरेको नगराएको भनी लिखित जवाफसमेतबाट देखिएकोले निवेदन मागअनुसारको रिट आदेश जारी गर्न नसकिने।

अतः माथि विवेचित आधार कारणबाट विपक्षीहरूले निवेदकको कि.नं.३३३ को जग्गामा कुनै प्रकारले अतिक्रमण गर्न खोजेको नदेखिँदा निवेदन मागअनुसारको रिट आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-०८९६, आयकर (आ.व.२०५८/०५९), सुरेश प्रधान वि. द नेपाल डिष्टिलरी प्रा.लि.

नेपाल डिष्टिलरीले मिति २०६३।४।१५ मा आन्तरिक राजस्व कार्यालयलाई लेखेको पत्रको प्रकरण २ मा "अन्त शुल्कले कायम गरेको जर्तीको सीमाभित्र रहेको तथा उक्त जर्ती तैयारी सामान उत्पादन गर्दाको क्रममा भएको वास्तविक जर्ती भएको हुनाले" आयमा जोड्न नमिल्ने भन्नेसम्म जिकिर लिएको पाइयो । उक्त जर्ती अघिल्लो आर्थिक वर्षमा स्वीकार गरिसकेको जर्ती होइन भन्नेबारेमा स्पष्ट गर्नसकेको देखिएन । यसरी एउटा उत्पादनमा पटकपटक जर्तीको विषयमा दाबी गर्न नमिल्नेसमेत हुँदा जर्तीबापतको हुने रकमलाई आयमा समावेश गरेको आन्तरिक राजस्वको निर्णय बदल्न पर्ने तर्कसङ्गत कारण नदेखिने।

करदाताले दसैँ खर्चबापत बढी रकम खर्च लेखेको भनी रू. १,४६,९०३।५० आयमा समावेश गरेकोमा राजस्व न्यायाधिकरणले अस्वीकार गर्दा मूलतः कम्पनीको प्रशासनिक बाहेक फेक्ट्री कामदारहरू पनि हुने र सोसमेतको खर्च देखाएकोलाई खण्डन नगरी आयमा समावेश गरेको मिलेन भन्ने उल्लेख गरेको पाइयो । करदाताले आन्तरिक राजस्वलाई दिएको जवाफमा फेक्ट्री कामदारहरूको छुट्टै खर्च लेखिएको भने पनि त्यस्ता कर्मचारीको संख्या खुलाएको वा तलबी भरपाई आदि प्रमाण पेस गरेको पाइएन। यस स्थितिमा रू.१,४६,९०३।५० रकम करदाताको आयमा समावेश गरेकोलाई अन्यथा भन्न नमिल्ने।

घरभाडाको हकमा रू.८,६४,५००।– खर्च कम्पनीकै कार्यमा विधिवत्रूपमा खर्च भएको देखिएको भन्ने राजस्व न्यायाधिकरणको फैसलाको हकमा करदाताले आन्तरिक राजस्व विभागमा मिति ०६३।४।१५ मा दिएको जवाफमा कसको घर के कुन व्यवस्थाको सिलसिलामा के कति मूल्यमा भाडामा लिएको भन्ने विषयमा कुनै कुरा उल्लेख गरेको वा सोसम्बन्धी करार सम्झौता आदि कुनै प्रमाण पेस गरेको देखिँदैन। यस स्थितिमा घरभाडाबापत करकट्टी गरेको छ भन्नेसम्म आधारमा खर्च कट्टी गर्न मिल्ने नदेखिँदा सोतर्फको राजस्व न्यायाधिकरणका फैसला मिलेको नदेखिने।

ब्रेकेज, कमिसन, व्यापार प्रवर्द्धन खर्च, ज्याला, फ्रेट आउटवार्ड र गेष्ट हाउस खर्चबापत दाबी गरेका रू.३४,९७,०८५।१३ अमान्य गरी आयतर्फ समावेश गरेको हकमा करदाताले मिति २०६३।४।१५ मा सो शीर्षकअन्तर्गतको कुन सन्दर्भमा खर्च भएको हो भन्ने कुरा खुलाएको वा वस्तुनिष्ठ प्रमाण पेस गरेका देखिँदैन। सामानहरू टुटफुट भएको वा नोक्सान भएकोमा सोको मिन्हाको लागि मूल्य अभिवृद्धिबाट तथा नियमबमोजिम आन्तरिक राजस्व कार्यालयबाट मिनाहा माफी गराएको हुनु पर्नेमा सो गरेका देखिँदैन । कमिसनको हकमा ग्राहकलाई बिक्री गर्दा बिलमा Trade Discount दिएको भन्ने हकमा सो दिएपछि पुनः कमिसन भनी दोहरो खर्च दाबी गर्न मिल्ने

देखिँदैन । व्यापार प्रवर्द्धनतर्फ खर्चको बिल भरपाई पेस गर्नु पर्नेमा सो गरेको देखिँदैन । त्यस्तै स्थिति ज्याला, फ्रेट आउटवार्ड वा गेष्टहाउस खर्चको हकमा देखियो । व्यापार व्यवसायमा खर्च हुने भन्दैमा वास्तविक खर्च प्रमाणित गर्ने बिल भरेपछि पेस गर्नुबेगर खर्चलाई मान्यता दिन मिल्ने हुँदैन । तसर्थ सोतर्फको राजस्व न्यायाधिकरण काठमाडौंको निर्णयाधार मिलेको नदेखिने।

अतः उपर्युक्त कारणहरूबाट करदाताले खर्च दाबी गरेकोमध्ये जर्ती, दशैंखर्च, घरभाडा, ब्रेकेजको हकमासम्म राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।२।२३ को फैसला नमिलेकोले सो हदसम्म केही उल्टी हुने ठहर्छ। माथि उल्लिखित उपशीर्षकहरू बाहेक अन्य फैसला मिलेकै देखिँदा यसमा नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत / उपसचिवः जयराम श्रेष्ठ

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ ११ गते रोज शुभम्।

- यसै लगाउको ०६८-CR-०८९७, मूल्य अभिवृद्धि कर (आ.व.२०५८/०५९), सुरेश प्रधान वि. द नेपाल डिष्टिलरी प्रा.लि.भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-००१०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. जिवनकुमार लिम्बुसमेत

मिसिल संलग्न २०६७।९।१ को बैना कागजको मिसिल संलग्न प्रतिलिपि हेर्दा नरमाया लिम्बुले कि.नं. ३९० को ४-०-१-० बैना गरी राखेको जग्गा चैनसरी राईले सो जग्गाबाट ०-२-२-० जग्गा कित्ताकाट गरी लिने मन्जुर गरेको ३५ दिनभित्र जग्गा धनी झिकाई चैनसरी राईलाई उक्त जग्गा पास गरिदिने छु। बैनाबापत एक लाख बुझिलिएँ भनी बेहोरा उल्लेख गरेको देखियो । यस तथ्यबाट यी जाहेरवालीहरूले प्रतिवादी नरमाया लिम्वुलाई वैदेशिक रोजगारमा जानकै लागि रकम बुझाएको हो भन्ने पुष्टि हुनसकेको देखिएन । विदेश जान ईच्छुक भनिएको जाहेरवालाले राहदानीसमेत नबनाएको अवस्थामा निजले प्रतिवादीलाई सोही प्रयोजनका लागि रकम दिएको हो भन्ने कुरा विश्वासलायक देखिन आएन। उल्लिखित तथ्य एवम् प्रमाणसमेतको आधारमा वादीले प्रतिवादीहरूउपरको अभियोग शंकारहित तवरबाट प्रमाणित गर्नसकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

अतः माथि विवेचित आधार कारणबाट वैदेशिक रोजगार न्यायाधिकरणले वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई गरेको मिति २०७२।११।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-०८९५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. दिपक चन्द

जाहेरवालीको भाइसँग लिएको रूपैयाँ दिपक चन्दले नलिई होमबहादुर छन्त्यालले लिएको र रूपैयाँ लिने प्रतिवादीमध्येका होमबहादुरका आफन्तले फिर्ता गरिसकेको भन्ने जाहेरवालीले नै उल्लेख गरेको र यी प्रत्यर्थी प्रतिवादीले समेत आफूले रकम नलिई प्रतिवादी होमबहादुरसँग पीडितको सम्पर्क गराइदिएको तथ्यसम्म स्वीकार गरेबाट लिखतमा यी प्रतिवादीको नाम उल्लेख हुँदैमा निजसमेतले जाहेरवालीको भाइबाट रकम लिएखाएको तथ्य प्रमाणित भएको मान्न मिलेन। वादी पक्षले वस्तुनिष्ट प्रमाणद्वारा अदालतलाई यी प्रतिवादीउपरको आरोप पुष्टि गरी अदालतलाई विश्वस्त गराउन नसकेको अवस्थामा फौजदारी अपराधमा यी प्रत्यर्थी / प्रतिवादी दिपक चन्दलाई कसुरदार ठहर गर्नु न्यायोचित हुने नदेखिने।

अतः माथि विवेचित आधार कारणबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७२।५।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१०५७, वैदेशिक

रोजगार कसुर, नेपाल सरकार वि. सन्तोष खत्री

जाहेरवाला रामकृष्ण राउतले रकम फिर्ता पाएकोले उजुरी फिर्ता पाउँ भनी वैदेशिक रोजगार विभागमा मिति २०७१।११।११।२ मा दिएको निवेदन मिसिल संलग्न रहेको पाइन्छ । सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट निज जाहेरवालालाई अ.व.११५ नं. को म्यादमा झिकाउँदा उक्त म्याद निजले आफैँले बुझेको देखिए पनि आफ्नो जाहेरी तथा लिखतलाई समर्थन गर्न न्यायाधिकरणसमक्ष निज उपस्थित भएको देखिएन । जाहेरवालाले एकातिर आफैँले म्याद बुझेको भए पनि न्यायाधिकरणमा उपस्थित नभएको र अर्कातिर प्रतिवादीउपरको उजुरी फिर्ता पाउँ भनी निजले वैदेशिक रोजगार विभागमा निवेदन दिएको देखिएको हुँदा यी दुवैबीचको व्यवहार मिलीसकेको भन्ने देखिन आउँछ । जाहेरवालाले प्रतिवादीबाट रकम पाइसकेकोले कारवाही नगरिपाउँ भनी निवेदन दिएको आधार प्रमाणबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

अतः उपर्युक्त आधार र कारणहरूबाट प्रतिवादी सन्तोष खत्रीउपरको आफ्नो अभियोग मागदाबीलाई वादीले प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणित गर्नसकेको नदेखिँदा प्रतिवादी सन्तोष खत्रीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध गरेकोले ऐजन ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन । प्रतिवादी सन्तोष खत्रीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनी मिति २०७२।९।१९ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१२६९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. गंगा राना

विदेश जाने भनी रकम दिनेले पासपोर्ट नबनाउनु, प्रतिवादीको बयानबमोजिम जस (जाहेरवालीको श्रीमान्) लाई पठाउने भनी रकम लिएको हो उसैको नाम उल्लेख गरी कागज नबनी अर्काका नाउँमा कागज बन्नुबाट जाहेरवालीलाई नै वैदेशिक रोजगारमा पठाउन प्रतिवादीले रकम लिएका हुन् भन्ने कुरा वादी पक्षबाट शंकारहित तवरले प्रमाणित गर्नसकेको अवस्था मिसिलबाट देखिँदैन । यसबाट प्रतिवादीले जाहेरवाली सृजना कुँवरलाई वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएको भन्ने अभियोगपत्र मागदाबी शंकास्पद देखिएको भनी वादीको अभियोग दाबी नपुग्ने भनी गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामा अन्यथा भएको नदेखिने ।

अतः माथि विवेचित आधार र कारणबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी गंगा रानाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई गरेको मिति २०७२।११।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-१४२५, वैदेशिक रोजगार, नेपाल सरकार वि. शिवम भिरामुथुसमेत

वस्तुनिष्ट लिखत प्रमाणको अभावमा केवल जाहेरवालाहरूले उल्लेख गरेकै कथनको आधारमा प्रतिवादी शिवम् भिरामुथुले स्वीकार गरेको एवम् बैंक भौचरबाटै दाखिल गरेको भनी सुरू न्यायाधिकरणले ठहऱ्याएको भन्दा बढी बिगो प्रतिवादीले जाहेरवालाहरूबाट लिएको भनी अनुमान गरी बिगो कायम गर्नु न्यायोचित हुने देखिँदैन । अर्कोतर्फ जाहेरवालामध्येका मोहनबहादुर बस्नेतको मिसिल संलग्न पासपोर्ट हेर्दा मलेसियाको भिसा लागेको तथा अध्यागमनबाट प्रस्थान र प्रवेशाज्ञा दिएको छापसमेत लागेको देखिँदैन । वैदेशिक रोजगारको क्रममा मलेसियासम्म पुगेको र फर्किएको भन्ने वादी पक्षको अभियोग माग दाबी पुष्टि भएको नदेखिँदा वादी नेपाल सरकारको जिकिरसँग समेत सहमत हुन नसकिने ।

प्रतिवादीलाई रकम बुझाएबापतको रिसिभ वा कुनै लिखत वादी पक्षले पेस गर्नसकेको देखिँदैन । यी प्रतिवादीहरूको आरोपित अपराधमा संलग्नता सम्बन्धमा जाहेरीमा उल्लिखित कथनबाहेक अन्य वस्तुनिष्ठ

प्रमाणद्वारा उक्त कथनलाई पुष्टि गर्नसकेको पाइँदैन । दुवै प्रतिवादीहरूले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । यसरी प्रमाण ऐन, २०३१ को दफा २५ द्वारा तोकिएको दाबी प्रमाणित गर्ने अभिभारा वादी पक्षले शंकारहित रूपमा पुष्टि गर्न नसकेको नदेखिँदा निज प्रतिवादीहरू कमला अधिकारी र विमला अधिकारीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७३।२।१० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०८९८, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. अजयकुमार यादवसमेत

वारदात हुँदाको अवस्था, परिस्थिति वारदातको समय वारदात भएको स्थान, वारदात घटाइएको तौरतरिका र वारदातमा प्रयोग भएको साधनलाई दृष्टिगत गर्दा प्रस्तुत वारदातमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ । तसर्थ जिल्ला अदालतले प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गर्ने गरी गरेको फैसलालाई पुनरावेदन अदालतले सदर गरेको मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । अब, जो जे बुझ्नुपर्छ बुझी मिसिल संलग्न तथ्य प्रमाणहरूको यथोचित विवेचना गरी पुनः इन्साफ गर्नु भनी तारिखमा रहेका पक्षहरूलाई महोत्तरी जिल्ला अदालतको तारेख तोकी मिसिल नियमानुसार गरी महोत्तरी जिल्ला अदालतमा पठाइदिने ।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०१३४, परमादेश, धनराज भर वि. श्रवणकुमार लोनियासमेत

नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने हुन्छ । सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ। ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशङ्का व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा (Substantially) स्थापित गर्नसक्नु पर्ने ।

प्रत्यर्थी निवेदकले दाबीको कि.नं. ३४५९ को जग्गा आफ्नो हो भनी कुनै स्रोत देखाउन सकेको देखिँदैन । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन सकिने हुँदैन । निवेदकको कानूनी हकमा असर परेको नदेखिएकोले माग दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु नपर्ने ।

तसर्थ विवादित कि.नं ३४५९ को जग्गामा प्रत्यर्थी विपक्षीहरूले निर्माण कार्य गर्न लागेकोले निर्माण रोकिपाउँ भनी दिएको निषेधाज्ञाको निवेदन निवेदकको उक्त जग्गामा हक स्थापित हुन नसकेकोले आदेश जारी गरिरहन परेन, निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।९।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०७४४, निषेधाज्ञा, आनन्दबहादुर श्रेष्ठ वि. कैलाश बद्रीनाथ प्रभृती सदवर्त निजी गुठीसमेत

निवेदक वादी र विपक्षीहरू प्रतिवादी भई रैकर दर्ता स्रेस्ता बदर, गुठी हक कायम मुद्दा परी मुद्दा खारेज हुने ठहरी तहतह फैसला भई अन्तिम भइसकेको देखिन्छ । अन्तिम फैसलाबमोजिम सो कि.नं. को जग्गामा यी निवेदकको हक स्थापित भएको देखिँदैन । यसरी तहतह अदालतबाट भएका फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन

गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाका अनुकुलको हुने देखिँदैन । निषेधाज्ञा कानूनद्वारा हक स्थापित भएको सम्पत्तिमा कसैले अतिक्रमण गर्ने आशङ्का भएमा सो रोकिपाउन दिइने उपचार हो । यस निवेदनबाट हक बेहकको छिनोफानो नहुने ।

नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने हुन्छ । सम्पत्तिको आफ्नो हक निहित रहेको तथ्यपूर्ण एवम् सारभूत प्रमाण देखाउन सकेको अवस्थामा निषेधाज्ञा जारी हुन्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशङ्का व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूतरूपमा (Substantially) स्थापित गर्नसक्नु पर्ने ।

पुनरावेदकले दाबीको कि.नं.२७ को जग्गा आफ्नो हो भनी कुनै स्रोत देखाउन सकेको देखिँदैन । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन सकिने हुँदैन । निवेदकको कानूनी हकमा असर परेको नदेखिएकोले माग दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु पर्ने देखिँदैन । तसर्थ विवादित कि.नं २७ को जग्गामा प्रत्यर्थी विपक्षीहरूले जोतकमोद गर्न व्यवधान गर्न लागेकोले रोकिपाउँ भनी दिएको निषेधाज्ञाको निवेदन निवेदकको उक्त जग्गामा हक स्थापित हुन नसकेकोले आदेश जारी गरिरहन परेन, निवेदन खारेज हुने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७०।४।३० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१२९२, उत्प्रेषण / परमादेश, रविकुमार केशरी वि. गौर नगरपालिकाको कार्यालय, गौरसमेत

परमादेश कुनै निकाय वा अधिकारीले कानूनबमोजिम गर्नुपर्ने काम नगरेको कारणले कसैको हकाधिकारमा आघात पुग्न गएमा सो काम गरिदिनु भनी आदेश गरिपाउन अदालतमा दिइने निवेदन र सो निकाय वा अधिकारीलाई सो काम गरिदिनु भनी अदालतबाट दिइने उपचारात्मक आदेश हो । यस्तो निवेदनमा अदालतबाट हुने आदेशले कुनै सम्पत्तिउपर न त कसैको हक स्थापित हुन्छ, न त विस्थापित गर्छ । यसले केवल नागरिकको स्थापित निर्विवाद हकाधिकार प्रचलनमा कुनै निकाय वा अधिकारीले कानूनबमोजिम गर्नुपर्ने काम, कर्तव्य नगरेको अवस्थामा सो काम गरिदिनु भन्ने आदेशसम्म त्यस्तो निकाय वा अधिकारीका नाममा जारी हुने ।

करार परिपालनाको लागि करार ऐन, २०५६ मा दफा ८६ र ८७ को व्यवस्था गरेको र करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारवाही वा व्यवहार तत्काल रोक्न सोही ऐनको दफा ८७ को उपदफा (२) ले उपयुक्त आदेश दिनसक्ने व्यवस्था गरेको छ । वैकल्पिक कानूनी उपचारको बाटो रहँदारहँदै उत्प्रेषणयुक्त परमादेश जारी गर्न मिलेन भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।२४ मा भएको आदेश कानूनी त्रुटिपूर्ण र ने.का.प. २०६५, अंक १, नि.नं. ७९१६ मा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल देखिँदैन । तसर्थ निवेदक र विपक्षीहरूबीच मिति २०६७।४।१४ को योजना सम्झौताबाट सृजित करारीय हकमा उत्प्रेषण र परमादेशको आदेश जारी गर्न नमिली खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।२४ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-१३०१, परमादेश, रामनारायण सुतिहार शर्मासमेत वि. महेशकुमार दास

अपराधको सूचनाको रूपमा प्राप्त जाहेरी दरखास्त दर्ता गर्न इन्कार गर्न मिल्ने देखिँदैन । प्रहरी कार्यालयलाई अपराधको सूचना दर्ता गर्ने चरणमा नै कुनै सूचना दर्ता गर्ने र कुनै सूचना दर्ता गर्न नपर्ने किसिमको स्वविवेकीय अधिकार दिएको मान्न

मिल्दैन। यसरी प्राप्त भएको सूचना दर्ता नगर्ने हो भने कतिपय फौजदारी अपराधहरूमा अनुसन्धान तहकिकातको मार्ग नै अवरूद्ध हुन गई समग्र फौजदारी न्याय प्रणालीप्रतिको जनविश्वास नै गुम्न जाने सम्भावना रहने।

पुनरावेदक विपक्षी र प्रत्यर्थी निवेदकबीच के कुन सर्तमा लेनदेन व्यवहार भएको हो, साँवा ब्याज बुझाएको हो होइन भन्ने जस्ता प्रश्नहरूमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाका अनुकूल हुने नदेखिने।

तसर्थ, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको अपराधको विषयमा जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम अनुसन्धान तहकिकातसमेतको कारवाही गर्ने कानूनी कर्तव्य सम्बन्धित प्रहरी कार्यालयको रहेको देखिँदा निवेदकबाट कानूनबमोजिम रीतपूर्वकको जाहेरी दरखास्त पर्न आएमा कानूनबमोजिम दर्ता गरी कारवाही अगाडि बढाउनु भनी विपक्षी प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।२।२६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम्।

१४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६६-WO-००१६, उत्प्रेषण / परमादेश, विदुर कार्की वि. उद्योग विभाग, त्रिपुरेश्वरसमेत

निवेदकले आफ्नो उत्पादनको ट्रेडमार्क दर्ता गरिपाउँ भनी दिएको निवेदन उद्योग विभागमा कारवाहीयुक्त अवस्थामा रहेको भन्ने निवेदन बेहोराबाटै देखिएको छ। पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २७ मा भएको व्यवस्था हेर्दा उद्योग विभागले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावदेन गर्नसक्ने देखिन्छ। निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएको विषय उद्योग विभागको अधिकार क्षेत्रअन्तर्गतको रहेको र उद्योग विभागको निर्णयउपर उच्च अदालतमा पुनरावेदन दिन सकिने वैकल्पिक उपचारको व्यवस्था भइरहेको अवस्थामा वैकल्पिक उपचारको अभाव वा वैकल्पिक उपचार अप्रयाप्त भएको अवस्थामा मात्र यस अदालत असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट निवेदन दर्ता गर्न सक्नेमा त्यस्तो अवस्था परेको भनी निवेदकले पुष्टि गर्नसकेको समेत नदेखिने।

रिट निवेदनको कारवाहीमा संलग्न हुन पाउँ भनी निवेदन दिई कारवाहीमा रहेका पेप्सीको इंक ७००, एण्डरसन हिलरोड पर्चेज न्यूयोर्कको निवेदन सम्बन्धमा विचार गर्दा सो कम्पनी नेपालमा दर्ता नै नभएको देखिएको र उद्योग विभागले निर्णय गर्ने अधिकार क्षेत्रअन्तर्गतको विषयवस्तु भएकोले प्रस्तुत रिट निवेदनबाट सो सम्बन्धमा बोली रहनु पर्ने देखिन आएन। तसर्थ माथि विवेचित आधार र कारणबाट निवेदकको हक नै सृजना नभएको विषयलाई लिएर दुगड स्पाइसेज एण्ड फुड प्रोडक्टसन प्रा.लि.को नाममा दर्ता भएको कुरकुरे ट्रेडमार्क बदर गरी कुरकुरे शब्दलाई Public Domain गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन मागबमोजिम आदेश जारी गर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-११६८, उत्प्रेषण / परमादेश, डा.शोभाराज सुवेदी वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत

विधायिकाले एउटै ऐनमा एउटै विषयमा सामान्य अवस्थामा सामान्यरूपमा प्रयोग हुने कानूनी व्यवस्था र खास अवस्थामा सो सामान्य व्यवस्थाभन्दा भिन्न व्यवस्था गरी खास अवस्था वा परिस्थितिका मानिसलाई सामान्य अवस्था वा परिस्थितिभन्दा फरक व्यवहार गर्नसक्ने कानूनी व्यवस्था गर्न सक्दछ। एउटै ऐनमा एउटै विषयमा सामान्य र विशेष कानूनी व्यवस्था गरिएको भएमा विशेष व्यवस्थाले निर्धारण गरेको पूर्वसर्त वा पूर्वावस्था पूरा भएको अवस्थामा सामान्य कानूनी व्यवस्था प्रभावी नभई विशेष कानूनी व्यवस्था प्रभावी हुने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(२), २६ का कानूनी व्यवस्था र (१) यससँग सम्बन्धित

नियमावलीका व्यवस्थाले बढुवाको लागि चाहिने शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि तोकेको छ । तर दफा २६(२) ले विशेष व्यवस्था गर्दै सो दफामा लेखिएको कुनै अवस्थाको विद्यमानता भएमा दफा २६(१) को व्यवस्था प्रभावी नभई यही व्यवस्था प्रभावी हुने उल्लेख गरेको छ। यसबाट सामान्य अवस्थामा बढुवाको लागि न्यूनतम सेवा अवधि ३ वर्ष र तोकिएको न्यूनतम शैक्षिक योग्यता आवश्यक हुनेमा दफा २६(२)ले उल्लेख गरेको कुनै अवस्थामा सो न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने विधायिकाको मनसाय रहेको देखिन्छ । सबै अवस्थामा अनुसूची ७ मा उल्लिखित न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने भनी अर्थ गर्ने हो भने ऐनको दफा २६(२) को कानूनी व्यवस्था नै निष्प्रभावी हुने देखिन्छ । विधायिकाले ऐनमा समावेश गरेको कुनैपनि कानूनी व्यवस्था प्रयोजनहीन रूपमा राखेको होला भनी अनुमान गर्न नमिल्ने।

निवेदक डा. शोभाराम सुवेदीले नियमावलीको अनुसूची उल्लिखित सम्बन्धित विषयको स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको अवस्था छैन । तर ऐनको दफा २६(२) को खण्ड (ख) र (ग) को दुवै अवस्था पूरा गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार उल्लिखित कुनै एक अवस्था पूरा भएमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेमा निजले दुवै अवस्था पूरा गरेको देखिएकाले निजलाई विवादित विज्ञापन नं. १७५/०७२-७३ को सूचनामा प्रकाशित बढुवाको पदमा सम्भाव्य उम्मेदवार हुनबाट वञ्चित गर्नु उल्लिखित विशेष कानूनी व्यवस्थाविपरीत हुन जाने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट स्वास्थ्य सेवाका कर्मचारीहरूको बढुवाको सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६(२) र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७४(६) ले गरेको विशेष व्यवस्था सो ऐन तथा नियमावलीमा गरिएका बढुवासम्बन्धी अन्य सामान्य व्यवस्थाउपर प्रभावी हुने हुँदा यी निवेदकलाई नवौं तहको बढुवाको लागि सम्भावित उम्मेदवार हुनबाट वञ्चित गर्ने गरी भएको लोक सेवा आयोगको मिति २०७३।३।१६ को निर्णय तथा सो निर्णयबमोजिम डा. सिद्धार्थकुमार ठाकुरलाई बढुवा नियुक्ति दिने गरी भएका निर्णय एवम् पत्राचारलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने र यी निवेदकलाई समेत उक्त पदमा बढुवाको निमित्त सम्भाव्य उम्मेदवार बनाई पुनर्योग गरी अधिकतम अङ्कलाई आधार मानी उक्त पदको बढुवाको सम्बन्धमा निर्णय गरी नियमानुसार नियुक्ति दिनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पुस ३गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-WO-११६९, उत्प्रेषण / परमादेश, डा. बाबुराजा अमात्य वि. लोक सेवा आयोग, के.का.अनामनगरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०२३८, जबरजस्ती करणी, नेपाल सरकार वि. बलबहादुर सुनारसमेत

जाहेरवालीको अदालतसमक्षको बकपत्रसमेतबाट प्रतिवादीहरू र निजबीच सहमतिमा होटलमा करणी भएको तथ्य स्थापित भएको देखिन्छ । जबरजस्ती करणी भएको भए कण्डमको प्रयोग हुने अवस्था आउँदैन । घटनास्थल मुचुल्काबाट प्रयोग भएका कण्डमको (खोल) थान ४ बरामद भएको देखिन्छ । यसरी प्रतिवादीहरूउपर लगाइएका सम्पूर्ण प्रमाणहरू अदालतबाट परीक्षण हुँदा यथावत् कायम रहन नसकी ठिकविपरीत तथ्य स्थापित भएको पाइयो । जसबाट प्रतिवादीहरूउपर लगाइएको अभियोग शंकाको घेरामा रहन पुगेको देखियो । शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त रहेको छ । अनुसन्धानको क्रममा तयार पारिएका प्रतिवादी विरूद्धका कागजात प्रमाणको विश्वसनीयतामाथि शंका गर्नुपर्ने प्रशस्त आधार भेटिएको छ । यस्ता शंकास्पद कागजात प्रमाणको आधारमा जबरजस्ती करणी जस्तो कसुर ठहर गर्न फौजदारी न्यायका मान्य सिद्धान्तको विपरीत हुन जाने।

प्रतिवादीहरूले अदालतसमक्ष जाहेरवालीलाई

जबरजस्ती करणी गरेको नभई निजको सहमतिले करणी गरेको हो भनी गरेको बयानलाई वादी स्वयम्‌को साक्षी पीडित 'घ' कुमारीले अदालतमा प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेको नभई सहमतिले करणी गरेको हो भनी गरेको बकपत्र तथा मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र, प्रतिवादीको साक्षीको बकपत्र, प्रयोग भएको कण्डमहरू बरामद भएका प्रमाणहरू समेतले पुष्टि गरेको देखियो । पीडित भनिएकी जाहेरवाली १६ वर्ष उमेर पूरा गरिसकेको भनी निजको बकपत्रबाट देखिएको र सुरू जिल्ला अदालतले जाहेरवालीको उमेर १६ वर्ष पूरा भइसकेको ठहऱ्याएको फैसलाउपर वादीको तर्फबाट पुनरावेदन परेको नदेखिएबाट समेत वादी स्वयम्‌ले पनि जाहेरवाली १६ वर्षको उमेर पूरा भएको तथ्यलाई स्वीकारेको देखिन आयो । १६ वर्ष उमेर पूरा भइसकेकी जाहेरवालीको सहमतिबाट निज र प्रतिवादीहरूबीच करणी लिनु दिनु गरेको देखिन आएबाट प्रतिवादीहरूले जबरजस्ती करणीको कसुर गरेको भन्ने वादीको अभियोग दाबी प्रमाणित हुनसकेको नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाण र कारणहरूबाट प्रतिवादीहरूउपर लगाइएको कसुर शंकारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा भावनामा बगेर प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याउने गरी भएको सुरू जिल्ला अदालतको फैसला मिलेको देखिएन । प्रतिवादीहरू मधुसुदन भुसाल, बलबहादुर सुनार र हीराबहादुर थापालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ बमोजिम ५ वर्ष र ऐ. ३ क बमोजिम थप पाँच वर्ष गरी जनही १० वर्ष कैदको सजाय र सोही महलको १० क नं. बमोजिम प्रतिवादीहरूबाट जनही रू.२,००,०००।– (दुई लाख) का दरले पीडितालाई क्षतिपूर्ति भराइदिने ठहऱ्याई सुरू अर्घाखाँची जिल्ला अदालतबाट २०६८।८।१८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादीहरू मधुसुदन भुसाल, बलबहादुर सुनार र हिराबहादुर थापाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।५।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०५२१, आगो लगाई ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. लालबहादुर वि.क.समेत

प्रतिवादीहरूले जाहेरवालाको रमाइलो मेलाको पसलमा आगो लगाएको भए, सो मेलामा दिउँसोको समयमा भएको घटनाको उपस्थित व्यक्तिहरूमध्ये कोही कसैले आगो लगाएको देख्नु पर्नेमा जाहेरवालाबाहेक कोही कसैले निज प्रतिवादीहरूले नै आगो लगाएका हुन् भनी भन्न लेखाउन सकेको पाइँदैन । आगोलागी भएको कुरामा विवाद नभए तापनि यी प्रतिवादीहरूले नै जाहेरवालाको उक्त रमाइलो मेलाको स्टलमा आगो लगाएको कुरा जाहेरवालाको जाहेरी र निजको बकपत्रबाहेकका मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको नदेखिने ।

अतः आगो लगाउनेको ४ नं.मा उल्लिखित प्रावधानबमोजिम जाहेरवालाको घरबाहिर रहेको जिन्सी सामान आगो लगाई नोक्सानी पुऱ्याएको देखिँदा नोक्सानी भएको बिगो रू १२,००,०००।– (बाह्र लाख) यी प्रतिवादीहरूबाट जाहेरवालाले भराई पाउने र प्रतिवादीहरूलाई जनही कैद महिना ६ हुने ठहऱ्याई भएको सुरू दार्चुला जिल्ला अदालतको फैसलामा आगो लगाउनेको ४ नं. को कसुर गरेको ठहर गरी कैद र जरिवाना गर्ने गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू अभिषेक भन्ने लालबहादुर वि.क. र जीवनचन्द्र भट्टले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७०।६।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मुकुन्द आचार्य

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-०१५८, छुट जग्गा, मराछिदेवी गोसाई वि. कलमा खातुन

पुनरावेदक मराछीदेवी गोसाईले सो जग्गाका

मोही मेरो ससुरा बाजे महावीर गोसाई हुनुभएकोले भगल लोहारबाट मेरो नाममा खरिद भई कमाई आएको हो कलमा खातुनको होइन दर्ता प्रक्रिया रोक्का गरिपाउँ भनी मालपोत कार्यालय बारामा उजुरी गरे पनि सो जग्गा निज भगल लोहारबाट आफूले लिएको हो भन्ने सम्बन्धमा कुनै प्रमाण पुर्‍याउन सकेको पाइँदैन । यस अदालतमा निजले दोहोर्‍याई पाउँ भनी दिएको निवेदनका साथ उक्त जग्गा भगल लोहारबाट मिति २०३१।०१।०१ मा आफूले कागज गरी लिएको भनी कागजको प्रतिलिपिसमेत पेस गरेकोमा सो प्रतिलिपि हेर्दा सो कागज मालपोत कार्यालय बारामा बसी तयार भएको भन्ने उल्लेख भएको पाइन्छ । मालपोत कार्यालय बारा २०३५ सालमा मात्र खडा भएकोमा सो २०३१ सालमा भएको भनिएको कागजमा मालपोत कार्यालय बारामा बसी कागज गरिएको भनी उल्लेख भएको बेहोराबाट नै उक्त कागज सद्दे साँचो रहेछ भनी भन्न सकिने देखिएन । यसै जग्गाको विषयलाई लिएर यी पुनरावेदक मराछीदेवीले सहदेव गोसाईउपर दिएको जग्गा खिचोला मुद्दामा सो जग्गामा निज मराछीदेवीको दाबीअनुसार खिचोला मेटाई हक कायम हुने गरी बारा जिल्ला अदालतबाट मिति २०६७।१०।२४ मा फैसला भएको भए पनि सो फैसला बदर गरिपाउँ भनी कलमा खातुन वादी र यी मराछीदेवी गोसाईसमेत प्रतिवादी भई चलेको फैसला बदर मुद्दामा उक्त फैसला बदर हुने ठहरी मिति २०७०।०३।११ मा फैसला भई अन्तिम रुपमा रहेको देखिन्छ । यसबाट पनि उक्त जग्गामा यी पुनरावेदकको हक स्थापित भएको भनी भन्न मिल्ने नदेखिँदा बारा जिल्ला अदालतको मिति २०६७।१०।२४ को फैसलाबाट मेरो हक कायम भएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अदालतमा मुद्दाहरू परी अन्तिम निर्णय भइरहेको स्थितिमा पछि परेको मुद्दाबाट यो मुद्दा मुल्तबी राख्नु न्यायोचित देखिँदैन । पछि दर्ता भएका मुद्दामा ठहरेबमोजिम हुने नै हुन्छ । हालसम्म देखिएका सबुद प्रमाणबाट यो मुद्दाको निरूपण गरिनुपर्ने देखिन्छ । अतः विवादित जग्गामा यी पुनरावेदकको हकभोग देखिने कुनै आधार प्रमाण रहे भएको नदेखिएको अवस्थामा सुरू निर्णय सदर गरेको पुनरावेदन अदालतको फैसला बदर हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट बारा जिल्ला, इनर्वासिरा गा.वि.स. वडा नं.८ को कि.नं.११२ ज.वि.१-१४-० को जग्गालाई प्रत्यर्थी वादी कलमा खातुनको नाममा दर्ताको सिफारिस गर्ने गरी मालपोत कार्यालय बाराबाट मिति २०६७।११।२३ मा भएको निर्णय सदर हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।०७।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल असोज २४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CI-०८२७, अंशसहित सम्बन्ध विच्छेद, आशा थापा वि. बसन्तबहादुर थापा

सुरू अदालतमा मुद्दा कारवाहीको क्रममा नै निज प्रत्यर्थी / प्रतिवादीले आफू ४ अंशियार भएको अंशको फाँटवारीमा उल्लेख गरी मिति २०७०।०८।१२ मा रिता खतिवडासँग विवाह गरेको विवाह दर्ता प्रमाण पत्र र निज कान्छी श्रीमतीबाट मिति २०७१।०६।०३ मा छोरा रिवस थापाको जन्म भएको भन्ने जन्मदर्ताको प्रमाणपत्रसमेत पेस गरेको देखिएको छ । सो फाँटवारी निज वादीलाई देखाई सुनाई निजले सुनिपाएँ चित्त नबुझे म्यादभित्र उजुर गर्नेछु भनी सहिछापसमेत गरिदिएको देखिन्छ । तर निजले सो फाँटवारीउपर कुनै उजुरी दिनसकेको पाइँदैन । निजले साक्षीहरूको बकपत्र र फाँटवारीमा प्रतिवादीले ४ अंशियार उल्लेख गरी पेस गरेको विवाह दर्ताको प्रमाण पत्र र जन्मदर्ताको प्रमाणपत्रलाई अन्यथा भनी खण्डन गर्न नसकेको अवस्थामा निजले ४ जना अंशियार रहेको तथ्यलाई स्वीकार गरेको नै मान्नुपर्छ । यसरी एक पटक स्वीकार गरिसकेको तथ्यलाई यी पुनरावेदक / वादीले होइन भनी जिकिर गर्न विबन्धनको सिद्धान्तले मिल्ने देखिँदैन । यसबाट प्रस्तुत मुद्दाको फिराद पर्नुभन्दा अगाडि नै प्रतिवादी वसन्तबहादुर थापाले रिता खतिवडासँग अर्को विवाह गरिसकेको र मुद्दा चलिरहेकै अवस्थामा निजहरूबाट छोराको समेत जन्म भई निजहरू ४ जना अंशियारहरू रहे भएको पुष्टि हुन आउने ।

कसैलाई अंश हकबाट कुनै कारणले वञ्चित गर्न

मिल्ने देखिँदैन । त्यसैले जिल्ला अदालत नियमावलीको नियम ७८ख मा अंशबन्डाको फैसला कार्यान्वयनका क्रममा पनि अंशियार र बन्डा गर्नु पर्ने सम्पत्ति घटबढ भएको सम्बन्धमा दाबी गर्न पाइने र सोअनुसार घटबढ भएको देखिएमा सोही मिसिलबाट अंशियार संख्या र बन्डा लाग्ने सम्पत्ति यकिन गरी अंशबन्डा गरिदिनु पर्ने भन्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट अंशियार घटबढ भएको कुरा अंशबन्डाको फैसला कार्यान्वयनका क्रमसम्ममा हेरिने घटबढ भएको देखिएमा सोही घटबढ भएअनुसार अंशबन्डा गर्नु पर्ने प्रस्ट हुन जाने ।

मिति २०७०।०८।१२ मा नै कान्छी श्रीमती रिता खतिवडासँग विवाह गरी निजबाट मिति २०७१।०६।०३ मा छोरा रिवसको जन्म भएको तथ्य स्थापित भइसकेको अवस्थामा कान्छी श्रीमती र निजबाट जन्मेको सन्तान आफ्नो अंशियार हुन नसक्ने हुँदा सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाउन मिल्दैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन । पुनरावेदन अदालतबाट सम्पूर्ण सम्पत्तिलाई ४ भाग लगाई सो ४ भागको १ भाग मात्र यी पुनरावेदक वादीले अंश पाउने ठहऱ्याई भएको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट पुनरावेदक / वादी आशा थापा र प्रत्यर्थी / प्रतिवादी वसन्तबहादुर थापाबीच सम्बन्ध विच्छेद हुने र निजहरू २ जना मात्र अंशियार ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।०५।०६ मा भएको फैसला केही उल्टी गरी सम्बन्ध विच्छेद हुने ठहऱ्याएको हदसम्ममा सुरू फैसला सदर हुने र २ जना मात्र अंशियार ठहऱ्याएको हदसम्ममा नमिलेको ठहऱ्याई निज वादी प्रतिवादीसहित ४ जना अंशियार कायम गरी वादीले तायदाती फाँटवारीमा पेस गरेको सम्पत्तिमध्ये ४ भागको १ भाग सम्पत्ति यी पुनरावेदक / वादी आशा थापाले अंशभाग पाउने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३।०२।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-१४३७, सवारी ज्यान, नेपाल सरकार वि. विश्वास भन्ने धनबहादुर थापा

प्रत्यर्थी प्रतिवादी विश्वास भन्ने धनबहादुर थापासँग ठूला सवारी साधन चलाउने सवारी चालक अनुमतिपत्र नभई सो सवारी साधन चलाउने निश्चित ज्ञान र सीपबेगर नै ना.२ख ३०८३ नं. को ट्रक चलाएर राजमार्गमा लैजाँदा दुर्घटना हुनसक्छ भन्ने कुरालाई हेक्का नराखी सामान लोड गरेको भारी सवारी साधन चलाएर राजमार्गमा लैजानु, २६ फिट चौडा सडकमा मृतकलाई जोगाउन सक्ने अवस्था हुँदाहुँदै आफूअगाडि सोही दिसाबाट गइरहेको साइकल यात्री रजा धुनियालाई पछाडिबाट ठक्कर दिएको र ठक्कर लागेपछि टाउको, हातलगायतका अङ्गमा किची क्षत विक्षत अवस्थामा गम्भीर घाइते भएको अवस्थामा निजलाई उपचार गर्न लैजानुको सट्टा ट्रक चलाएर भागी गएको अवस्थामा प्रहरीले प्रक्राउ गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का, प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त र निज प्रतिवादीको मौकाको बयानसमेतबाट देखिन्छ । यस अवस्थामा निज प्रत्यर्थी प्रतिवादी विश्वास भन्ने धनबहादुर थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र १६१(४) बमोजिम सजाय गर्नुपर्नेमा भारी सवारी चालक अनुमति पत्र नभई सानो सवारी साधन चलाउने अनुमति पत्र मात्र रहेकोमा त्यसलाई सवारी चालक अनुमति पत्र रहेको मानी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम मात्र सजाय गर्ने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६९।०२।२५ को फैसला मिलेको नदेखिने ।

अतः माथि विवेचित आधार, कारण, प्रमाण र सिद्धान्तका आधारमा प्रत्यर्थी प्रतिवादी विश्वास भन्ने धनबहादुर थापाले आफू ना.२ख ३०८३ नं. को ट्रकको हेल्पर रहेको र आफूसँग साना सवारी चलाउने सवारी चालक अनुमतिपत्र मात्र रहेकोमा निजले भारी सवारी चलाउने सवारी चालक अनुमति पत्र प्राप्त नगरी सहरको भिडभाड हुने क्षेत्रमा ना.२ ख ३०८३ नं. को भारी सवारी साधन ट्रक लापरवाहीपूर्वक चलाएको कारणबाट नै प्रस्तुत मुद्दाको दुर्घटना भएको देखिएकाले निज प्रतिवादी विश्वास भन्ने धनबहादुर थापालाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्नेमा प्रतिवादी विश्वास भन्ने धनबहादुर थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा

१६१(३) बमोजिम पाँच महिना कैद र रू.२,०००।- जरिवाना मात्र हुने ठहऱ्याई भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।०२।२५ को फैसला केही उल्टी भई निज प्रतिवादी विश्वास भन्ने धनबहादुर थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार २(दुई) वर्ष कैद र ऐ.को दफा १६१(४) अनुसार थप रू.२,०००।- (दुई हजार) जरिवानासमेत हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल कात्तिक ७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१५७८, लागु औषध खैरो हेरोइन, सागर राई वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी र सहप्रतिवादीहरूको अनुसन्धानको बयानबाट पनि लागु औषध बरामद भएको तथ्यलाई स्वीकार नै गरिएको पाइन्छ । यी पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा के बरामद भयो थाहा भएन भने तापनि स्पष्टरूपमा बरामद भएको होइन भनी भन्नसकेको पाइँदैन। यसबाट सहप्रतिवादी सबिन गिरीको आफूबाट लागु औषध बरामद नै नभएको भनी अदालतमा गरिदिएको बयानलाई सत्य हो भनी मान्न सकिँदैन । उल्लिखित मिसिल संलग्न कागज प्रमाणहरूबाट यी पुनरावेदक सागर राईले अर्को प्रतिवादी सबिन राईको मोटरसाइकल चलाई निज सबिन गिरी पछाडि बसी आइरहेको अवस्थामा चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं.१ परानपुरको कच्ची सडकमा मोटरसाइकलको पछाडि बसी रहेका सबिन राईबाट ३५ ग्राम लागु औषध बरामद भएको तथ्य पुष्टि हुन आउने।

पुनरावेदक सागर राईबाट उक्त लागु औषध बरामद नभएको भए पनि निजले आफ्नै मौकाको बयानमा आफूहरू लागु औषध लिन गएको र फर्कदा आफूसँगै रहेको सबिन गिरीबाट बाटोमा लागु औषध बरामद भएको भन्ने तथ्यलाई स्वीकारी बयान गरिदिएको पाइन्छ। सहप्रतिवादीहरूले पनि निजको समेत उक्त लागु औषध ओसारपसारमा संलग्नता रहेको भनी मौकामा लेखाइदिएको पाइन्छ । उक्त कार्यमा निजको संलग्नता रहेको भन्ने तथ्य निजले अर्को प्रतिवादी सबिन गिरीको मोटरसाइकल चलाएर निज सबिन गिरीलाई पछाडि राखेर ल्याउनु तथा निजसँगै मोटरसाइकलमा आएका सबिन गिरीको साथबाट नै लागु औषध बरामद भएको देखिने वस्तुगत प्रमाणबाट समेत पुष्टि हुन आउँछ। यसबाट यी पुनरावेदक सागर राईको कसुरमा आफ्नो कुनै संलग्नता नरहेको हुँदा सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सागर राईको साथबाट नै उक्त लागु औषध बरामद भएको देखिँदैन । अभियोग दाबीबमोजिम निजले लागु औषध (नियन्त्रण ऐन), २०३३ को दफा ४ को खण्ड (घ) र (च) द्वारा निषेधित कसुर क्रमसः लागु औषधको बिक्री वितरण गर्ने र लागु औषधको खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कार्य गरेको देखिने कुनै वस्तुगत प्रमाण वादी पक्षले पुऱ्याउन सकेको पाइँदैन । निजले आफूले नै सेवन तथा बिक्री गर्न लागु औषध खरिद गरेको हो भनेर आफ्नो अनुसन्धानको बयानमा उल्लेख नगरी प्रतिवादीमध्येका सबिन गिरी र विनोद गुरूङले आफूहरूको लागि सम्पर्क गरिदिनुपऱ्यो भनी भनेकोले आफूले सोको कारोबार गर्ने केशव रिमालसँग सम्पर्क गराइदिएको र लिनको लागि साथ गएको भन्नेसम्म उल्लेख गरेको पाइएको छ। अन्य सहप्रतिवादीहरूले पनि यी सागर राईले नै आफ्नै लागि खरिद गरेको भनी भन्नसकेको पाइँदैन। निज सबिन गिरी र विनोद गुरूङको अनुसन्धानको बयानबाट पनि यी पुनरावेदकले आफ्नो लागि नभई निजहरूको लागि मात्र सम्पर्क गरी व्यवस्था मिलाइदिएको र खरिद गर्न सबिन गिरीसँग गइदिएको भन्ने मात्र खुल्न आएको पाइने ।

प्रतिवादीमध्येका सबिन गिरीले आफूसँग पूरा पैसा नभएकोले जमानी राख्न यी सागर राईलाई लगेको भनी लेखाइदिएका छन् । यसरी पुनरावेदक प्रतिवादीकोसँग साथबाट लागु औषध खैरो हिरोइन बरामद भएको नदेखिएको, निजले बिक्री गरेको आफ्नै लागि मगाई खरिद गरेको, सञ्चय र ओसारपसार गरेको भन्ने कुरा कहिँकतैबाट खुल्न नसकेको अवस्थामा केवल शंकाका भरमा निजले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी भन्न नमिल्ने।

पुनरावेदक सागर राईले प्रतिवादीहरू सबिन गिरी र विनोद गुरूङको लागि उक्त लागु औषध ल्याइदिन

प्रतिवादीमध्येका केशव रिमालसँग सम्पर्क गराइदिएको देखिन आउँछ । निज केशव रिमाल लागु औषध ल्याई यी पुनरावेदकको घरमा आएको, निजले सोको लागि प्रतिवादी सबिन गिरी र विनोद गुरूङलाई समेत आफ्नो घरमा बोलाएको, घरमा कुरा नमिलेपछि केशव रिमाल फर्की गएको, दोस्रो दिन पुनः फोन गरी बोलाउँदा सबिन गिरी र यी पुनरावेदक साथै एउटै मोटरसाइकलमा गई आधा पैसाको लागि यी पुनरावेदक नै जमानी बसी दिई सो लागु औषध ल्याएको भन्ने स्वयम् यी पुनरावेदकको र सहप्रतिवादीहरूको बयानसमेतबाट खुल्न आएको छ । यसबाट यी पुनरावेदक प्रतिवादीले आफैँले किनी आफ्नै लागि बिक्री वितरण, ओसारपसार तथा सञ्चय गर्न स्वयम् आफैँले बोकी ल्याएको वा अरूलाई बोकाई ल्याएको नदेखिएपनि उक्त लागु औषध खरिद बिक्री गर्ने कार्यका लागि निजले सम्पर्क मिलाई खरिद बिक्री गर्ने कार्यको लागि आवश्यक व्यवस्था अर्थात् परिपञ्च मिलाई दिई यस्तो कार्य गर्न सहयोग गरेको भने देखिन आउने ।

कसुरजन्य कार्य गर्न परिपञ्च मिलाइदिने, त्यस्तो कार्य गर्न कुनै किसिमले दुरूत्साहन गर्ने, उक्साउने वा कसुरजन्य कार्यका लागि कुनै किसिमले सहयोग गर्ने जस्ता कार्यहरू पूर्ण अपराध नभएपनि त्यस्ता कार्यबाट नै अपराध हुने वातावरण बन्ने हुनाले यस्ता कार्यलाई पनि हाम्रो कानूनले निषेध गरी सजायको व्यवस्था गरेको पाइन्छ। यस्ता कार्यहरूलाई सम्बन्धित कसुरसम्बन्धी कानूनहरूमा मतियारका रूपमा परिभाषित गरी सजायको व्यवस्था गरेको पाइने ।

पुनरावेदक प्रतिवादीले लागु औषध खरिद बिक्री गर्ने कार्यको आवश्यक व्यवस्था तथा परिपञ्च मिलाइदिएको र लागु औषध खरिद बिक्री गरी सोको ओसारपसार गर्न सहयोगसमेत गरिदिएको देखिएकोले यी पुनरावेदकले उक्त लागु औषध कसुरको मतियार भई काम गरेको पुष्टि हुन जाने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी सागर राईलाई लागु औषध (खैरो हिरोइन) कसुरको मतियारका रूपमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार ५ वर्ष कैद र रू. ३७,५००।- जरिवाना हुने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०७०।१०।२९ मा भएको फैसला केही उल्टी हुने ठहऱ्याई यी पुनरावेदक प्रतिवादीलाई अभियोग माग दाबीअनुसार सजाय गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।११।२६ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज पुनरावेदक प्रतिवादी सागर राईलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७अनुसार ५ (पाँच) वर्ष कैद र रू. ३७,५००।- (सैंतीस हजार पाँच सय मात्र) जरिवाना हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CI-१८४५, अपुताली हक कायम दर्ता, गजेन्द्र चौधरीसमेत वि. ललनीय थरूनी

दुखा चौधरी अन्य अंशियारहरूसँग २० वर्ष पहिले व्यवहार प्रमाणबाट अलग भएको भन्ने भनाई रहेको र दुखा चौधरीकी श्रीमती तथा चार वटी छोरीसहितको परिवार रहेकोमा उक्त परिवार यी प्रतिवादीहरूसँग एकासगोलमै रहेको भन्ने प्रतिवादीहरूको भनाई विश्वसनीय देखिँदैन । दुखा चौधरी यी प्रतिवादीहरूसँग सगोलमा नरहेको अवस्थामा निजको हक खाने हकदार यी वादी ललनिया थरूनीबाहेक अरू कोही रहे भएको देखिँदैन । यी वादी ललनिया थरूनी नभएको वा दुखा चौधरीको हक खाने हकदार कोही नभएको अवस्थामा मात्र निजको अपुताली यी प्रतिवादीहरूले खान पाउने हो । दुखा चौधरी हकदार छोरी हुँदाहुँदै निजको अपुतालीको सम्पत्ति प्रतिवादीहरूले आफूहरूबीच अंश मुद्दा गरेर सो मुद्दामा मिलापत्र गरी दा.खा.नामसारी गरी लिन पाउने अवस्था नदेखिने ।

जिल्ला बारा गा.वि.स. सिहोर्वा वडा नं.१ कि.नं.१६ गा.को ज.वि.०-०-१०, ऐ.ऐ. वडा नं.४ कि.नं.१२ को ज.वि.०-३-१० र ऐ.ऐ. कि.नं.१५५ को ०-१२-० जग्गाहरू यी वादी ललनिया थरूनीका बाबु दुखा चौधरीको नाममा दर्ता रहेकोमा तथ्य प्रतिवादीहरूले समेत स्वीकारै गरेको देखिन्छ । आफ्ना काका हजुरबाबुको नामको जग्गामा निजको अपुताली हक खाने विवाहिता छोरीको अस्तित्व छ भन्ने स्वीकार्दा स्वीकार्दै पनि प्रतिवादीहरूले

उक्त जग्गाहरू आफ्ना नाममा नामसारी दर्ता गराउने उद्देश्य राखी एकाले मिति २०७०।१०।२७ मा अंश दर्ता मुद्दा दायर गर्ने र अर्काले भोलिपल्टै प्रतिउत्तर फिराई सोही दिन अर्थात् मिति २०७०।१०।२८ गते नै वादी दाबीका जग्गा दुखा चौधरीको नामबाट सोझै मिलापत्रमा समावेश गरी यी पुनरावेदक प्रतिवादीहरूका बीच अंश मुद्दा गरी निजको जग्गा यी प्रतिवादीहरूले लिनुदिनु गरेको देखिने।

पुनरावेदक प्रतिवादीहरूको हकै नभएको वा हक नपुग्ने उक्त सम्पत्ति आपसमा वादी प्रतिवादी बनी अंश मुद्दा गरी मिलापत्रसमेत गरी लिनुदिनु गरेको मिलापत्रले कानूनी मान्यता र वैधानिकता पाउने अवस्था देखिँदैन। त्यस्तो गैर कानूनी मिलापत्रबमोजिमको दा.खा.नामसारीले समेतले कानूनी मान्यता पाउन नसक्ने हुँदा सुरू फैसला उल्टी गरी वादीका बाबु दुखा चौधरीका नाममा भएको जग्गामा वादीको अपुताली हक कायम भई निज वादीका नाममा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट दुखा चौधरीको अपुताली हक खाने छोरी हुँदाहुँदै हकै नभएका यी पुनरावेदक प्रतिवादीहरूका बीच अंश मुद्दा गरी निज दुखा चौधरीका नामका जग्गा लिनु दिनु गरेको मिलापत्रले कानूनी मान्यता र वैधानिकता पाउने अवस्था नभएकाले सुरू फैसला उल्टी गरी वादीका बाबु दुखा चौधरीका नाममा भएको जग्गामा वादीको अपुताली हक कायम भई निज वादीका नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०३।१३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय
कम्प्युटरः सिजन रेग्मी
इति संवत् २०७३ साल माघ २३ गते रोज ३ शुभम्

- यसै लगाउको ०७२-CI-१८४४, मिलापत्र दा.खा.दर्ता बदर, गजेन्द्र चौधरीसमेत वि. ललनीया थरूनी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-०७८३, निषेधाज्ञा / परमादेश, सुरेन्द्रमान विजुच्छे वि. भक्तपुर जिल्ला अदालतसमेत

भक्तपुर जिल्ला अदालतको मिति २०७०।१२।७ र पुनरावेदन अदालत पाटनको मिति २०७१।९।९ को आदेशअनुसार पक्राउ परी थुनामा बस्नु पर्ने पुनरावेदिकाको मिति २०७३।१।४ मा मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न मृत्यु दर्ता प्रमाणपत्रबाट देखियो। यसरी थुनामा बस्नुपर्ने पुनरावेदिकाको मृत्यु भइसकेको अवस्थामा निजलाई थुनामा राख्ने आशंकाको विद्यमानता नरहेको देखिँदा भक्तपुर जिल्ला अदालतको मिति २०७०।१२।७ को आदेशअनुसार मिति २०७०।१२।९ मा जारी भएको पक्राउ पुर्जी कानूनअनुरूप भएको हुँदा निषेधाज्ञाको आदेश जारी पाउँ भन्ने निवेदन खारेज हुने ठहर्छ भनी भएको मिति २०७१।९।९ को आदेशको तथ्यगत र कानूनी प्रश्नमा प्रवेश गरी निरूपण गर्नुको कुनै औचित्य देखिएन। तसर्थ पुनरावेदन अदालत पाटनको मिति २०७१।९।९ को निषेधाज्ञाको निवेदन खारेज गरेको हदसम्मको आदेश फैसला सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०२५१, छुट जग्गा दर्ता नामसारी, उषा विष्ट (राणा) वि. शङ्कर भट्टराईसमेत

तिनैपक्षबाट आधार कारणसहित एउटै जग्गाको विषयमा दाबी भएको अवस्थामा सर्वप्रथम प्रमाण बुझी हक बेहक छुट्याउनुपर्ने हुन्छ। सबुत प्रमाण बुझी सोको मूल्याङ्कनका आधारमा हक बेहक छुट्याउने कार्यसम्बन्धित मालपोत कार्यालयले गर्नसक्ने गरी कानूनले मालपोत कार्यालयलाई अधिकार दिएको पाइँदैन। मालपोत कार्यालय स्रेस्ता राख्ने तथा स्रेस्ता अद्यावधिक गर्ने कार्यालय भएकोले यसले कसैको नाममा निर्विवाद दर्ता हुने देखिएको अवस्थामा मात्र दर्ता गरी सोको स्रेस्ता राख्न सक्ने हुन्छ। हक बेहकको प्रश्न खडा भएको अवस्थामा दाबी गर्ने सबै पक्षको प्रमाण बुझी प्रमाण मूल्याङ्कनका आधारमा कसको हक पुग्ने र कसको हक नपुग्ने भनी निर्णयमा पुग्नुपर्ने हुन्छ। यस्तो अधिकार अदालतलाई मात्र रहेभएको पाइन्छ। त्यसैले प्रस्तुत

विवादित जग्गाका सम्बन्धमा तीन पक्षले छुट्टाछुट्टै दाबी गरेकोले सो जग्गाको हक बेहकमा निर्णय गरेर मात्र दर्ता प्रक्रिया अगाडि बढाउनुपर्ने।

हकबेहक सम्बन्धमा प्रश्न खडा भएको अवस्थामा हक बेहकमा कुनै निर्णय भई नसकेको अवस्थामा उक्त जग्गा दाबी गर्नेमध्येका शङ्कर भट्टराई, कुमार भट्टराई र उद्धव भट्टराईको नाममा दर्ता हुने गरी मालपोत कार्यालयबाट भएको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि भएको देखिएकोले मालपोत कार्यालय चावहिलको निर्णय बदर गरी काठमाडौं जिल्ला अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाइदिने ठहऱ्याई पुनरावेदन अदालत पाटनको फैसला मिलेको नै देखिन आउने।

अतः माथि विवेचित आधार कारणबाट विवादित कि.नं.४९ को जग्गा निवेदकमध्येका शङ्कर भट्टराई, कुमार भट्टराई र उद्धव भट्टराईको नाममा संयुक्त दर्ता हुने गरी मालपोत कार्यालय चावहिल काठमाडौंबाट मिति २०६८।१२।२९ मा भएको निर्णय बदर गरी काठमाडौं जिल्ला अदालतबाट हक कायम गराई ल्याउनु भनी पक्षहरूलाई सुनाइदिने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक उषा विष्ट राणाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १९ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०७१४, मानव बेचबिखन तथा ओसारपसार, शाहजहाँ मुसलमान वि. नेपाल सरकार

वेश्यागमन गर्न केटाहरू समेत बोलाई कोठामा राखेबाट बिमलालाई वेश्यावृतिमा लगाउन ललाई फकाई ल्याएको प्रस्ट भए पनि बिमलाले प्रतिकार गरी निजबाहिर निस्केका कारण निज वेश्यावृत्तिमा भने लागिसकेको देखिँदैन अर्थात् यी पुनरावेदक प्रतिवादीले पीडित बिमला खनाललाई वेश्यावृत्तिमा लगाइसकेको भन्ने देखिन आउँदैन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मञ्जुरीविना नेपालको एक ठाउँबाट अर्को ठाउँमा लैजानेसमेतका कार्यलाई मानव ओसारपसारको कसुर मानिने व्यवस्था गरेको छ। यी पुनरावेदक प्रतिवादीले बिमला खनाललाई ललाई फकाई वा विभिन्न आश्वासन तथा प्रलोभनमा पारि एक ठाउँबाट अन्यत्र लगी त्यहाँ वेश्यावृत्तिका लागि केटाहरू समेत पठाउने गरेको कार्य यस कानूनी व्यवस्थाअनुसार वेश्यावृत्तिमा लगाउने उद्देश्यले गरिएको भई मानव ओसारपसारको कसुरजन्य कार्यभित्र पर्न आउने।

पुनरावेदक स्वयम्ले अनुसन्धानको बयानमा ललाई फकाई ल्याएको र होटलमा राखी केटाहरू बोलाई आफू कोठाबाहिर गएको स्वीकार गरी बयान गरिदिएको पाइन्छ। निजको सो बयान बेहोरा पीडित बिमला खनालको अनुसन्धानको कागज, बयान बेहोरा तथा अदालतको बयान, जाहेरी दरखास्तको बेहोरा र मौकामा बुझिएका व्यक्तिहरूको भनाईलगायतका कागज प्रमाणहरूबाट समेत समर्थित हुन आएको छ। निजले अदालतमा गरेको इन्कारी बयान कहिँकतैबाट समर्थित हुनसकेको देखिँदैन। साथै होटल सञ्चालकको अदालतको बकपत्रबाट प्रतिवादीमध्येका पुष्प रानाले उक्त ४ गतेको दिन मानिस बस्न आउँछन् भनी होटेल बुक गराई राखेको भन्ने खुल्न आएबाट यी पुनरावेदक प्रतिवादीको र अन्य प्रतिवादीहरूको सो कार्यमा मिलोमतो रहेको देखिन आउँछ र यी पुनरावेदकले सफा मनले पीडितलाई ल्याई उक्त होटेलमा राखेको हो भनी भन्न सकिने अवस्था देखिँदैन। यस्तो अवस्थामा पुनरावेदकले सफाइ पाउनु पर्दछ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मिसिल संलग्न प्रमाणहरू हेर्दा प्रतिवादीले वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाई फकाई एक ठाउँबाट अर्को ठाउँमा लगेको देखिन आए पनि पीडित बिमला खनालसँग यौनसम्पर्क गर्ने गराउने कार्य भइसकेको भने पुष्टि हुन आउँदैन। पीडित स्वयम्ले अनुसन्धानमा आफूसँग अनुचित क्रियाकलाप गर्न खोज्दा आफूबाहिर निस्की प्रहरीलाई खबर गरेको भनी लेखाइदिएको पाइन्छ। यी पुनरावेदकले पनि सोही कुरा समर्थन हुने गरी अनुसन्धानमा लेखाइदिएको देखिन्छ। पीडितको शारीरिक जाँच प्रतिवेदनमा पनि यौन सम्पर्क गरेको देखिने कुनै कुराहरू रहे भएको पाइँदैन। यसरी यौनसम्पर्क नभइसकेको

अवस्थामा वेश्यावृत्तिमा लगाएको मानी सोलाई ऐ. ऐनको दफा ४ (१)(ख) अनुसार मानव बेचबिखन गरेको कसुर मान्न सकिँदैन । वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्रकै एक ठाउँबाट अर्को ठाउँसम्ममा ल्याउने कार्यसम्म गरेको देखिन आएकोमा यी पुनरावेदक प्रतिवादीले ऐ. ऐनको दफा ४(२)(ख) अनुसारको मानव ओसारपसारको कसुर मात्र गरेको देखिन आयो । यसरी नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगी मानव ओसारपसारको कसुरमात्र गरेको अवस्थामा ऐ.ऐनको दफा १५(१)(ङ)(२) अनुसार दश वर्ष कैद र पचास हजारदेखि एक लाखसम्म जरिवाना हुने कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक प्रतिवादीलाई १० वर्ष कैद र रू.५००००।- जरिवाना हुनुपर्ने र प्रतिवादीबाट पीडितले ऐ.ऐनको दफा १७ नं. अनुसार रू.५०,०००।- क्षतिपूर्ति भराई पाउने।

अतः उल्लिखित आधार र कारणबाट प्रतिवादी शाहजहाँ मुसलमानलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(ख)अनुसार १३ (तेह्र) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने र पीडित बिमला खनालले प्रतिवादी शाहजहाँ मुसलमानबाट रू.१,००,०००।- (एक लाख रूपैंयाँ) क्षतिपूर्तिबापत भराई लिन पाउने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७०/०२/१३ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१/०५/३० मा भएको फैसला केही उल्टी भई यी पुनरावेदक प्रतिवादीलाई ऐ.ऐनको दफा ४(२)(ख) अनुसारको मानव ओसारपसारको कसुरमा ऐ.ऐनको दफा १५(१)(ङ)(२)अनुसार १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) मात्र जरिवाना हुने र यी प्रतिवादीबाट पीडित बिमला खनालले रू.५०,०००।- (पचास हजार) मात्र क्षतिपूर्ति भराई पाउने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-१२६२, उत्प्रेषण / परमादेश, बलबहादुर विष्ट वि. भूमि सुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत

विवादित जग्गाका सम्बन्धमा सर्वोच्च अदालतबाट समेत वादी दाबी पुग्न नसक्ने ठहरी भएको फैसला सदर हुने ठहरी फैसला भई सो फैसला अन्तिम भइरहेको अवस्थामा पुन सोही जग्गाको विषयलाई लिएर रिट जारी गर्न मिल्ने नदेखिने । यो फैसला अन्तिमताको सिद्धान्तको प्रतिकूल हुन जाने ।

सक्षम न्यायिक निकायबाट फैसला भई अन्तिम भइरहेको अवस्थामा पुनः सोही विषयलाई लिएर अदालत प्रवेश गर्नु र अदालतले पनि त्यस्तो विषयलाई बारम्बार निरूपण गर्दै जाने हो भने पहिले भएको फैसलाको कुनै अर्थ रहँदैन । यसले न्यायिक निकायको आधिकारिकताको विषयमा पनि प्रश्न चिह्न खडा हुन जाने ।

फिराद पत्र भन्नाले एक पटक मुद्दा परी विवादको निरूपण भइसकेको विषयवस्तुलाई लिएर पुनः फिराद, उजुरी वा रिट वा अन्य कुनै माध्यमबाट अदालत प्रवेश गर्न नमिल्ने भन्ने अर्थ हुन्छ । तसर्थ प्रस्तुत विवादका रूपमा पुनरावेदक / निवेदकले उठाएको विषयवस्तुका सम्बन्धमा पहिला यस अदालतबाट समेत फैसला भई यस जग्गालाई ऐलानी सार्वजनिक भनी यी पुनरावेदक वादीको दाबी पुग्न नसक्ने ठहर्‍याई फैसला भई अन्तिम अवस्थामा रहे भएको देखिएकोले पुनः रिटमार्फत पुनरावेदन अदालतमा प्रवेश गरी पुनरावेदन अदालतको निर्णयउपर यस अदालतमा पुनरावेदन गरेको मिलेको देखिन आउँदैन । रिट खारेज हुने ठहरी पुनरावेदन अदालतबाट भएको आदेश मिलेकै देखिन आउने ।

अतः उपर्युक्त विवेचित आधार कारणहरूबाट यसमा पुनरावेदन जिकिरअनुसार उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्थाको विद्यमानता नहुँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०/१२/१२ मा भएको आदेश मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CI-०१६४, उत्प्रेषण / परमादेश, जनक

बस्नेत वि. हरिकुमार श्रेष्ठसमेत

पुनरावेदकले कर्जा रकमको कुनै सीमा नतोकी धितो सुरक्षण दिएको र सम्पूर्ण कर्जा रकमका लागि नै व्यक्तिगत जमानीसमेत लेखी दिनुभएकोले उक्त सम्पूर्ण कर्जा रकमको साँवा ब्याज तिर्ने बुझाउने दायित्वबाट निजलाई पूर्ण वा आंशिक छुट दिने अवस्था रहँदैन। यस्तै यी पुनरावेदकले उक्त तेज विनायक कम्पनीको सञ्चालक पद छोडी सेयर अन्य व्यक्तिलाई हक हस्तान्तरण गरेको भने तापनि सो गर्दा माछापुच्छ्रे बैंकबाट पूर्वस्वीकृति लिएको वा धितो सुरक्षण वा व्यक्तिगत जमानीबाट उन्मुक्ति पाउने गरी अनुमति लिएको देखिँदैन । यसबाट धितो सुरक्षण र व्यक्तिगत जमानीको दायित्वबाट निजले उन्मुक्ति पाउनसक्ने भन्ने हुँदैन । लिलाम भएको निजको नामको धितो लिलाम गर्दा असुलउपर हुनुपर्ने कर्जाको सम्पूर्ण रकमभन्दा बढी भएमा मात्र बढी रकम निजले फिर्ता पाउने।

यति रकम मात्र यो धितोबाट असुल गर्ने भन्ने कुनै सर्त नभएको अवस्थामा लिलामबाट असुलउपर गर्नुपर्ने बराबरको रकम वा सोभन्दा कम रकम प्राप्त हुन आएको अवस्थामा लिलामबाट प्राप्त रकम सबै बैंकले आफ्नो कर्जाबापत लिने नै हुन्छ । त्यसैले मैले धितो सुरक्षणमा राखेको जग्गाको रू.२०,१६,०००।- मात्र मूल्याङ्कन गरिएकोमा सोको लिलामीबाट प्राप्त रू.४०,००,०००।- सबै बैंकले आफ्नो कर्जाबापत असुल गर्न मिल्दैन भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

लिलाम खण्डीकरण गरी अरूले राखेको धितो लिलाम नगरी आफ्नो नामको धितो मात्र लिलाम गरेको भनी पुनरावेदकले जिकिर लिए पनि सबै धितो लिलाममा चढाएको मिति २०७२।०३।०३ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकाको प्रतिलिपि र लिलाम हुने दिन मिति २०७२।०३।२४ मा तयार गरेको लिलामी मुचुल्काको प्रतिलिपिबाट प्रस्ट देखिन आएको छ । अरू व्यक्तिको नामको धितो लिलाम सकार कसैले नगरेको र निज जनक बस्नेतको नामको धितो मात्र राज कुमार थापाले लिलाम सकारेकोले उक्त जग्गाहरूमात्र लिलाम भएको देखिन्छ । सबै जग्गा लिलाम कबोल नभएकोमा लिलाम कबोल भएको जग्गा जतिको लिलाम कारबाहीअगाडि बढाई असुल हुनसक्ने जति कर्जा बैंकले असुल गर्नु स्वाभाविक नै हुन्छ। त्यसैले आफ्नो नामको धितो मात्र लिलाम बिक्री गरेको नमिलेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उपर्युक्त विवेचित आधार कारणबाट यी पुनरावेदकको नामको धितो सुरक्षणबापतको जग्गाको लिलाम गर्ने कार्य र लिलाम प्रक्रिया कानूनविपरीतको नदेखिएकोले रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/१२/१७ मा भएको आदेश मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १५ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-०५७८ र ०७३-RC-००५३, कर्तव्य ज्यान , नेपाल सरकार वि. दण्डमान श्रेष्ठ र नेपाल सरकार वि. जसबहादुर श्रेष्ठ

फौजदारी मुद्दामा अभियुक्तउपरको अभियोग शंकारहित तवरले पुष्टि हुनुपर्दछ । अभियोग पुष्ट्याइँको लागि वादी पक्षबाट शंकारहित प्रमाणहरू पेस गरिनुपर्नेमा प्रस्तुत मुद्दामा त्यस्ता प्रमाणहरूको अभाव रहेको छ। यी प्रत्यर्थी प्रतिवादी दण्डमान श्रेष्ठको कसुरमा संलग्नता रहेको भनी कसैले यकिनसाथ भन्न नसकेको र अन्य वस्तुगत प्रमाणबाट पनि निजको संलग्नता रहेको देखिने अवस्थाको विद्यमानता नरहेको अवस्थामा निजलाई वारदातस्थलमा लाठी समातेको अवस्थामा देखेको हुँ भनी सहप्रतिवादी खेमबहादुर श्रेष्ठले भनेको मात्र आधारमा दोषी करार गर्न मिल्दैन। तसर्थ निजले सफाइ पाउने ठहऱ्याई सुरू अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

मौकामा बुझिएका व्यक्तिहरूको भनाइ र स्वयम् सहप्रतिवादीहरूको बयान बेहोरा हेर्दा मृतक पक्ष र प्रतिवादी पक्षहरूबीच बेलाबखत कुलो पानी र बाटोको विषयलाई लिएर झगडा भइरहने हुँदा रिसइवी रहेभएको भन्ने देखिन्छ । वारदात भएको दिन पनि यी प्रतिवादी पक्षले मृतक पक्षसँग झगडा गर्न नै भनी गुहार मागी मानिस भेला जम्मा गराएको भन्ने देखिन आउँछ । यसरी मिसिल संलग्न प्रमाण कागजबाट यी प्रतिवादी दलबहादुर भन्ने जसबहादुर श्रेष्ठले गाउँको

पूर्वरिसइवी साँध्न मानिससमेत भेला जम्मा गराई मृतकको टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरी लडाएको र लडाएपछि पनि कुटपिट गर्दै आएको र सोही चोटका कारणले मृतक सुरबहादुर सुनारी मगरको मृत्यु भएको तथ्य प्रमाणित हुन आउने।

पूर्वरिसइवीसमेतका कारण मृतकलाई कुटपिट गरी मृतकको मृत्यु भएको देखिएको अवस्थामा यी प्रतिवादीको मृतकलाई मार्नेसम्मको कुनै रिसइवी नरही अकस्मात आवेशमा आई प्रहार गर्न पुगेको वा अप्रत्यासित कुनै प्रकारको भवितव्य परी वारदात हुन पुगेकोले तथा अन्य कुनै सजाय नहुने तथा सजाय कम हुने परिस्थिति तथा आधार कारणसमेत रहे भएकोसमेत देखिन आउँदैन। तसर्थ यी प्रतिवादी दलबहादुर भन्ने जसबहादुर श्रेष्ठलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादी दण्डमान श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रतिवादी दलबहादुर भन्ने जसबहादुर श्रेष्ठलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने गरी धादिङ जिल्ला अदालतबाट मिति २०६८।०२।१७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।०२।१२ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ठहर्छ । प्रतिवादी दलबहादुर भन्ने जसबहादुर श्रेष्ठको हकमा साधकसमेत सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल साउन १८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-१०२०, उत्प्रेषण, जनकसिं खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

अर्थ मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्को बैठक संख्या १२/०६१ मिति २०६१।०३।१० मा "प्रस्तावमा लेखिएबमोजिम गर्ने" भनी पारित भएको देखिन्छ । निवेदकले पारित भएको सो प्रस्तावबमोजिमको सुविधा पाउँ भनी निवेदन गरेको देखिन्छ । तर अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको कार्य सञ्चालन निर्देशिका, २०६४ (तेस्रो संस्करण) को ७.१.६ मा अस्थायी कर्मचारीको सुविधा मिति २०६१।०३।१० मा भएको निर्णयबमोजिम दिने भन्ने व्यवस्था भएको र ७.१.७ मा मिति २०६०।०६।०८ सम्म बहाल रहेका र सो मितिपछि अवकाश पाउने कर्मचारीहरूले मात्र पाउने हुँदा सो मिति भन्दा पहिले नै अवकाश पाएका कर्मचारीहरूले सो सुविधा पाउने नसक्ने भनी उल्लेख गरेको देखियो। अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको कार्य सञ्चालन निर्देशिका, २०६४ (तेस्रो संस्करण) मा भएको उक्त व्यवस्था मन्त्रिपरिषद्को बैठकको निर्णयसँग मेल खाएको देखिन आउँदैन। सरकारको निर्णय सहजीकरणका लागि मात्र निर्देशिका बनाउन सकिने हुन्छ । सरकारको निर्णयको विरूद्धमा हुने गरी निर्देशिका बनाई कर्मचारीको हितप्रतिकुल निर्देशिका जारी गर्नुलाई कानूनअनुरूपको मान्न सकिने अवस्था नरहने।

मन्त्रिपरिषद् बैठकले २०६० असोज ८ अघि श्री ५ को सरकारका कार्यालय र आयोजनामा लगातार वा पटकपटक नियुक्ति पाई अविछिन्नरूपमा कार्यरत अस्थायी कर्मचारीलाई अवकाश सुविधा दिने भनेको अवस्थामा मिति २०६०।०६।०८ सम्म बहाल रहेका र सो मितिपछि अवकाश पाउने कर्मचारीहरूले मात्र पाउने भनी अर्थ गर्न मिल्ने देखिएन। २०६०।०६।०८ गतेअघि नियुक्त भई ५ वर्षभन्दा बढी अवधि निरन्तर रूपमा कार्यरत अस्थायी कर्मचारीहरूले निर्णयबमोजिमको सुविधा पाउने देखियो। मन्त्रिषरिषद्को उक्त निर्णयको आधारमा कतिपय कर्मचारीले अवकाश सुविधा लिइसकेको मिसिल सामेल रहेको मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालयले सुर्खेत जुम्ला सडक आयोजना, सुर्खेतलाई लेखेको मिति २०६४।१२।०६ को च.नं.३५२ को पत्रसमेतबाट देखिएको छ । समान अवस्थामा रहेका अन्य कर्मचारीहरूलाई उपलब्ध गराएको सुविधाबाट यी निवेदकलाई वञ्चित गर्ने हो भने नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ र नेपालको अन्तरिम संविधानको धारा १३ ले प्रत्याभूत गरेको समानताको हक उपयोग गर्न नपाउने स्थिति सिर्जना हुन्छ। संविधानले प्रत्याभूत गरेको हकको उपभोग गराउनु

अदालतको नागरिक प्रतिको कर्तव्य हुन्छ। यस अवस्थामा समानताको हकसम्बन्धी प्रावधानको दृष्टिकोणबाट समेत निवेदकले उक्त सुविधा पाउने नै देखिने।

तसर्थ निवेदकले निवेदनमा उपदानबापत रू.१,३६,९४२।- र औषधी उपचारबापत रू.८९,०५६/- गरी रू.२,२५,९९८।- अवकाश सुविधा पाउँ भनी माग गरेको र सो रकम निकासा गरिदिन भनी भौतिक योजना तथा निर्माण मन्त्रालय, आर्थिक प्रशासन शाखाले मिति २०६७।१२।१७ को च.नं.५१८ को पत्रबाट अर्थ मन्त्रालयमा माग गरेकोसमेत देखिँदा नियमानुसार निवेदकले पाउनसक्ने रकम निवेदकलाई उपलब्ध गराई दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०७०४, किर्ते, जालसाजी, भगवती कायस्थ श्रीवास्तव वि. बुद्धु मल्लाहसमेत

पुनरावेदक वादीका नाउँको जग्गा विपक्षी प्रतिवादीहरूले किर्ते सहिछाप गरी राजीनामा लिनु दिनु गरेको भनी राजीनामा लिखतका सहिछाप विशेषज्ञबाट जाँच गराई जालसाजी घोषित गरी प्रतिवादीहरूलाई सजायसमेत गरिपाउँ भनी दाबी लिएकोमा राजीनामा लिखतमा गरिएका सहिछाप र यी पुनरावेदक वादीको सहिछापसँग मिल्छन्, मिल्दैनन् ? भिड्छन्, भिड्दैनन्? विशेषज्ञबाट जँचाई यकिन गरी प्रमाणको विवेचना गरी निष्कर्षमा पुग्नु पर्नेमा सो नगरी ने.का.प. २०६६ अंक १ नि.नं. ८०६१ मा प्रतिपादित सिद्धान्तविपरीत हदम्यादका आधारमा फिराद खारेज गर्ने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७०।११।६ को फैसला मिलेको नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट पुनरावेदक वादीले र.नं.५५०४ मिति ०४९।१२।९ को राजीनामा लिखतमा भएको सहिछाप आफ्नो नरहेको हुँदा विशेषज्ञबाट लिखत जाँच गराई यकिन गरिपाउँ भनी जिकिर लिएको अवस्था हुँदाहुँदै त्यसतर्फ प्रवेश नै नगरी सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६९।८।२८ मा गरेको खारेजी फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।११।६ को फैसला मिलेको नदेखिँदा उक्त फैसला बदर गरिदिएको छ। अब जे जो बुझ्नु पर्ने हो, बुझी ठहर इन्साफ गर्नु भनी उपस्थित पक्षहरूलाई तारेख तोकी मिसिल सुरू रूपन्देही जिल्ला अदालतमा पठाइदिने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CR-०५९१, हातहतियार खरखजाना, नेपाल सरकार वि. मोहमद इनुस अलिसमेत

प्रतिवादी बाबुलाल महतोको साथबाट कटुवा पेस्तोल थान १ गोली राउण्ड दुई र प्रतिवादी मोहमद इनुस अलिको साथबाट कटुवा पेस्तोल थान र गोली राउण्ड १ बरामद भएको अवस्था छ। यस्तो अवस्थामा पुनरावेदन अदालत जनकपुरले प्रतिवादीहरूलाई जिल्ला प्रशासन कार्यालय, धनुषाले गरेको सजाय चर्को भएको भनी तजबिजी जनही रू.७०,०००। - का दरले सजाय गरेको देखिन्छ। यसरी सजाय गर्दा प्रतिवादीहरूको अपराधको भूमिका र संलग्नतालाई दृष्टिगत गरी सजाय गरेको देखिन आउँछ। ऐनले तोकेको उपल्लो हदको सजाय नै हुनुपर्ने भन्ने कुनै आधार एवम् कारण वादी पक्षबाट पेस हुन आएको देखिँदैन। यस्तो अवस्थामा पुनरावेदन अदालतले जिल्ला प्रशासन कार्यालयबाट भएको सजाय चर्को परेको देखिई प्रतिवादीहरूलाई गरेको सजाय परिवर्तन गर्नुपर्ने नदेखिने।

हातहतियार खर खरजाना ऐन, २०१९ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधन भएको पाइन्छ। उक्त संशोधित ऐनको दफा २०(२) मा उपर्युक्त उल्लेख भएबमोजिम कसुर गर्ने व्यक्तिलाई ६ महिनादेखि १ वर्षसम्म कैद वा साठी हजारदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था देखिन्छ। प्रस्तुत संशोधनले विगतमा व्यवस्था भएको सजाय चर्को हुने देखेर नै विधायिकाले कैद सजाय घटाएको देखिन्छ। यस संशोधनको मनसायअनुसार पनि यी प्रतिवादीहरूको साथबाट बरामद भएको हतियारको मात्राअनुसार चर्को

सजाय गर्नु न्यायसम्मत हुने नदेखिने।

मोटरसाइकल सामान ओसारपसार गर्ने साधन होइन। मानिस एक ठाउँबाट अर्को ठाउँमा आवतजावत गर्ने सजिलो सवारी साधन हो। प्रतिवादीहरू मोटर साइकल चढी एक ठाउँबाट अर्को ठाउँमा गएको देखिन्छ। मोटरसाइकलमा हतियार लुकाइ ल्याएको र राखेको भन्ने देखिँदैन। प्रतिवादीहरूको सँगसाथबाट हातहतियार बरामद भएको छ। यस अवस्थामा मोटर साइकलसमेत जफत हुन्छ भन्नु पनि न्यायसंमत नहुने।

उपर्युक्त विवेचित कारणहरूबाट प्रतिवादीहरूले तत्कालको असामान्य परिस्थितिमा गरेको कसुर देखिन आएको र सुरू जिल्ला प्रशासन कार्यालयबाट ठहर भएको सजाय चर्को पर्ने देखिई पुनरावेदन अदालतबाट तजबिज सजायको मात्रा कम गर्ने गरी फैसला भएकोलाई अन्यथा भन्न सकिएन। सामान्यतया अन्यथा प्रमाणित नभएसम्म न्यायिक निकायबाट तजबिजी सजाय भएको विषय पुनरावेदनको बुँदा हुनसक्ने पनि होइन। साथै मोटर साइकलबाट हतियार बरामद भएको नभइ सवारी चढी जान प्रयोग गरेकोसम्म देखिँदा मोटरसाइकल जफत नगर्ने गरेको फैसलासमेत अन्यथा देखिएन। तसर्थ, सुरू जिल्ला प्रशासन कार्यालय धनुषाको फैसला केही उल्टी गरी प्रतिवादीहरू मोहमद इनुस अली र बाबुलाल महतोलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम तजबिजी रू.७०,०००।– का दरले जरिवाना मात्र हुने ठहराई र प्रतिवादीहरूको साथबाट बरामद भएको मोटर साइकल जफत नहुने ठहराई गरेको मिति २०६७।५।३० को पुनरावेदन अदालत जनकपुरको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०१८६, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. अकबर मियासमेत

पीडितकी आमा नुर खातुनको भनाई हेर्दा निजले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा यी दुवै प्रतिवादीलाई आरोप लगाएको देखिन्छ भने अदालतमा आई बकपत्र गर्दा प्रतिवादी अकबर मियाले अभियोग माग दाबीबमोजिम कसुर गरेको र प्रतिवादी कुदुश मियाले कसुर नगरेकोले निजउपरको जाहेरी झुट्टा हो निजलाई सजाय हुनेपर्ने होइन सफाइ पाउनुपर्ने हो भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। निज नुर खातुन पीडितकी आमा जसले प्रतिवादीलाई फिरौती रकम बुझाई पीडितलाई अपहरण मुक्त गराएको भनिएको छ निजको अनुसन्धान अधिकारीसमक्षको कागज र अदालतमा भएको बकपत्रबीच एक रूपता भएको नदेखिएकोले निजको भनाईबमोजिम प्रस्तुत वारदातको घटना घटेको हो भनी विश्वास गर्न सकिने अवस्था देखिएन। यस स्थितिमा निजको भनाइलाई प्रमाणमा लिई प्रतिवादीहरूलाई कसुरदार कायम गर्न उपयुक्त नहुने।

यिनै प्रतिवादीहरूले पीडितलाई अपहरण गरी शरीर बन्धक बनाएको भन्ने ठोस एवम् तथ्ययुक्त सबुद प्रमाण वादी नेपाल सरकारबाट पेस हुन आएको देखिएको छैन। केवल जाहेरवालाको जाहेरीको भरमा प्रतिवादीहरूउपर अभियोग लगाइएको देखिन्छ। ठोस एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा शंकाको भरमा प्रतिवादीहरूलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ। यो प्रतिवादीहरूले यसरी अपहरण गरेको, यस ठाउँमा लगी बन्धक बनाएर राखेको र यो यसलाई यति फिरौती रकम दिएको भन्ने प्रस्तुत मुद्दामा शंकारहित तबरबाट खुलेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू दुवैजना अकबर मिया र कुदुस मियाले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६७।६।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CI-०६९६, हक कायम, कृष्ण गोविन्द जोन्छे वि. प्रज्वल जोन्छे

कुनै तथ्यसँग सम्बन्ध राख्ने विषयमा साक्षी बस्नु

भनेको नै सो तथ्यको जानकारीलाई स्वीकार गरिएको मान्नु पर्ने हुन्छ । आफूले एकचोटी स्वीकार गरिसकेको कुरालाई पछि आएर आफूलाई अपायक परेको, झगडा भएको वा अन्य कुनै कारणले बाहाना झिकी अस्वीकार गर्न नमिल्ने ।

दर्ता बदर हक कायम जस्ता देवानी प्रकृतिका विवादहरूमा लिखत प्रमाणको महत्त्वपूर्ण भूमिका हुन्छ । सम्पत्तिको हकबेहकमा कसरी कसको हक कायम हुन गयो भनी हकको स्रोतको खोजी गर्दा पहिलाको लिखतभन्दा नियमानुसार गरिएको पछिको लिखतले महत्त्व पाउने ।

१९८१ सालको अंशबन्डाको लिखत पेस गरेको पाइयो । यसरी अंशबन्डाको लिखत पेस गरेपनि सोही घरको हकदार कायमा हुन आएका निजका बुबा कृष्णप्रसादले उक्त घरपछि अरूलाई हकहस्तान्तरण गर्नसक्ने नै हुन्छ । यसरी घरको केही भागपछि कायम भएको हकदारले नियमानुसार हक हस्तान्तरण गरी दिएपछि पछिल्लो लिखतबाट जसको नाममा हक हस्तान्तरण भयो सोहिले मान्यता पाउने हुन्छ । यदि पछिल्लो हक हस्तान्तरण कानूनबमोजिम नभएको वा लिखत सद्दे नभई किर्ते गरिएको भए सोहिअनुसार समयमै जिकिर लिई प्रमाणित गर्न सक्नु पर्ने ।

२०१४ सालमा राजीनामा लिएको छेडी पसल नापी हुँदाको समय २०४२ सालसम्म लामो समय भोग चलन गरेको आधारमा स्ववासी भनी उल्लेख गरेकोलाई र पछि मुद्दा पर्दाको अवस्थामा उक्त जग्गाको स्रोत खुलाउने क्रममा २०१४ सालमा राजीनामाबाट आफ्नो हकभोगमा आएको भनी भन्नुलाई अन्यथा भन्न सकिँदैन । हक बेहक छुट्याउनु पर्नेमा मुख्यतः कसको हकभोगमा कसरी आएको भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । सो सम्बन्धमा हेर्दा प्रस्तुत कि.नं. १६८ को जग्गामा बनेको घरको छेडीतला वादीका बुबा कृष्णप्रसादबाट यी प्रत्यर्थी इन्द्रप्रसाद जोन्छेले २०१४ सालमा राजीनामा पारित गरी लिएको देखिन्छ । त्यसैले प्रतिवादीउपर बिबन्धनको सिद्धान्त आकर्षित हुन्छ भन्ने वादीको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट सुरू भक्तपुर जिल्ला अदालतबाट वादी दाबीबमोजिम दर्ता बदर नहुने ठहऱ्याई मिति २०६४।२।३० मा भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६६।७।२४ को फैसला मिलेको नै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी कृष्ण गोविन्द जोन्छेको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-११५९, घर बहाल दिलाई घर खाली गरिपाऊँ, पारोदेवी दनुवार वि. सत्यदेव झा

जग्गाको स्वामित्व निज वादीको देखिएको अवस्था भएबाट अन्यथा प्रमाणित नभएसम्म सो जग्गामा रहेको घर निज स्वामित्ववाला वादीले नै बनाएको हो भनी अनुमान गर्नु पर्ने हुन्छ । यो अदालतले स्वाभाविकरूपमा गर्ने अनुमान हो । अन्यथा प्रमाणित नभएसम्म जग्गामा हक स्वामित्व जसको छ, सो जग्गामा निर्माण भएका संरचनालगायतका कुराहरू पनि उही स्वामित्ववालाको हो भनी मान्नु पर्दछ । यसरी गरिने अनुमान वा निकालिएको निष्कर्ष प्रतिकूल कसैले दाबी जिकिर लिएको छ भने सो कुराको निजैले भरपर्दो र निश्चयात्मक प्रमाण प्रस्तुत गरी आफ्नो जिकिर प्रमाणित गर्नसक्नु पर्दछ । केही व्यक्तिको मौखिक कथनका आधारमा जिकिर पुष्टि भएको सम्झन मिल्दैन । यस दृष्टिबाट विचार गर्दा वादीको कि. नं. ४०१ को जग्गामा रहेको विवादित घर प्रतिवादीले निर्माण गरी भोगचलन गरेको ठहर गर्न मिल्ने नदेखिने ।

विवादित घर र जग्गा वादीकै हक स्वामित्वको देखिएको र आफ्नो हक नै नभएको सम्पत्तिमा दाबी गरी प्रतिवादी सो घरमा बसी आएको देखिएको हुँदा सो घर प्रतिवादीले खाली गरिदिनु पर्ने नै देखिन आयो । घरको वहाल (भाडा) सम्बन्धमा सोसम्बन्धी कुनै सर्त, कवुलियत वा सम्झौता भएको नदेखिएको हुँदा वादी दाबीबमोजिम वहालतर्फको दाबी पुग्न सक्ने देखिएन । यसरी विवादित घर प्रतिवादीले बनाएको भनी ठहर नभएको हुँदा घर बनाउनेको महलको ११ नं. बमोजिमको हदम्याद नाघेको भनी असङ्गत तथ्यको आधारमा मुद्दा खारेज हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला

मनासिब नदेखिने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदन अदालत जनकपुरको मिति २०७०।८।१० को फैसला उल्टी भई वादीले प्रतिवादीबाट विवादित घर खाली गराई पाउने र घर भाडा (बहाल रकम) भराई दिन नपर्ने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६९।२।३ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी पारोदेवीले प्रतिवादीबाट घर भाडा दिलाई पाउँ भनी लिएको जिकिर सो हदसम्म पुग्न नसक्ने ।

इजलास अधिकृत / उपसचिवः मनकुमारी जिएम. वि.क.

मिति २०७३ साल कात्तिक ९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-१२६८, आयकर, प्रमुख कर प्रशासक शिशिरकुमार ढुङ्गाना वि. नेपाल लाइफ एन्स्योरेन्स क.लि.

करदाता बीमा कम्पनीले बैङ्कको मुद्दति खातामा जम्मा गरेको रकमबाट प्राप्त गरेको ब्याज रकम र अन्य ब्याज आम्दानी गरी कूल रू.२७,६१,७३१।- रकमलाई समेत खुद आयमा समावेश गरी कर निर्धारण गरेको पाइयो । उल्लिखित रकम आयकर ऐन, २०३१ को दफा १६(१) बमोजिम खुद आयमा समावेश गर्न मिल्ने अवस्थाको रकम हो भन्ने देखिन आउँदछ । यसप्रकारको ब्याज रकमलाई करदाताको आयमा समावेश गर्न नहुने कुनै उचित र मनासिब कारण मिसिलबाट खुल्न आएको नदेखिने ।

आयकर ऐन, २०३१ को दफा ३३(४) बमोजिम मिति २०६२।६।९ मा ७ दिनको सूचना दिएको देखियो । सो अवधिमा विपक्षी कम्पनी लिमिटेडबाट कुनै पनि जवाफ तथा प्रमाण पेस हुन नआएको भन्ने मिसिल संलग्न रहेको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ बबरमहलको मिति २०६२।६।२० को करदाता लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०५७/५८ मा भएको कारोबारको खुद आय निर्धारण गर्नेसम्बन्धी निर्णय पर्चाबाट देखियो । यसरी २०६२।६।९ मा प्रतिवादका लागि सूचना दिएको तथ्यलाई करदाता प्रत्यर्थी स्वयम्ले अन्यथा भन्नसकेको देखिँदैन । प्रतिवादका लागि प्रदान गरिएको समयमा प्रतिवाद नगरी अहिले आएर सोसम्बन्धी प्रश्न उठाउनु मनासिब देखिँदैन । कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरी आयकर निर्धारण गरिएको कुरालाई बेमुनासिब भन्न सकिने आधार प्रस्तुत मुद्दाको मिसिलबाट देखिन नआउने ।

अतः यसमा Interests on Fixed deposit र Other interests Income मा देखाइएको कुल रकम रू.२७,६१,७३१।– विपक्षी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको करयोग्य आम्दानी देखिँदा सो रकमलाई उक्त कम्पनीको आय मान्नु पर्ने देखियो । यसप्रकारको रकमलाई आयकर ऐन, २०३१ को दफा १६(१)(क) बमोजिम आय मान्नु पर्ने भएको हुँदा आयतर्फ समावेश गर्ने गरी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ काठमाडौंको मिति २०६२।२।२० को निर्णय मनासिब देखियो । यसरी कानूनबमोजिम भएको निर्णय उल्टी गरी स्वयम् कर निर्धारण विवरणले मान्यता पाउने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६६।५।८ को फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई ब्याजतर्फ प्राप्त गरेको करदाता प्रत्यर्थीको रू.२७,६१,७३१।- आयतर्फ समावेश भई तदनुसार कर निर्धारण हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-०७७२, उत्प्रेषण / परमादेश, असलम अलि वि. भूमिसुधार कार्यालय, पर्सा वीरगञ्जसमेत

निवेदक पक्ष आफैँ मुद्दाको कारवाहीमा निरन्तररूपमा सहभागी भई रोहबरमा रहेको अवस्थामा मुलुकी ऐन, अ.बं.११० नं. बमोजिम म्याद जारी गर्ने भन्ने प्रसङ्ग नै हुँदैन । यसबाट निवेदकलाई बुझिएन वा आफ्नो कुरा भन्न दिएन भनी मान्न मिल्ने देखिएन । यसका अलावा भूमिसुधार कार्यालयको निर्णयमा यो कानूनले निर्धारण गरेको यो यो प्रक्रिया वा यो यो कानूनी व्यवस्थाको विपरीत निर्णय भएको भन्ने पुस्ट्याँई हुने गरी स्पष्टरूपमा निवेदन जिकिर लिन सकेको समेत देखिएन । कानूनअनुसार पाउनुपर्ने आफ्नो हकहिस्सामा असर परेको भन्नेसमेत

नदेखिने।

मिति २०७३।७।२४ मा भूमिसुधार कार्यालय, पर्साबाट जग्गाको भौतिक स्थिति र नक्सासमेतको आधारमा मोही र जग्गाधनी दुवैथरीलाई मर्का नपर्ने र नरमगरमसमेत मिल्ने हुँदा भन्ने बेहोरा उल्लेख गरी निर्णय भएको पाइयो। यसरी नक्सासमेतको अध्ययन गरी दुवै थरीलाई मर्का नपर्ने र नरमगरमसमेत मिलाई विवादित जग्गाको दक्षिणतर्फबाट कित्ताकाट गरी आधा आधा जग्गा बाँडफाँड गर्ने गरी भएको भूमिसुधार कार्यालय, पर्सा वीरगञ्जको निर्णयमा कुनै कानूनी त्रुटि रहेकोसमेत नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट निवेदक स्वयम् मुद्दाको कारवाही र पैरवीमा सहभागी भइरहेको र भूमिसुधार कार्यालय, पर्साको निर्णयमा कुनै त्रुटि रहेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

२

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-११२३, उत्प्रेषण / परमादेश, डा.खगेन्द्रराज देवकोटा वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत

निवेदक ४० वर्षको उमेर नकाट्दैको अवस्थामा करारमा प्रवेश गरेको नभई ४० वर्षको उमेर नाघिसकेपछी मात्र करारमा नियुक्ति लिई काम गरेको देखिएको छ। यदि ४० वर्षको उमेर नाघी करारमा प्रवेश गरेको व्यक्तिलाई खुला प्रतियोगितामा समावेश हुन दिने हो भने ४० वर्ष उमेर ननाघेका अन्य उम्मेदवारको अधिकारमा अप्रत्यक्षरूपले हस्तक्षेप हुन जाने र अप्रत्यक्ष रूपमा ४० वर्ष उमेर नाघेको व्यक्तिको लागि पनि स्थायी नियुक्तिको ढोका खुल्ने अवस्थासमेत देखिने।

वि.पि. मेमोरियल क्यान्सर अस्पताल संगठित संस्था रहेकोमा विवाद देखिँदैन। यस्तो संगठित संस्थाको कर्मचारीको सेवा सर्तसम्बन्धी विषयमा उम्मेदवारको उमेरको व्यवस्थासमेत पर्न आउने हुन्छ। यसरी लोक सेवा आयोगले सञ्चालन गर्ने लिखित परीक्षाका उम्मेदवारहरूको उमेरको योग्यता, योग्यताक्रमको आधार, समावेशिता जस्ता आधारभूत कुराहरूमा उपर्युक्त संवैधानिक व्यवस्थाअनुसार परामर्श दिन पाउने नै देखियो। अतः लोक सेवा आयोगको मिति २०७३।१२।२५ को निर्णय र सो निर्णयको आधारमा गरिएको पत्राचार संविधान र कानूनसम्मत नै देखिँदा बदर गर्नुपर्ने अवस्था नदेखिने।

वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, कर्मचारी प्रशासनसम्बन्धी नियमावली, २०६६ को नियम २९ मा करार सेवामा नियुक्तिसम्बन्धी व्यवस्था रहेको छ। जसमा कुनै चिकित्सक नर्सिङ वा अन्य कुनै प्राविधिक कर्मचारीको रिक्त पद तत्काल पूर्ति हुन नसकेको कारणले अस्पतालको सेवा प्रवाहमा असर पर्ने भएमा कार्यकारी निर्देशकले यस्तो रिक्त पदमा बढीमा एक वर्षसम्म करार सेवामा नियुक्ति गरी काममा लगाउन सक्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी नियमावलीको नियम ३१ मा करारमा रहेका कर्मचारीसम्बन्धी विशेष व्यवस्था गरेको देखिन्छ। जसमा यो नियमावली प्रारम्भ हुँदाका बखत अस्पतालको सेवामा दुई वर्ष वा सोभन्दा बढी अविछिन्नरूपमा काम गरिरहेका कर्मचारीलाई यो नियमावली प्रारम्भ भएपछि एक पटकको लागि विशेष प्रतियोगिताद्वारा स्थायी नियुक्तिको लागि अवसर दिइनेछ भन्ने व्यवस्था रहेको पनि पाइन्छ। यसरी नियमावलीको उक्त व्यवस्थानुसार यी निवेदकलाई नियम २९ को अवस्थामा करारमा लिन सकिनेसम्म देखियो। नियम ३१ को व्यवस्थाअनुसार यी निवेदक नियमावली लागू हुँदाको बखत अर्थात् २०६६ सालमा नियुक्त भएको नभई २०७०।१०।२ मा करारमा नियुक्त भएको देखिँदा नियम ३१ निजको हकमा लागू हुनसक्ने देखिएन। मुख्य कुरा ४० वर्ष उमेर नाघिसकेको व्यक्ति अस्पतालको सेवामा प्रवेश गरेको कारण नियम १९(ग) को सुविधा निजले पाउँछ भन्न सकिने स्थिति नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट सूचनामा उल्लेख भएभन्दा फरक उमेर हदका उम्मेदवारहरूको दरखास्त रद्द गर्न सम्बन्धित निकायलाई निर्देशन दिने भनी भएको मिति २०७३।१२।२५ को लोक सेवा आयोगको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल भदौ २५ गते रोज शुभम्।